सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ फागुन २०८०, मंगलबार (20 Feb 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

चार वर्षपछिको मुद्दामा कांग्रेसभित्र अहिले नै तनाव

मध्यमार्गी सहमति खोज्ने वा हलमा दुई प्रस्ताव लैजाने विकल्पमा राति अबेरसम्म छलफल, आज प्रतिवेदन पेस हुँदै



गोदावरीमा सोमबारदेखि सुरु भएको कांग्रेस महासमिति बैठक । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ उपसभापति धनराज गुरुङको प्रस्ताव- वडाध्यक्षदेखि मन्त्री भएकाहरूसम्मको सम्पत्ति छानबिन गर्ने निर्णय गरौं

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

०८४ को निर्वाचनमा एक्लै लड्ने वा गठबन्धनको विकल्प खुला राख्ने भन्ने विषयमा सत्तारूढ दल कांग्रेसभित्र गम्भीर मतभेद देखिएको छ । महासमिति बैठकका लागि महामन्त्री गगन थापाले आगामी निर्वाचनमा एक्लै लड्ने गरी तयार पारेको प्रस्तावमा सभापति शेरबहादुर देउवाले असहमति जनाएका छन् ।

मध्यमार्गी सहमति खोज्ने वा हलमा दुई प्रस्ताव पेस गर्ने भन्ने विकल्पमा सोमबार राति छलफल भएको थियो, जसमा सभापति देउवा लचक देखिएको दाबी थापानिकट नेताहरूको छ । तर, देउवा पक्षले यसको पुष्टि गरेको छैन । गठबन्धन रणनीतिक विषय भएकाले त्यसवेलाको शक्ति सन्तुलनका आधारमा निर्णय लिनुपर्ने देउवाको भनाइ छ ।

महामन्त्री थापाको प्रस्तावमा सभापति देउवाले सहमति नजनाएपछि सोमबार सुरु भएको कांग्रेस महासमिति बैठकमा प्रस्तावहरू पेस हुन सकेनन् । प्रस्तावमा सहमति जुटाउन महासमिति बैठकअघि पदाधिकारीबीच छलफल भए पनि दुवै पक्षका आ-आफ्ना अडानले सम्भव भएन । देउवाले रणनीतिक विषय भएकाले गठबन्धन नै नगर्ने प्रस्ताव हटाउन भनेका छन् ।

महासमिति बैठकका लागि महामन्त्री थापाले तयार पारेको सांगठनिक प्रस्तावमा आगामी 'निर्वाचनबाट

» पृष्ठ २ मा क्रमशः

महामन्त्री थापा र सभापति देउवाका आ-आफ्नै तर्क

● **महामन्त्री गगन थापाको प्रस्ताव-**



हाम्रो निर्वाचन प्रणालीको सीमाले गर्दा कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा निर्वाचनपछाडि निश्चित साझा नीति तथा कार्यक्रम बनाएर सरकार सञ्चालनका लागि तालमेल गर्ने कुरा स्वाभाविक हुन सक्छ, तर निर्वाचनपूर्वको गठबन्धन-संस्कृति लोकतन्त्रमा नियमित राजनीतिक अवस्था नभएर एउटा बाध्यात्मक परिस्थितिको उपज थियो भन्ने कुरालाई मनन गर्दै हामी संकल्प गर्छौं कि नेपाली कांग्रेसले भविष्यमा हुने आवधिक निर्वाचनहरूमा निर्वाचनपूर्व गठबन्धन (प्रिइलेक्सन एलायन्स) गरेर अब कहिल्यै आफ्ना मतदातालाई अन्य कुनै दलको चुनाव चिह्नमा मत हाल्ने अवस्था सिर्जना गर्नेछैन ।

● **सभापति शेरबहादुर देउवाको असन्तुष्टि**



आगामी निर्वाचनमा गठबन्धनबारे अहिले नै प्रस्तावमा केही नलेखौं । चुनाव आउन अझै केही वर्ष बाँकी नै छ । भविष्यमा राजनीतिक गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय तत्कालीन परिस्थितिमा निर्भर हुन्छ । गठबन्धनको औचित्य र सान्दर्भिकतालगायतका विषयमा ठोस मूल्यांकन र छलफल गरी त्यसै वेलामा उचित निर्णय लिन सक्नेछ । यो पार्टीको रणनीतिक विषय हो, अहिलेदेखि भन्ने मसला होइन । विधानले कांग्रेसको आन्तरिक लोकतन्त्र बलियो बनाएको छ । पार्टीमा समानुपातिक प्रतिनिधित्व भएको छ । पार्टीलाई सांगठनिक रूपले थप सबल बनाउन विधानमा संशोधनबारे आवश्यक छलफल गर्न सकिन्छ ।

● **थापाको अडान**

मेरो प्रस्तावको मूल सार नै अबका निर्वाचनमा गठबन्धन गर्न हुन्न भन्ने हो । चुनावी गठबन्धनले कांग्रेसलाई क्षति गऱ्यो । हामीलाई भोट हाल्ने लाखौं मानिसको भावना र चाहनालाई पनि हामीले घात गर्न हुँदैन । कांग्रेसलाई सुधारको बाटोमा लैजान पनि हामीले अब निर्वाचनमा गठबन्धन गरेर जान हुँदैन । म गठबन्धनका लागि तयार छैन ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

राजधानी पुग्दै मिटरब्याजपीडित

२२ दिनअघि सुदूरपूर्वको काँकडभिट्टा र सुदूरपश्चिमको गड्डाचौकीबाट 'न्याय मार्च'मा निस्किएका मिटरब्याजपीडित निर्णायक आन्दोलनका लागि काठमाडौं पुग्दै

■ कदम काठमाडौंतिर

धादिङमा **अर्जुन श्रेष्ठ**

पूर्वी सिमाना काँकडभिट्टास्थित मेची पुल र पश्चिममा कञ्चनपुरको गड्डाचौकीबाट २२ दिनअघि 'न्याय मार्च'मा निस्किएका मिटरब्याजपीडित टोली सोमबार धादिङको पिपलटार आइपुगेका छन् । राजधानी काठमाडौंमा केन्द्रित भएर आन्दोलन गर्न मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिको नेतृत्वमा दुई टोली १६ माघमा हिँडेका थिए ।

१५ दिनमा काठमाडौं पुगेर निर्णायक आन्दोलन गर्ने भनिए पनि लामो हिँडाइका कारण गन्तव्यसम्मको यात्रा लम्बिएको छ । दुई दिनपछि मात्रै काठमाडौं पुग्ने उनीहरूले जनाएका छन् । मिटरब्याजपीडितहरू सार्वजनिक स्थलमा वास बस्ने, खाना पकाएर खाने गर्दै निकै सकसपूर्ण रूपमा अघि बढिरहेका छन् ।

> २८ हजारमध्ये पाँच हजार १८८ उजुरीमा मिलापत्र

सरकारले मिटरब्याजपीडित जाँचबुझ आयोग बनाए पनि अझै ३० हजार पीडितको समस्या नसुल्झिँदा आफूहरू न्यायका लागि यात्रा गरिरहेको मिटरब्याजपीडित तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका प्रवक्ता निर्ग नवीनले बताए । न्याय खोज्न हिँडेका पीडितहरू तराईका २० र भित्री मधेशका आठ गरी २८ जिल्लाका छन् । मिटरब्याजी साहुकार र लघुवित्तले जग्गा-जमिन नै लिलाम गर्ने अवस्था आएकाले न्याय माग्न काठमाडौं हिँडेको नवीनले बताए ।

लत्ताकपडा र झोला भिरेर सयौं किलोमिटरको राजमार्गमा पैदल यात्रा गरिरहेका पीडितहरू माग पूरा नभएसम्म घर नफर्किने अठोटसहित राजधानीतिर लम्किँदै छन् । सरकारले तीन वर्षदेखि आश्वासन दिए पनि माग पूरा नगरेको सर्लाहीका ६६ वर्षीया इन्द्रदेवी लोहारको गुनासो छ । 'जग्गा-जमिन लिलामी हुने भइहाल्यो, जसरी पनि घरबारविहीन नै हो,' उनले भनिन्, 'माग

» पृष्ठ २ मा क्रमशः



मिटरब्याजपीडितको मार्च सोमबार पृथ्वी राजमार्गअन्तर्गत धादिङको मलेखुनजिकै

मिटरब्याजपीडितका माग

- मिटरब्याजसँग सम्बन्धित सम्पूर्ण फर्जी लिखतहरू अवैध घोषणा गरी जुनसुकै तहमा भएको पीडितको सम्पत्तिको हक हस्तान्तरण बदर गरी पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने
- मिटरब्याज अपराधसम्बन्धी शक्तिशाली कानुन निर्माण गरी पूर्ण अधिकारसहितको अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्नुपर्ने
- अदालतमा मिटरब्याजी साहुकारले पीडितमाथि दर्ता गरेको मुद्दा र सम्पूर्ण अदालती प्रक्रिया स्थगित गर्ने तथा फैसला भइसकेका मुद्दा आयोगमा खिचाई पुनरावलोकन गरी फर्जी लिखतका आधारमा सजाय कटाइरहेका पीडितको स-सम्मान रिहाइ, जरिवाना मिनाहा र बिगो खारेज गर्नुपर्ने
- मिटरब्याजी साहुकारका कारण भएको आत्महत्या दुरुत्साहन, दुर्व्यवहार, महिलामाथि हुने ज्यादती तथा यौन हिंसा र मानव अधिकार उल्लंघनका अन्य घटनाको छानबिन गरी हदैसम्मको कारबाही गर्नुपर्ने र पीडित तथा मृतकका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने

क्यान्सरपीडितको छैन यकिन तथ्यांक

स्वास्थ्य अनुसन्धान परिषद्ले ०७४ देखि नौ जिल्लामा सुरु गरेको 'क्यान्सर रजिस्ट्री' पनि प्रभावहीन बन्दै

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र





अदालत पुग्छन् दैनिक चेक बाउन्सका मात्रै ३५ मुद्दा

● **भूपेन्द्र खत्री**, प्रमुख, काठमाडौं जिल्ला प्रहरी परिसर



काठमाडौंमा मात्र चेक बाउन्सका दैनिक करिब ५० उजुरी आउँछन्, सकेसम्म मिलापत्र गर्ने प्रयास गर्छौं, मिलापत्र नभए मात्र मुद्दा दायर हुन्छ । चेक बाउन्स गराएर थुनाउने र पैसा उठाउन खोज्ने प्रवृत्ति छ । यो लेनदेनको विषय भएकाले प्रहरीले अनुसन्धान गर्ने होइन, देवानी कसुरतर्फ लैजानुपर्छ ।

नयाँ पत्रिका


आर्थिक मन्दीसँगै चेक बाउन्ससम्बन्धी अपराध पनि बढेको छ । प्रहरीले औसतमा दैनिक चेक बाउन्ससम्बन्धी ३५ मुद्दा अदालतमा दर्ता गर्दै आएको छ । अत्यधिक चापका कारण धेरै उजुरी प्रहरी कार्यालयमा 'पेन्डिङ'मा छन् ।

चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा चेक बाउन्सका ६ हजार

» पृष्ठ २ मा क्रमशः

■ १३ प्रतिशतले बढ्यो अपराध

(०७९/८० पुससम्म र ०८०/८१ पुससम्मको तुलना)



अघिल्लो आर्थिक वर्षको सुरुका ६ महिनामा प्रहरीमा १७ हजार २२९ अपराध दर्ता भएकामा चालू वर्षको सोही अवधिमा १९ हजार ५२२ अपराध दर्ता भएका छन्, जुन १३ प्रतिशतले बढी हो । प्रहरी प्रवक्ता डिआइजी भिमप्रसाद ढकालले भने, 'चेक बाउन्स, साइबर अपराधलगायत नयाँ किसिमका अपराध बढेकाले संख्या धेरै देखिएको हो ।' हत्या, लागुऔषध, चोरी-डकैती, बलात्कारजस्ता मुद्दा पनि प्रहरीमा बढेका छन् ।

अदालत पुग्छन्...

पृष्ठ १ बाट क्रमशः

एक सय ८३ मुद्दा प्रहरीले अदालतमा दर्ता गरेको छ। यो गत साउनदेखि पुस मसान्तसम्मको तथ्यांक हो। प्रहरी प्रधान कार्यालयका अनुसार अघिल्लो आर्थिक वर्षको यही अवधिमा प्रहरीले यससम्बन्धी चार हजार नौ सय ६१ मुद्दा दायर गरेको थियो। यो वर्ष चेक बाउन्स २४ प्रतिशतले बढेको छ।

व्यापारिक कारोबार तथा लेनदेनसम्बन्धी कारोबार दिइएका चेक खातामा पैसा नभई बाउन्स हुने गरेका उजुरी प्रहरीमा धेरै परेका छन्। काठमाडौंसहितका केही जिल्लामा चेक बाउन्सका अत्यधिक चापका कारण प्रहरीले सयौं उजुरी पेन्डिङमा राखेर अनुसन्धान र अभियोजन गर्दै आएको छ। चेक बाउन्समा यो वर्ष निर्माण व्यवसायीदेखि पूर्वमन्त्रीसम्म पक्राउ परेका छन्।

प्रहरीमा चाप कति बढेको छ भने जिल्ला प्रहरी परिसर, काठमाडौंमा मात्र दैनिक करिब ५० उजुरी दर्ता हुन्छन्। त्यसमध्ये कतिपय शंकास्पद देखिएकामा प्रहरीले अनुसन्धान गर्दैन। केहीमा मिलापत्र हुने र प्राथमिकताका कारण मुद्दा दायर हुने गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्री बताउँछन्। चेक बाउन्ससम्बन्धी उजुरीको चापले प्रहरीको नियमित कारबाहीलाई समेत असर गरेको उनको भनाइ छ। 'चेक बाउन्स गराएर थुनाउने र पैसा उठाउन खोज्ने प्रवृत्ति छ,' उनले भने, 'लेनदेनको विषय भएकाले यसमा प्रहरीले हेर्ने होइन, चेक बाउन्स देवानी मुद्दा बनाउनुपर्छ।'

चेक बाउन्सका उजुरी बढ्नुको एउटा कारण पछिल्लो आर्थिक मन्दी पनि प्रमुख देखिएको काठमाडौं परिसरका एक अधिकृत बताउँछन्। व्यापार खस्किएपछि कारोबार मिलाउन नसक्दा चेक बाउन्स भएको यस मुद्दामा पक्राउ परेका आरोपीले बताउने गरेका छन्। सरकारले ठेक्काको भुक्तानी नदिँदा चेक बाउन्समा परेको निर्माण व्यवसायीको गुनासो हुने गरेको छ। सहकारीहरूले समेत चेक धितो लिएर ऋण लगाउने र ऋण नतिरेपछि चेक बाउन्स गराएर प्रहरीमा उजुरी गर्ने गरेका छन्।

चेक बाउन्समा सर्वसाधारणले विनिमय अधिकारपत्र ऐन, २०३४ अनुसार सीधै अदालतमा मुद्दा दायर गर्न सक्छन्। तर, थुनाएरै पैसा उठाउन धेरै प्रहरीमा जाने गरेका छन्। जसले गर्दा प्रहरीमा चाप बढेको छ। यससम्बन्धी मुद्दा बढेपछि सरकारले मुद्दाको सुरु कारबाही र किनारा लगाउने क्षेत्राधिकार जिल्ला अदालतलाई तोकेको छ। यो निर्णयले उच्च सरकारी वकिल कार्यालयको कामको चाप घटेको छ भने जिल्ला सरकारी वकिल कार्यालयको भने बढेको छ। सरकारी वकिल तथा अदालतमा समेत यस्ता मुद्दा मिलापत्र हुन सक्ने कानुनी प्रावधान छ।

सरकारमाथि दबाब बढाउँदै एमाले

सदनमा मन्त्रीहरूको राजीनामा माग, केन्द्रीय कमिटीमा आन्दोलनको एजेन्डा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

सरकारमाथि दबाब बनाउन एमालेले सडक र सदन दुवैतिरबाट दबाब बढाउने रणनीति लिएको छ। आइतबार सदनमा मन्त्रीहरूको राजीनामा मागेको एमालेले मंगलबारका लागि तय भएको केन्द्रीय कमिटीमा आन्दोलनलाई पनि एजेन्डा बनाउँदै छ। गठबन्धन सरकार देशको नेतृत्व गर्न असफल बनेको एमालेको निष्कर्ष छ। तर, विपक्षी दलहरूले एमालेको आन्दोलनलाई सरकारबाहिर हुँदाको छटपटी भनेर व्याख्या गर्दै आएका छन्।

आइतबार संसद्मा तीन मन्त्रीको राजीनामा मागेर सरकारमाथि संसद्मा दबाब बढाउँदै जाने सन्देश दिएको दुई दिनपछि एमालेले सडक-संघर्षका कार्यक्रम बनाउने गरी केन्द्रीय कमिटीमा औपचारिक छलफल गर्दै छ। 'जनपरिचालन र जनदबाबका एजेन्डाहरू' कार्यसूची बैठकका एजेन्डा रहेको एमाले स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए। 'सरकारमाथि व्यापक दबाब बढाउने गरी जनपरिचालन र जनदबाबका कार्यक्रम सञ्चालन गर्ने गरी केन्द्रीय कमिटीबाट कार्यक्रम ल्याउँछौं,' गौतमले नयाँ पत्रिकासँग भने, 'जिल्ला र प्रदेश स्तरमा गरिने कार्यक्रमको मोडालिटी टुंगो लागिसकेको छैन, तर प्रस्तावमाथि केन्द्रीय सदस्यको सुझाव समेटेर कार्यक्रम आउनेछन्।'

आइतबारको संसद् बैठकमा एमाले सचेतक महेश बर्तौलाले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र संस्कृति, पर्यटनमन्त्री सुदन किराँतीको राजीनामा मागेका थिए। बस्नेतले टेरामक्स खरिद अनियमितता प्रकरणमा अख्तियार दुरुपयोग



अनुसन्धान आयोगमा बयान दिइरहेको, ज्वाला बालकुमारी गोलीकाण्डको घटनामा सरकारले गठन गरेको छानबिन समितिबाटै दोषी ठहर भएको तथा किराँती लुम्बिनी विकास कोषमा उपाध्यक्ष नियुक्तिलगायतका विषयमा भ्रष्टाचारमा मुछिएको एमालेको आरोप छ। उनीहरूको राजीनामा नआए संसद् चल्न नदिने एमालेको चेतावनी छ।

बिहीबारसम्म पार्टी केन्द्रीय कार्यालय च्यासलमा बस्ने केन्द्रीय कमिटी बैठकका लागि ३ फागुनमा बसेको केन्द्रीय सचिवालय बैठकका लागि ६ वटा एजेन्डा तय गरेको छ। बैठकमा अध्यक्षको सम्बोधन, समग्र सांगठनिक कामको समीक्षा प्रतिवेदन, शुद्धीकरण तथा सुदृढीकरण कार्यक्रमको अवधारणा, जनआधारित कार्यकर्ता पार्टी निर्माणमा देखिएका समस्या समाधानका उपाय, जनपरिचालन र जनदबाबका एजेन्डा तथा समसामयिक प्रस्तावमाथि छलफल हुने एमालेले जनाएको छ।

१ पुसमा सम्पन्न झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्राबाट आएका सुझाव समेटेर बुझाएको ध्यानाकर्षणपत्रलाई पनि एमालेले सरकारमाथि दबाब खडा गर्ने अस्त्रका रूपमा अगाडि बढाएको छ। २ फागुनमा मुख्यसचिव र मन्त्रालयका सचिवहरूलाई राखेर एमाले नेतृत्वले सरकारलाई बुझाएको ध्यानाकर्षणपत्रका बुँदाहरूमा समेटिएका माग सम्बोधन हुने गरी नीति कार्यक्रम र बजेट ल्याउने काममा सहयोगी भूमिका खेल्न आग्रह गरेको थियो।

उपाध्यक्ष विष्णु पौडेल, प्रमुख सचेतक पदम गिरी, सचेतक महेश बर्तौलासहितको एमाले प्रतिनिधिमण्डलले त्यस्तो ध्यानाकर्षण गराएको विषयमा सरकार गम्भीर नबने प्रदेश र जिल्ला तहमा दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने एमालेले यसअघि नै घोषणा गरिसकेको छ। ९ माघमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई बुझाएको ध्यानाकर्षणपत्रमा समेत सम्बोधन नभए दबाबकारी कार्यक्रम गर्ने चेतावनी दिइएको छ।

प्रचार विभाग प्रमुख गौतमले पनि मध्यपहाडका समस्याका सवालमा सरकारलाई जनताको मुद्दामा गम्भीर रूपले सोचेर सम्बोधनका लागि आग्रह गरिसकेकाले पार्टीले थप मुद्दाहरूसमेत समेटेर दबाबमूलक कार्यक्रम ल्याउन लागेको बताए। 'संकल्प यात्राको ठूलो सहभागिताले जनता कसको पक्षमा छन् भन्ने प्रस्ट सन्देश दिएको छ, अब जनपरिचालन र जनदबाबबाट जनताको मुद्दा सम्बोधन गर्ने गरी नै अगाडि बढ्छौं,' उनले भने, 'हिजो विकासको मुद्दा उठायौं, अब सरकारको असफलताबारे संसद्मा रचनात्मक, सकारात्मक र निर्णायक ढंगले उठाउँछौं। त्यति गर्दा पनि सरकारले जनताले अनुभूति गर्ने गरी सेवा प्रवाह गर्न सकेन भने हामी सबै तहमा आन्दोलन चलाउने गरी सडकमा आउँछौं।'

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/११/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

१. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुरमा मिति २०७२/०९/१९ मा प्रा.फ.र.नं. ५६५७/३४६/२०७२/०७३ दर्ता कायम भई आन्तरीक राजस्व कार्यालय हेटौंडाबाट मिति २०७२/०९/२० मा स्थायी लेखा नं. (पान नं.) ३०३७८९३९५ प्राप्त मकवानपुर जिल्ला, बकैया गा.पा वडा नं. ०३, हात्तिसुडे स्थित रजिष्टर्ड कार्यालय रहेको **घिमिरे सप्लायर्स प्रोप्राईटर - कृष्ण घिमिरे**	१. **अर्जुन कुमार क्षेत्री**को नाममा मालपोत कार्यालय, परासी नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला माकर गा.बि.स., वडा नं.९/घ स्थित कित्ता नं.४७० को क्षे.फ. ०-१-०-० (बि.क.धु) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. ऋणी **घिमिरे सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

३. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **घिमिरे सप्लायर्स** कायम भएको तपसिलको सवारी साधन:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
Pradesh 2-03-001 Kha 1363	MAT457060K7R23192	497TC44NPY835559	TATA vehicle LPT 1109/42	यातायात व्यवस्था कार्यलय मधेश प्रदेश

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. **कृष्ण घिमिरे**
ना.प्र.नं.: ३१३००५/२३०
जारी मिति: २०६३/११/२३, जि.प्र.का. मकवानपुर
बाबु: दिलिप शर्मा
बाजे: ऋषि प्रसाद घिमिरे
स्थायी ठेगाना: मकवानपुर जिल्ला, छतिवन गा.वि.स., वडा नं. ०३
हालको ठेगाना: बकैया गा.पा. वडा नं. ०३, हातिसुड, मकवानपुर

२. **सावित्री देवी घिमिरे**
ना.प्र.नं.: २२१
जारी मिति: २०४६/१२/१३, जि.प्र.का. मकवानपुर
बाबु: जिवनाथ दहाल
बाजे: उमाकान्त दहाल
स्थायी ठेगाना: मकवानपुर जिल्ला, छतिवन गा.वि.स, वडा नं.०३,
हालको ठेगाना: बकैया गा.पा. वडा नं. ०३, हातिसुड, मकवानपुर

३. **दिलिप शर्मा**
ना.प्र.नं.: २७५११
जारी मिति: २०४३/११/०६, जि.प्र.का. ललितपुर
बाबु: ऋषि प्रसाद घिमिरे
बाजे: प्रेमानन्द घिमिरे
स्थायी ठेगाना: ललितपुर जिल्ला, प्युटार गा.वि.स., वडा नं. ०७
हालको ठेगाना: बकैया गा.पा. वडा नं. ०३, हातिसुड, मकवानपुर

४. **पुजा बिडारी**
ना.प्र.नं.: ३१-०१-७१-०८५८२
जारी मिति: २०७१/०९/०२, जि.प्र.का. ललितपुर
बाबु: केशव प्रसाद बिडारी
बाजे: हरी प्रसाद बिडारी
स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उमा न.पा वडा नं. ११
हालको ठेगाना: बकैया गा.पा. वडा नं. ०३, हातिसुड, मकवानपुर

२. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०१/२५ मा दर्ता नं.१६८२९२/७३/०७४ कायम भई दर्ता रहेको आन्तरीक राजश्व कार्यालय हेटौंडा मकवानपुरबाट स्थायी लेखा नं. (पान नं.) ६०५९५३४७७ प्राप्त मकवानपुर जिल्ला, हेटौडा उप.म.न.पा. वडा नं.२ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री आचार्य ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि. सञ्चालक अध्यक्ष - नवराज आचार्य**	१. **नवराज आचार्य**को नाममा मालपोत कार्यालय, हेटौंडा मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. ३ स्थित कित्ता नं. ९०५को क्षे.फ.०-०-१६ (वि.क.धु.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. **दीपक आचार्य**को नाममा मालपोत कार्यालय, हेटौंडा मकवानपुरमा दर्ता कायम रहेका मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. ३ स्थित कित्ता नं. ९०६ को क्षे.फ. ०-०-१६(वि.क.धु.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ३. ऋणी **आचार्य ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. **नवराज आचार्य**
ना.प्र.नं.: ९/११६०
जारी मिति: २०५८/०१/२१, जि.प्र.का. मकवानपुर
बाबु: राम बहादुर आचार्य
बाजे: हर्क बहादुर आचार्य
स्थायी ठेगाना: मकवानपुर जिल्ला, हटिया गा.वि.स., वडा नं. ०५
हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा, वडा नं. १७

२. **चण्डिका ढकाल**
ना.प्र.नं.: ३१२९/२०८९७
जारी मिति: २०६१/१२/११, जि.प्र.का. मकवानपुर
बाबु: हेम बहादुर ढकाल
बाजे: बलराम ढकाल
स्थायी ठेगाना: मकवानपुर जिल्ला, बसामाडी गा.वि.स., वडा नं. ०२
हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उमा न.पा, वडा नं. १७

३. **दीपक आचार्य**
ना.प्र.नं.: ९/९३७
जारी मिति: २०५६/११/२२, जि.प्र.का. मकवानपुर
बाबु: राम बहादुर आचार्य
बाजे: हर्क बहादुर आचार्य
स्थायी ठेगाना: मकवानपुर जिल्ला, हटिया गा.वि.स., वडा नं. ०५
हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उमा न.पा, वडा नं. १७

४. **दीलिप आचार्य**
ना.प्र.नं.: ९/१३९५
जारी मिति: २०५८/११/२०, जि.प्र.का. मकवानपुर
बाबु: बलराम आचार्य
बाजे: हर्क बहादुर आचार्य
स्थायी ठेगाना: मकवानपुर जिल्ला, हटिया गा.वि.स., वडा नं. ०५
हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उमा न.पा, वडा नं. १७

५. **प्रभा खनाल**
ना.प्र.नं.: २०/६८२
जारी मिति: २०५८/०३/१३, जि.प्र.का. मकवानपुर
बाबु: पुर्ण बहादुर खनाल
बाजे: हर्क बहादुर खनाल
स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०५
हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उमा न.पा, वडा नं. १७

६. **शुस्मा बानियाा**
ना.प्र.नं.: ३११०१४/५६३२४
जारी मिति: २०६५/१०/०२, जि.प्र.का. मकवानपुर
बाबु: केशवराज बानियाँ
बाजे: कृष्ण बहादुर बानियाँ
स्थायी ठेगाना: मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स वडा नं. ०४
हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उमा न.पा, वडा नं. १७

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

चार वर्षपछिको...

पृष्ठ १ बाट क्रमशः

गठबन्धन नगर्ने' विषय छ। तर, यसमा सभापति देउवा सहमत छैनन्। उनले महासमितिमा गठबन्धनको प्रस्ताव नलान र यसलाई रणनीतिक रूपमा लिन महामन्त्री थापालाई भनेका थिए। तर, थापा यसका लागि तयार भएनन्। मंगलबार महासमिति बैठकमा प्रस्तावहरू पेस हुने बताइएको छ।

सोमबार बिहानसमेत सभापति देउवाले महामन्त्री थापालाई मनाउने प्रयास गरेका थिए। तर, सहमति जुट्न नसकेपछि महासमिति बैठकको पहिलो दिन उद्घाटनमै सीमित रह्यो। गत निर्वाचनमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीलगायतका दलले चुनावी गठबन्धन गरेका थिए। त्यसैका आधारमा अहिले गठबन्धन सरकार छ।

महासमिति बैठकको उद्घाटनमा सभापति देउवाले तत्कालीन परिस्थितिका आधारमा गठबन्धनबारे निर्णय लिन सकिने बताए। विद्यमान निर्वाचन प्रणालीमा एकल बहुमत सम्भव नभएकाले गठबन्धनको विकल्प नरहेको उनको भनाइ थियो।

'भविष्यमा राजनीतिक गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय तत्कालीन परिस्थितिमा निर्भर हुने भएको हुँदा पार्टीले तत्कालीन परिस्थितिअनुसार गठबन्धनको औचित्य र सान्दर्भिकतालगायतका विषयमा ठोस मूल्यांकन र छलफल गरी त्यसै वेलामा उचित निर्णय लिन सक्नेछ,' देउवाले उद्घाटन सत्रमा भनेका थिए।

३ फागुनमा केन्द्रीय कार्यसमिति बैठकमा महासमितिका लागि तयार पारिएका पूर्णबहादुर खड्काको नीतिगत, महामन्त्री थापाको संगठनात्मक र अर्का महामन्त्री विश्वप्रकाश शर्माको समसामयिक राजनीतिक प्रस्ताव पेस भएको थियो। प्रस्तावलाई बैठकका सुझावका आधारमा परिमार्जन गरिएको छ। तर, महामन्त्री थापाले प्रस्ताव परिमार्जन गर्दा सभापति देउवाको चाहनाअनुसार 'निर्वाचनमा गठबन्धन नगर्ने' शब्द हटाउन नचाहेपछि यो विषय कांग्रेसभित्र गम्भीर मुद्दा बनेको हो।

आगामी निर्वाचनबाट कांग्रेस एक्लै निर्वाचनमा होमिनुपर्ने महामन्त्री थापाको प्रस्तावमा छ। 'हाम्रो निर्वाचन प्रणालीको सीमाले गर्दा कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा निर्वाचनपछाडि निश्चित साझा नीति तथा कार्यक्रम बनाएर सरकार सञ्चालनका लागि तालमेल गर्ने कुरा स्वाभाविक हुन सक्छ, तर निर्वाचनपूर्वको गठबन्धन-संस्कृति लोकतन्त्रमा नियमित राजनीतिक अवस्था नभएर एउटा बाध्यात्मक परिस्थितिको उपज थियो भन्ने कुरालाई मनन गर्दै हामी संकल्प गर्छौं कि नेपाली कांग्रेसले भविष्यमा हुने आवधिक निर्वाचनहरूमा निर्वाचनपूर्व गठबन्धन (प्रिइलेक्सन एलायन्स) गरेर अब कहिल्यै आफ्ना मतदातालाई अन्य कुनै दलको चुनाव चिह्नमा मत हाल्ने अवस्था सिर्जना गर्नेछैन,' थापाको प्रस्तावमा छ।

थापाको यो प्रस्तावमा देउवाले गठबन्धनलाई रणनीतिक रूपमा लिनुपर्ने र महासमिति बैठकमा गठबन्धन नगर्ने प्रस्ताव नराख्न सुझाएका थिए। 'निर्वाचनमा गठबन्धनबारे अहिले नै प्रस्तावमा केही नलेखौं। चुनाव आउन केही वर्ष बाँकी नै छ। त्यसवेला जे-जस्तो परिस्थिति हुन्छ, त्यसैअनुसार त्यही वेला नै निर्णय गरौंला। यो पार्टीको रणनीतिक विषय हो, अहिलेदेखि भन्ने मसला होइन,' सभापति देउवाको भनाइ थियो।

जवाफमा महामन्त्री थापाले आफू प्रस्तावबाट पछि नहट्ने अडान राखेका थिए। 'मेरो प्रस्तावको मूल सार नै अबका निर्वाचनमा गठबन्धन गर्न हुन्नँ भन्ने हो। चुनावी गठबन्धनले कांग्रेसलाई क्षति गर्‍यो। हामीलाई भोट हाल्ने लाखौं मानिसको भावना र चाहनालाई पनि हामीले घात गर्न हुँदैन,' महामन्त्री थापाको भनाइ थियो, 'कांग्रेसलाई सुधारको बाटोमा लैजान पनि हामीले अब निर्वाचनमा गठबन्धन गरेर जान हुँदैन। म गठबन्धनका लागि तयार छैन।'

विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि अहिलेको अवस्थामा पाँच वर्षका लागि गठबन्धन गर्नुपरेको भन्दै महामन्त्री थापाले यसप्रति कांग्रेस इमानदार हुनुपर्ने बताएका छन्। 'एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि कांग्रेसले निर्वाचनअगाडि गठबन्धनको नेतृत्व गर्नुपर्‍यो। गत निर्वाचनमा कांग्रेसले पाँच



वर्षका लागि गठबन्धनसहित मत मागेकाले यो अवधिसम्म जनतासँगको वाचा र अन्य साझेदार दलहरूसँगको सम्झौताबमोजिम राजनीतिक इमानदारी प्रदर्शन गर्नुपर्छ, गर्छौं,' महामन्त्री थापाको प्रस्तावमा छ।

वर्तमान गठबन्धनलाई निरन्तरता दिनु कांग्रेसको राजनीतिक जिम्मेवारी हुने उनको भनाइ थियो। 'अहिले हामी गठबन्धनको अभ्यासमा छौं। अहिलेको गठबन्धन सरकार गठनका लागि मात्र बनेको होइन। केही समय पहिले प्रतिनिधिसभालाई असमयमा विघटन गर्ने, मुलुकमा राजनीतिक अस्थिरता ल्याउने, संविधानलाई जोखिममा पार्ने र संघीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने गतिविधि भए। संविधानको रक्षाका लागि नेपाली कांग्रेसकै पहल, प्रयत्न र अग्रसरतामा तत्काल नै गठबन्धन बनेको हो,' देउवाले भने, 'गत निर्वाचनपूर्वको गठबन्धन र वर्तमान सरकार त्यसैको निरन्तरता हो। आज पनि हामीले संविधानको रक्षालाई प्राथमिक एजेन्डाका रूपमा लिएका छौं। महासमितिमा प्रस्तुत हुने सबै दस्ताबेजले यस विषयलाई उल्लेख गरेको छ।'

सभापति देउवाले पार्टी विधान समयसापेक्ष बनाउन संशोधन गरेर जान आवश्यक रहेकोसमेत औंल्याए। संविधान संशोधनका लागि भने जनताको स्वीकार्यता र स्वामित्व आवश्यक भएको उनको जिकिर थियो। 'संविधान कार्यान्वयनको मूल्यांकन गर्ने, कार्यान्वयनको क्रममा देखापरेका समस्या, जटिलता वा अस्पष्टतासमेतको पहिचान गर्ने समय भएको छ। संविधानले व्यवस्था गरेको शासकीय स्वरूप र मूलभूत विषयमा प्रतिकूल प्रभाव नहुने गरी संविधानको संशोधन गर्न सकिने गरी अब छलफल प्रारम्भ गर्नुपर्दछ,' सभापति देउवाको भनाइ थियो, 'कांग्रेसको विधानमा समयसापेक्ष संशोधनको आवश्यकता छ। विधानले कांग्रेसको आन्तरिक लोकतन्त्र बलियो बनाएको छ। पार्टीमा समानुपातिक प्रतिनिधित्व भएको छ। पार्टीलाई सांगठनिक रूपले थप सबल बनाउन विधानमा संशोधनबारे आवश्यक छलफल गर्न सकिन्छ।'

महामन्त्री विश्वप्रकाश शर्माको कोशी प्रकरणले गठबन्धनको भविष्य संकटमा परेको भनी प्रस्तावमा उल्लेख गरेको विषयमा पनि सभापति देउवाको असन्तुष्टि छ। तर, त्यसबारे थप विवाद नरहेको नेताहरू बताउँछन्। 'कोशीमा जे-जस्तो घटनाक्रम विकसित भयो त्यसले कांग्रेसभित्र नै द्वन्द्व सिर्जना भएको थियो। माओवादी पार्टीसँग त्यसवेला कायम रहन नसकेको समझदारी राष्ट्रिय सभाको निर्वाचन परिणामपछि झनै समस्याको चपेटामा परेको छ,' शर्माको प्रस्तावमा छ। आगामी निर्वाचनमा कांग्रेसले गठबन्धनबारे उपयुक्त निर्णय गरेर जानुपर्ने उल्लेख छ। उपसभापति खड्काको नीतिगत प्रस्तावमा पनि आवश्यकताका आधारमा गठबन्धन गरेर जाने उल्लेख छ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै उपसभापति धनराज गुरुङले वडाध्यक्षदेखि मन्त्रीसम्मका सम्पत्ति छानबिन गर्ने निर्णय लिनुपर्ने बताए। 'महासमितिले वडाध्यक्षदेखि मन्त्री भएकाहरूसम्मको सम्पत्ति छानबिन गर्ने निर्णय गर्नुपर्छ, यसका लागि हिम्मत गर्नुपर्छ,' उनले भने। उपसभापति गुरुङले आर्थिक, सामाजिक, अन्तर्राष्ट्रियलगायत नीतिहरू बैठकमा प्रस्तुत हुने भन्दै आर्थिक नीति प्रजातान्त्रिक समाजवाद हुनुपर्ने र झुपडी र महलमा बस्नेलाई जोड्ने भनेको प्रजातान्त्रिक समाजवादले नै भएको जिकिर गरे।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले पार्टीले जनताको बीचमा गएर काम गर्ने नीति बनाउनुपर्ने बताइन्। 'इतिहासलाई स्मरण गर्दै हामीले ल्याएको परिवर्तनलाई कार्यान्वयन गर्ने जिम्मेवारीको बाटोमा पार्टी छ। प्रस्तावलाई गहन जिम्मेवारी र दायित्वका साथ पास गर्नुपर्छ,' उनको भनाइ थियो। जनताको विश्वास कांग्रेसमा छ। संविधान कार्यान्वयन गर्दै मुलुकको अगुवाइ कांग्रेसले गर्नुपर्छ। जनताको जीवन पद्धतिको विकासलाई कांग्रेसले अँगालेर जानुपर्छ।'

शुभेच्छुक संस्थाहरूको बहिष्कार

कांग्रेस महासमिति बैठकलाई कांग्रेसका ६ शुभेच्छुक संस्थाहरूले बहिष्कार गरेका छन्। ट्रेड युनियन काँग्रेस, शिक्षक संघ, सेन्टर फर डेमोक्रयाटिक इन्जिनियर्स नेपाल (सिडेन), प्रजातन्त्रवादी चिकित्सक संघ नेपाल प्रेस युनियन र डेमोक्रयाटिक लयर्स एसोसियसन(डिएलए) ले संयुक्त विज्ञप्ति जारी गरी नेतृत्वको ध्यानाकर्षण गराएका हुन्। उनीहरूले महासमिति बैठकमा प्रेस युनियनको प्रतिनिधित्वलाई लिएर बैठकमा सहभागिता नजनाउने निर्णय गरेका हुन। विज्ञप्तिमार्फत केन्द्रीय निर्वाचन समितिले विधानको अपव्याख्या गरी प्रतिनिधि मनोनीत गरेको उल्लेख गरेका थिए। 'विधानविपरित कार्यक्षेत्रमाथि गरिएको हस्तक्षेप हामीलाई कदापि स्वीकार्य छैन,' विज्ञप्तिमा छ।

महरले पनि फरक मत राख्ने

कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महरले फरक प्रस्ताव पेस गर्ने तयारी गरेका छन्। महासमिति बैठकमा पार्टी उपसभापति र महामन्त्रीहरूले पेस गर्ने राजनीतिक दस्ताबेजसँग असन्तुष्टि जनाउँदै महरले १२६ पृष्ठको फरक दस्ताबेज पेस गर्ने तयारी गरेका हुन्। कांग्रेसको दृष्टिपत्र नाम दिइएको दस्ताबेज उनले सोमबार सार्वजनिक गरेका हुन्। उपसभापति र महामन्त्रीका प्रतिवेदनमा पार्टीमा छलफल नै नगरी तयार भएको बताउँदै उनले त्यसमा सन्तुष्ट हुन सक्ने आधार नभएको बताए। छलफल नै नगरी तयार पारिएका प्रतिवेदन व्यक्तिका अभिव्यक्तिजस्ता हुने र ती प्रतिवेदनले सिंगो पार्टीको धारणा समेट्न नसक्ने उनको भनाइ छ।

सर्टिफिकेट हरायो

मिति २०८०/०९/१२ गते बल्खुदेखि अनामनगरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।
Name : Mahek Kumari Panjiyar
Reg.No : 782340010226
S. No.: 23400221
Contact : 9821176579
Add: Birgunj, Parsa

प्रदिप गिरी मेमोरियल ट्रष्टको विनम्र अनुरोध

स्व. प्रदिप गिरीज्यूका अन्तरवार्ता, भिडियो-रेकर्डिङ, लेख-रचना, कृति, पाण्डुलिपी, फोटोहरु जे-जति हजुरहरु सँग छन् भने कृपया हाम्रो ट्रष्टलाई हस्तान्तरण गरिदिनुहुन विनम्र अनूरोध गर्दछौं। हामी उहाँका सम्पूर्ण लेख-रचना, फोटो र कृतिहरु संरक्षण तथा प्रदर्शन गर्ने जमर्को करेका छौं। कृपया, यस प्रदिप गिरी मेमोरियल ट्रष्टको ईमेल ठेगाना र फोन नम्बरमा हामीलाई सम्पर्क गरी हस्तान्तरण गरिदिनुहुनेछ भनी आशा गर्दछौं।

उहाँको लेख-रचना, रेकर्डिङ, फोटो तथा अन्य सामाग्रीहरु हस्तान्तरण गर्ने विषयमा केही सूचना पाएमा हामी स्वयम पनि संकलन गर्न आउनेछौं। हामी यहाँको योगदानलाई आदारपूर्वक ग्रहण गर्नेछौं। धन्यवाद!

PRADEEP GIRI MEMORIAL TRUST
प्रदिप गिरी मेमोरियल ट्रष्ट
फोन नं: +९७७-१-४३७१७६९
ईमेल: pradeepgirimemorialtrust@gmail.com

राजधानी पुग्दै...

पृष्ठ १ बाट क्रमशः

सम्बोधन नहुन्जेल घर नफर्कने हो।'

मिटरब्याजपीडित गत चैतमा पनि पैदलै काठमाडौं आएका थिए। त्यतिखेर सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा मिटरब्याजपीडित जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले हालै मात्र प्रतिवेदन बुझाएको छ। फर्जी तमसुक, दृष्टिबन्धक, चेक अवैध घोषणा गरेर क्षतिपूर्ति दिनुपर्ने, समस्या समाधान गर्न न्यायिक आयोग गठन गर्नुपर्नेलगायतका माग पीडितहरूको छ।

मिटरब्याज लिँदा साहुले अधिकांश पीडितको घरजग्गा दृष्टिबन्धक राखेर कब्जा गरेको पीडितको गुनासो छ। मिटरब्याजसँग सम्बन्धित सम्पूर्ण फर्जी लिखतहरू अवैध घोषणा गर्दै जुनसुकै तहमा भएको पीडितको सम्पत्तिको हक हस्तान्तरण बदर गरी पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने संघर्ष समितिले माग राखेको छ। त्यस्तै, मिटरब्याज अपराधसम्बन्धी शक्तिशाली कानुन निर्माण गरी पूर्णाधिकारसहितको अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्नुपर्ने माग समितिको छ।

२८ हजारमध्ये पाँच हजार १८८ उजुरीमा मिलापत्र

मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगमा ६७ जिल्लाबाट २८ हजार उजुरी परेका थिए। जसमध्ये पाँच हजार एक सय ८८ उजुरीको मिलापत्र गरिएको छ भने दुई सय १८ बिघा १० कट्ठा जग्गा साहुकारबाट पीडितलाई फिर्ता गराइएको छ। पीडित र साहुकारबीच कुल पाँच अर्ब ५७ करोड १९ लाख रुपैयाँको लिखत कारोबार भएको आयोगले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई २६ मंसिरमा बुझाएको प्रतिवेदनमा उल्लेख छ।

साहुहरूले सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ असुल हुन बाँकी रहेको दाबी गरेका थिए। तर, त्यसमध्ये कुल एक अर्ब ७२ करोड ८६ लाख रुपैयाँको कारोबार दुवै पक्षबीचको सहमतिमा टुंगिएको छ। साहुहरूले बाँकी छ भनेर माग गरेको सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ घटेर पाँच अर्ब ८९ करोड ९३ लाख रुपैयाँ देखिएको प्रतिवेदनमा उल्लेख छ। सरकारले गत वर्ष २० चैतमा कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो।

आयोगले सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा तीन सदस्यीय टास्क फोर्स गठन गरेको थियो। संसद्ले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गरेपछि मिटरब्याजसम्बन्धी उजुरीको मिलापत्र गरिएको हो। तर, यसअघि मिलापत्र गरिएकामध्ये पनि कतिपयले पैसा फिर्ता पाएका छैनन्।

क्यान्सरपीडितको छैन यकिन तथ्यांक

स्वास्थ्य अनुसन्धान परिषद्ले ०७४ देखि नौ जिल्लामा सुरु गरेको 'क्यान्सर रजिस्ट्री' पनि प्रभावहीन बन्दै



■ **डा. प्रदीप ज्ञवाली,** निवर्तमान सदस्यसचिव, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

सुरुवातीमा क्यान्सरको अवस्था अध्ययनका लागि नौ जिल्ला छनोट गरिएको र अध्ययन बिस्तारै बढाउँदै लाने योजना थियो । सबै जिल्लामा अध्ययन बढाएर क्यान्सर रजिस्टर गर्ने जिम्मेवारी मन्त्रालयको हो, तर हालसम्म यतातिर अगाडि बढेको छैन ।



■ **डा. विष्णुदत्त पौडेल,** निर्देशक भक्तपुर क्यान्सर अस्पताल

क्यान्सरको मात्रै उपचार गरिरहेका स्वास्थ्य संस्थामा जनशक्ति अपुग छैन, तर आवश्यक अत्याधुनिक उपकरणहरूको भने अझै खाँचो छ । कतिपय विशिष्टकृत परीक्षणका लागि अहिले पनि हामीले स्याम्पल इन्डिया पठाइरहेका छौं ।

विपन्न नागरिक उपचार सेवाअन्तर्गत क्यान्सर उपचारका लागि सूचीकृत स्वास्थ्य संस्थाहरू

- अश्विन मेडिकल कलेज एन्ड हस्पिटल
- बी एन्ड बी अस्पताल
- बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
- बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल
- भक्तपुर क्यान्सर अस्पताल
- भरतपुर अस्पताल
- विराट मेडिकल कलेज एन्ड टिचिङ अस्पताल
- क्यान्सर केयर नेपाल
- चितवन मेडिकल कलेज
- सिभिल अस्पताल
- धुलिखेल अस्पताल
- गण्डकी मेडिकल कलेज
- कान्ति बाल अस्पताल
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
- काठमाडौं क्यान्सर सेन्टर
- काठमाडौं मोडेल अस्पताल
- किस्ट मेडिकल कलेज एन्ड टिचिङ अस्पताल
- कोशी प्रदेश अस्पताल
- मणिपाल टिचिङ अस्पताल
- मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड प्रत्यारोपण केन्द्र
- राष्ट्रिय ट्रमा सेन्टर
- राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल
- नेसनल सिटी अस्पताल
- नेपाल क्यान्सर अस्पताल एन्ड रिसर्च सेन्टर
- नेपाल मेडिकल कलेज
- ओम अस्पताल एन्ड रिसर्च सेन्टर
- परोपकार प्रसूति केन्द्र
- पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
- पूर्वाञ्चल क्यान्सर अस्पताल
- सुशील कोइराला प्रहर क्यान्सर अस्पताल
- त्रिवि शिक्षण अस्पताल


मञ्जु टेलर/नयाँ पत्रिका

नेपालमा प्रत्येक वर्ष क्यान्सरका कति बिरामी थपिन्छन् भन्ने यकिन तथ्यांक छैन । क्यान्सरको उपचार गरिरहेका केही अस्पताल र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले नौ जिल्लामा गरिरहेको जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्रीबाहेक देशभरका सबै बिरामीको तथ्यांक उपलब्ध छैन । परिषद्ले काठमाडौं, ललितपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, रुकुम पूर्व र रुकुम पश्चिम गरी नौ जिल्लामा जनसंख्याको आधारमा क्यान्सरका बिरामीको तथ्यांक संकलन गर्दै आएको छ । यी जिल्लामा मात्र बर्सेनि तीनदेखि चार हजार नयाँ क्यान्सरका बिरामी थपिने गरेका छन् । ०७४ मा केही जिल्लाबाट सुरु गरेर देशभरि तथ्यांक संकलन गरिने भनिएको क्यान्सर रजिस्ट्री हालसम्म नौ जिल्लामै सीमित छ ।

जनसंख्याको आधारमा भइरहेको रजिस्ट्रीले क्यान्सरका बिरामीको करिब २० प्रतिशत ओगट्ने र यसले देशभित्र क्यान्सरको अवस्था बुझ्न पर्याप्त हुने भन्दै सुरु गरिएको बताउँछन्, परिषद्का निर्वतमान सदस्यसचिव डा. प्रदीप ज्ञवाली । तर, विश्वभरि नै क्यान्सरपीडितको बारेमा अध्ययन गर्दै आएको संस्था ग्लोबोक्यानले 'इन्टरनेसनल एजेन्सी फर रिसर्च अन क्यान्सर'सँगको सहकार्यमा हरेक वर्ष तथ्यांक संकलन गर्दै आएको छ । उक्त संस्थाको अध्ययनअनुसार नेपालभरको आधिकारिक सम्पूर्ण तथ्यांक नभएको र छिमेकी देशहरूको तथ्यांकको आधार र अन्य विभिन्न स्रोतबाट तथ्यांक संकलन गरिएको बताउँदै आएको छ ।

ग्लोबोक्यानको तथ्यांकअनुसार सन् २०२० मा देशभरका २० हजार पाँच सय आठजना क्यान्सरका नयाँ बिरामी देखिएका थिए भने १३ हजार ६ सय २९ को क्यान्सरका कारण मृत्यु भएको थियो । त्यस्तै, २०२२ मा नेपालमा २२ हजार आठजना नयाँ क्यान्सरका बिरामी थपिएका थिए भने सोही अवधिमा १४ हजार सात सय चारजनाको मृत्यु भएको तथ्यांक छ । ग्लोबोक्यानको तथ्यांक हेर्दा क्यान्सरबाट पुरुषका तुलनामा महिला बढी पीडित छन् । २०२२ मा थपिएका नयाँ बिरामीमध्ये नौ हजार सात सय ९२ पुरुष थिए भने महिला १२ हजार दुई सय १६ थिए । २०२३ को तथ्यांक भने ग्लोबोक्यानले हालसम्म प्रकाशित गरेको छैन ।

चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताललले सन् १९९५ मा अस्पतालमा आधारित क्यान्सर रजिस्ट्री सुरु गरेको थियो । जसलाई सन् २००३ मा देशका अन्य १२ अस्पतालसँग सहकार्य गरी राष्ट्रिय क्यान्सर रजिस्ट्रेसन कार्यक्रमका रूपमा लगिएको थियो । अस्पतालमा आएका बिरामीको तथ्यांक हेदा बर्सेनि ३० देखि ४० हजारसम्म क्यान्सरका बिरामी देखिने गरेको चिकित्सकहरू बताउँछन् ।



■ ३१ अस्पतालमा उपचार गर्दा पाइन्छ एक लाख सहुलियत

विपन्न नागरिक औषधि उपचार कोषअन्तर्गत सूचीकृत भएका देशभरका सरकारी र निजी गरी ३१ अस्पतालमा उपचार गराएका बिरामीले सरकारबाट सहुलियत लिन पाउँछन् । स्थानीय तहले विपन्न सिफारिस गरेका व्यक्तिले एक लाख रुपैयाँबराबरको उपचार निःशुल्क लिन पाउँछन् ।

■ अभावबीच उपचार

क्यान्सरको उपचार विभिन्न अस्पतालहरूमा भइरहे पनि बिरामीको अनुपातअनुसार जनशक्ति र उपकरणको अझैसम्म अभाव छ । गुणस्तरीय क्यान्सर उपचार सेवाका लागि शल्यक्रियासँगै रेडियोथेरापी, किमोथेरापी, टार्गेटेड (लक्षित) थेरापी, इमिनोथेरापी आदि सेवाहरू उपलब्ध हुन आवश्यक हुन्छ । तर, उपचार गरिरहेका अस्पतालमा समेत रेडियोथेरापी टेक्नोलोजिस्ट, सर्जन चिकित्सकको समेत अभाव हुँदा समस्या भइरहेको चिकित्सक नै बताउँछन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार हाल नेपालमा करिब ४८ मात्रै रेडियसन अंकोलोजिस्ट छन् । सर्जिकल अंकोलोजिस्ट ५०, मेडिकल फिजिसिस्ट १८ तथा रेडियोथेरापी टेक्नोलोजिस्ट २५ जना छन् । त्यस्तै, मेडिकल अंकोलोजिस्टको संख्या २० छ ।

शल्यक्रिया नियमित भइरहेका अस्पतालहरूमा समेत रेडियोथेरापी टेक्नोलोजिस्टको अभावमा भएका उपकरणहरूको समेत प्रयोग हुन नसकेको वीर अस्पतालका क्यान्सर विभाग प्रमुख डा. विवेक आचार्य बताउँछन् । उनी भन्छन्, 'देशकै सबैभन्दा जेठो अस्पताल वीरमा पनि रेडियोथेरापी टेक्नोलोजिस्ट र रेडियोग्राफर नहुँदा सेवा प्रभावित भइरहेको छ । उपकरण भए पनि जनशक्ति नहुँदा समस्या छ भने जनशक्ति भए पनि उपकरण नहुँदा काठमाडौंकै अन्य अस्पतालमा पूर्ण सेवा दिन चुनौती भइरहेको देखिन्छ ।'

यस्तै, रेडियोथेरापीसमेत हाल काठमाडौं क्यान्सर सेन्टर, नेपाल क्यान्सर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र भरतपुर क्यान्सर अस्पताललगायतका केही अस्पतालमा मात्र सञ्चालनमा छ । यसबाहेक निजामती अस्पतालमा मेसिन उपलब्ध भए पनि जनशक्ति नहुँदा थन्किएको छ ।

नेपालमा क्यान्सरको उपचार गराउनेको संख्या बढिरहेको र उपचार खर्चमा सरकारले सहयोग गरिरहे पनि उपकरण अभावमा अझैसम्म समस्या भइरहेको बताउँछन् भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. विष्णुदत्त पौडेल । उनी भन्छन्, 'क्यान्सरको मात्रै उपचार गरिरहेका स्वास्थ्य संस्थामा जनशक्ति अपुग छैन, तर आवश्यक अत्याधुनिक उपकरणहरूको भने अझै खाँचो छ । कतिपय विशिष्टकृत परीक्षणका लागि अहिले पनि हामीले स्याम्पल इन्डिया पठाइरहेका छौं ।'

त्यस्तै, उपचारका लागि क्यान्सर अस्पतालमा मात्रै उपचार गराउनुपर्छ भन्ने भ्रमका कारण उपचार सेवा प्रभावित भइरहेको बताउँछन्, ग्यास्ट्रोइन्टेस्टाइनल सर्जन डा. सुरेन्द्र साह । उनका अनुसार, क्यान्सर शरीरका जुनसुकै अंगमा पनि हुन सक्ने भएकाले उपचारका लागि मल्टिडिस्पिलनरी टिम आवश्यक हुन्छ, अर्थात् क्यान्सरका सर्जनबाहेकका अन्य सम्बन्धित विशेषज्ञ अर्थात् सर्जनको सहयोगमा समेत शल्यक्रियाहरू गर्न सकिन्छ ।

तर, सरकारी अस्पतालहरूमा रेडियोथेरापी नहुँदा उपचारमा समस्या भइरहेको बताउँछन् डा. साह । उनका अनुसार क्यान्सरको उपचार गर्दै आएका अस्पताललले समेत शल्यक्रिया र किमोथेरापीपश्चात् रेडियोथेरापीका लागि अन्यत्र पठाउनुपर्ने अवस्था छ । जसले गर्दा क्यान्सरका बिरामीले समयमै पूर्ण उपचार पाउँदैनन् ।

■ बर्सेनि २० हजारभन्दा बढीले लिन्छन् विपन्नअन्तर्गत सेवा

विपन्न नागरिक उपचार सेवाअन्तर्गत हरेक वर्ष २० हजारभन्दा बढीले सेवा लिँदै आएका छन् । स्वास्थ्य सेवा विभागको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको तथ्यांकअनुसार पछिल्ला वर्षहरूमा मात्रै २० हजारभन्दा बढीले विपन्नअन्तर्गत सहुलियत लिएका हुन् । नेपाल सरकारले क्यान्सरका बिरामीलाई उपचार खर्चबापत प्रतिव्यक्ति एक लाख रुपैयाँ दिँदै आएको छ । क्यान्सर उपचारमा सरकारले ०७६ देखि सहयोग गर्दै आएको हो ।

महाशाखाको तथ्यांकअनुसार विपन्न नागरिक औषधि उपचार कोषअन्तर्गत गत आर्थिक वर्ष ०७९/८० मा मात्रै २० हजार दुई सय १६ जनाले उपचारका लागि सहुलियत लिएका हुन् । यसबाहेक ०७८/७९ मा २० हजार आठ सय १७ र ०७७/७८ मा १७ हजार सात सय ७१ क्यान्सरपीडितले उपचारका लागि सरकारबाट सहुलियत लिएका हुन् । तर, क्यान्सर उपचारका लागि सहुलियत लिनेको संख्या बर्सेनि बढ्न थालेकाले छुट् याइएको रकम अपुग भइरहेको बताउँछिन् महासंघ निर्देशक हिराकुमारी निरौला ।

जन्ती बोकेको जिप दुर्घटना हुँदा तीनको मृत्यु, १५ जना घाइते

तनहुँ/ जन्ती बोकेको जिप दुर्घटना हुँदा तनहुँमा तीनजनाको मृत्यु भएको छ । मृत्य हुनेमा आबुखैरेनी गाउँपालिका- ६ छापस्वाँरा बस्ने ७२ वर्षीय आसवीर गुरुङ, व्यास नगरपालिका- ९ गजौडे बस्ने १७ वर्षीया तुलसी गुरुङ र आबुखैरेनी गाउँपालिका- ६ छापस्वाँराका ५६ वर्षीय शेरबहादुर गुरुङ रहेका छन् । एकजनाको घटनास्थलमै र अन्य दुईजनाको उपचारका क्रममा चितवनस्थित नयाँ मेडिकल कलेजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी मोहनबहादुर खाणले जानकारी दिए । 'सोमबार आबुखैरेनी गाउँपालिका- १ गिरौनचौरस्थित भित्री सडक खण्डमा जन्ती बोकेको जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको हो,' उनले भने । यस्तै दुर्घटनामा १५ जना घाइते भएका छन् ।

घाइतेमध्ये केही सामान्य उपचारपश्चात् घर गएका छन् भने नौजनाको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको डिएसपी खाणले बताए । बरादी- हिलेखर्कस्थित भित्री सडकखण्डमा जन्ती बोकेको बा.१८च५९२१ नम्बरको बोलेरो जिप अनियन्त्रित भई दुर्घटना भएको थियो । जिप सडकदेखि पाँच सय मिटर तल खसेको थियो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । आबुखैरेनीमा आइतबार पनि जिप दुर्घटना हुँदा एकजनाको ज्यान गएको थियो । दुई दिनको अवधिमा आबुखैरेनीमा दुर्घटनामा परी चारजनाले ज्यान गुमाएका छन् ।

वीरगन्जमा अनिश्चितकालीन कर्फ्यु

वीरगन्ज/ जिल्ला प्रशासन कार्यालय पर्साले वीरगन्ज महानगरपालिकामा सोमबार साँझ ५ बजेदेखि लागू हुने गरी अनिश्चितकाल कर्फ्यु आदेश जारी गरेको छ । हिन्दु युवा परिषद्का युवाहरूले रौतहटमा सरस्वतीको मूर्ति विसर्जनमा भएको विवादलाई लिएर वीरगन्ज बजार बन्द गराएपछि कार्यालयले अनिश्चितकाल कर्फ्यु आदेश जारी गरेको हो । वीरगन्जको पूर्वमा नगवा चोक (बारा जिल्ला सिमाना), पश्चिममा तिलावे पुल, उत्तरमा परवानीपुर पर्सा र दक्षिणमा मितेरीपुल (भन्सार क्षेत्र)सम्म कर्फ्यु लगाइएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिए । उनले वीरगन्ज एक्कासि तनावग्रस्त बनेकाले अर्को निर्णय नहुन्जेलसम्मका लागि कर्फ्यु जारी गरिएको बताए ।

यस्तै, दुई पक्षबीच विवाद साम्य पार्न पुगेको प्रहरीलाई ढुंगामुढा प्रहार हुँदा नेपाल प्रहरीका नौजना र सशस्त्र प्रहरीका दुई घाइते भएका छन् । केही दिनअघि रौतहटको ईशनाथ नगरपालिकाको घिउडा गाउँमा सरस्वतीको मूर्ति सेलाउने क्रममा हिन्दु र मुस्लिम समुदायबीच विवाद भएपछि वीरगन्जमा पनि हिन्दुवादीहरूले प्रदर्शन गर्दै बजार बन्द गराएका हुन् । बजार बन्द गराउने क्रममा हिन्दु परिषद्का युवाहरूको जुलुसमा मुस्लिम समुदायका व्यक्तिबीच भनाभन हुँदा प्रहरीले हस्तक्षेप गरेर स्थिति नियन्त्रणमा लिएको थियो ।

वीरगन्जको मुख्य चोकमा हिन्दुवादी र मुस्लिमहरू भेला भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी ठूलो संख्यामा परिचालन गरिएको पर्साका निमित्त प्रहरी प्रमुख कुमारविक्रम थापाले जानकारी दिए ।

संक्षेप

समाजवाद स्थापना गर्ने वातावरण बनाउन लागिपरेको छु : प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सुशासन, सामाजिक न्याय र समृद्धि हुँदै समाजवादको यात्रा तय गर्ने बताएका छन् । समाजवाद स्थापना गर्नका लागि वातावरण बनाउन आफू लागिपरेको उनको भनाइ छ । समाजवादी शैक्षिक मञ्चले काठमाडौंमा सोमबार आयोजना गरेको कार्यक्रममा प्रचण्डले भने, 'सुशासन, सामाजिक न्याय र समृद्धि हुँदै समाजवादको यात्रा तय गर्दै छौं । एउटा शक्ति समाजवादका लागि वातावरण बनाउन लागिरहेको छ भने अर्को यो परिवर्तन संघीयता, गणतन्त्र, समानुपातिक, समावेशी ठीक छैन, शिक्षामा गरिएका सुधारका कुरा ठीक छैन, पुरानै ठाउँमा फर्किनुपर्छ भनिरहेको छ । हाम्रो लडाइँ जारी छ ।' समाजवादी शिक्षा तत्काल कार्यनीतिका रूपमा भन्न नसकिने भन्दै उनले समाजवादउन्मुख शिक्षा आजको आवश्यकता भएको बताए । शिक्षा, स्वास्थ्य, रोजगारजस्ता विषय जनताको मौलिक अधिकारका विषय भएको उनले बताए । समाजवादी मोर्चाले सडकबाट पनि यसको पहल गर्ने उनले बताए ।

एमाले जिल्ला नेतृत्वमा सहमति जुटेन

धनगढी/ एमाले कैलालीको नयाँ नेतृत्व चयनमा सहमति जुट्न नसकेपछि अधिवेशन लम्बिएको छ । सोमबार साँझसम्म सहमति नजुट्दा दुई दिन चल्ने भनिएको अधिवेशन लम्बिने निश्चित भएको हो । एमाले अध्यक्ष केपी शर्मा ओलीले अधिवेशनको आइतबार सुखडमा उद्घाटन गरेका थिए । सोमबार बिहानबाट बन्दसत्र सुरु गर्ने तय भए पनि दिउँसोबाट मात्र सुरु भएको थियो । प्रदेश इन्चार्जसहित केन्द्रीय सचिव लेखराज भट्ट, स्थायी समिति सदस्य कर्ण थापा, केन्द्रीय सदस्य दामोदर भण्डारीलगायत नेताहरूले सहमतिमा नेतृत्व चयनको प्रयास गरिरहेका छन् । जिल्ला अध्यक्षमा दुर्गाप्रसाद जोशी, डेजी पाण्डे र यज्ञराज ढुंगानाले दाबी पस गरेका छन् । जोशी निवर्तमान जिल्ला समितिको कार्यवाहक अध्यक्ष र पाण्डेय सचिव हुन् । ढुंगाना पूर्वप्रदेश सचिवालय सदस्य हुन् ।

हरिपुर्वाको बजेट ६४ करोड

सर्लाही/ हरिपुर्वा नगरपालिकाको ११औं नगरसभा सम्पन्न भएको छ । विवादका कारण सात महिनादेखि रोकिएको नगरसभा सोमबार गरिएको हो । सभाले चालू आर्थिक वर्षका लागि ६४ करोड ६८ लाख ६७ हजारबराबरको नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । विरोधका बीच सोमबार मध्याह्न नगरप्रमुख विनोदकुमार साह तेलीले बहुमत नगर सदस्यहरूको सहभागितामा नगरसभा सम्पन्न गरेको बताए । मन्त्रालयले सरुवा गरिसकेको प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) शम्भुप्रसाद यादवको उपस्थितिमा सभा सम्पन्न गरिएको साहको दाबी छ । सरुवा भइसकेको भए पनि प्रमुख प्रशासकीय अधिकृत यादवले रमाना लिएका थिएनन् । साउनदेखि तलब नपाएपछि नगरपालिकाका कर्मचारी कार्यालय बन्द गरेर आन्दोलनमा छन् । यस्तै, शिक्षकहरूले पनि आइतबारबाट नगरभित्रका १६ वटै सामुदायिक विद्यालय बन्द गरेर धर्ना बसेका थिए ।

दुई चिनियाँसहित पाँचजनाविरुद्ध अवैध उत्खनन मुद्दा

लहान/ सिराहाको लहानस्थित वन डिभिजन कार्यालयले कमला कञ्चनपुर सडक स्तरोन्नति गर्ने ठेक्का पाएको चाइना रेलवे नम्बर २ इन्जिनियरिङ ग्रुप कम्पनीका दुई चिनियाँ नागरिक, नगरपालिकाका इन्जिनियर र दुईजना एक्साभेटरचालकसहित पाँचजनाविरुद्ध जिल्ला अदालतमा अवैध उत्खननको मुद्दा दायर गरेको छ । डिभिजन वन प्रमुख सुजितकुमार झाका अनुसार चाइना रेलवे नम्बर २ इन्जिनियरिङ ग्रुप कम्पनीका साइट इन्चार्ज हु सिवकिङ, जिल्ला परियोजना इन्चार्ज झाङ बाओझोङ, लहान नगरपालिकाका इन्जिनियर एकमणि सिपलिया तथा एक्साभेटरचालकद्वय सप्तरीको सुरुंगा नगरपालिका- १ का अजय चौधरी र सिराहाको कर्जन्हा नगरपालिका- २ का विन्देश्वरकुमार महतोविरुद्ध मुद्दा दायर गरेको हो । लहान नगरपालिका- १५ स्थित चुरे वनक्षेत्रमा पर्ने खुट्टी खोलामा अवैध रूपमा ढुंगा, गिट्टी, बालुवा उत्खनन् गरिरहेको अवस्थामा गत १४ मंसिरमा पक्राउ परेका चालकद्वय चौधरी र महतो धरौटीमा रिहा भएका थिए ।

■ महासमिति बैठकस्थलबाहिर...



ललितपुरको गोदावरीमा सोमबार सुरु भएको कांग्रेस महासमिति बैठकस्थलबाहिर झाँकी प्रदर्शन गर्दै कलाकार । **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

बार-बेन्चबीचको असमझदारी सतहमा

काठमाडौं/ सर्वोच्च अदालतले वरिष्ठ अधिवक्ताको उपाधिका लागि विवरण माग गर्दै नेपाल बार एसोसिएसनलाई पत्र पठाएपछि बारले पनि विज्ञप्ति निकालेर विवरण संकलन गरेर नपठाउने जनाएको छ । सर्वोच्चको पत्र पाएको करिब एक महिनापछि बारले विज्ञप्तिमार्फत असहमति प्रकट गरेको हो ।

सर्वोच्च अदालतले ११ माघमा नेपाल बार एसोसिएनलाई पत्राचार गर्दै वरिष्ठ अधिवक्ताको उपाधिका लागि विवरण माग गरेको थियो । सर्वोच्चले वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्नेसम्बन्धी मापदण्ड, ०७६ बमोजिम योग्यलाई विवरण भर्न ३० दिनको समय दिँदै सूचना निकालेको थियो । सर्वोच्चको सूचनाको २६ दिनपछि जवाफमा बारका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे र महासचिव अञ्जिता खनालले आइतबार आठबुँदे विज्ञप्ति जारी गरेका हुन् । बारको विज्ञप्तिमा भनिएको छ, '...नेपाल बार एसोसिएसनले वरिष्ठ अधिवक्ता सिफारिस समितिमा प्रतिनिधि सिफारिस गरी पठाउने विगतको परम्परालाई मध्यनजर गर्दै बार एसोसिएसन विवरण संकलन गर्ने संस्था होइन भन्ने अवगत गराउन चाहन्छौं ।'

बार न्यायपरिषद्विरुद्ध विरोध अभियानमा छ । परिषद्मा अध्यक्षका रूपमा प्रधानन्यायाधीश रहन्छन् । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा रहेको समितिले न्यायाधीशहरूको वरिष्ठताक्रम हेरफेर गरेपछि बारले विज्ञप्ति तथा प्रधान्यायाधीश सम्मिलित कार्यक्रमहरूमार्फत त्यसको विरोध गर्दै आएको छ ।

न्यायसेवामा रजिस्ट्रार भएकै मितिबाट न्यायाधीशको वरिष्ठता गणना हुने तथा त्यसअघि कर्मचारीबाट न्यायाधीश बनेकाहरूको हकमा समेत उस्तै वरिष्ठता निर्धारण हुने गरी परिषद्ले न्यायपरिषद् नियमावली संशोधनको निर्णय गरेको थियो । १ असोजबाट लागू भएको उक्त वरिष्ठताक्रम संशोधनसहितको नियमावली गैरसंवैधानिक, गैरन्यायिक तथा कपटपूर्ण विधायन रहेको भन्दै बारले विरोध जनाइरहेको हो । विरोध कार्यक्रमअन्तर्गत नै पछिल्लोपटक बार एकाइ पाँचबुँदे मागसहित आन्दोलनमा छन् । १९ माघमा बारद्वारा जारी विज्ञप्तीमा विरोध अभियान सञ्चालन गर्ने उल्लेख छ । प्रत्येक बार एकाइमा कालो ब्यानरमा पाँचबुँदे माग टाँगिएका छन् । जसमा पहिलो माग नै नियमावली संशोधन खारेज हुनुपर्नेछ ।

मेयर बालेनलाई अभियन्ताले भने- हाम्रो भोट फिर्ता देऊ

नयाँ पत्रिका

खुलामञ्चलाई खुला गर्नेबारे औपचारिक जानकारी नआएको भन्दै अभियन्ताहरूले विरोध जनाएका छन् । विरोधस्वरूप उनीहरूले काठमाडौं महानगर प्रमुख बालेन्द्र साह (बालेन)लाई आफ्नो भोट फिर्ता गर्न आग्रह गरेका छन् ।

सोमबार खुलामञ्चमा 'मुक्त टुँडिखेल' अभियानले आयोजना गरेको कार्यक्रममा अभियन्ता आलोक सिद्धि तुलाधरले मेयर बालेनले आधिकारिक रूपमा खुलामञ्चमा फुटबल मैदान बनाउने निर्णय फिर्ता लिनुपर्ने, होइन भने आफूहरूले दिएको भोट फिर्ता दिनुपर्ने बताए । 'खुल्लामञ्चमा दुई वटा फुटबल मैदान बनाउनेबारे मेयर बालेनले फेसबुक स्टाटस त लेख्नुभयो, तर यो स्टाटस आधिकारिक होइन । हामीलाई मान्य छैन । उहाँले स्टाटसमा जति पनि कुरा भन्नुभएको छ, हामीलाई विश्वास छैन । स्टाटसमा फुटबल मैदान बनाउने वा नबनाउनेबारे खुलस्त उल्लेख गरिएको पनि छैन,' अभियन्ता तुलाधरले भने । बृहत् नागरिक आन्दोलनका अभियन्ता गोविन्द छन्त्यालले खुलामञ्च जनताको भएकाले जनताकै स्वामित्वमा आउनुपर्ने बताए । 'खुलामञ्चलाई सार्वभौमिकता लोकतन्त्र, गणतन्त्र र संघीयताको अभ्यास गर्ने बिम्बको रूपमा विकसित गर्नुपर्छ,' उनले भने ।

महानगरपालिका मेयर बालेन्द्र साहले ४ फागुनमा सामाजिक सञ्जाल फेसबुकमा खुलामञ्चमा दुईवटा फुटबल मैदान बनाउने अफवाह मात्रै भएको लेखेका थिए । उनले खुलामञ्च सधैं खुलै हुनुपर्ने र त्यो

कुनै समूह वा कुनै एक कार्यका लागि मात्र नभएर बहुउपयोगी महत्त्वको बनोस् भन्नेमा सचेत रहेको उल्लेख गरेका थिए । महानगरले खुलामञ्चमा फुटबल मैदान बनाउन लागेको विषयमा चौतर्फी विरोध हुन थालेपछि बालेनले सामाजिक सञ्जाल फेसबुकमा यस्तो लेखेका थिए । सामाजिक सञ्जालमा बालेनले लेखे पनि विश्वास गर्ने कुनै आधार नभएको अभियन्ता गणपतिलाल श्रेष्ठले बताए । आधिकारिकताका लागि सूचनाको हक प्रयोग गरेर सूचना माग्ने र सूचना प्राप्तिपछि थप कार्यक्रमका साथ अगाडि बढ्ने उनले बताए ।

एक वर्षअघि २९ कात्तिकमा बसेको महानगरको १०औं कार्यपालिका बैठकले खुलामञ्चमा ट्रिपल बेसमेन्ट पार्किङ र पानी पुनर्भरण पिटको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने निर्णय गरेको थियो । अव्यवस्थित पार्किङको समस्या समाधान गर्न पार्किङस्थल निर्माण गर्न डिपिआर बनाउने निर्णय गरेको थियो । उक्त निर्णयको पनि विरोध भएपछि महानगर पछि हटेको थियो । तर, महानगर प्रवक्ता नवीन मानन्धर भने भूमिगत पार्किङ केही समयका लागि स्थगित मात्र भएको बताउँदै आएका छन् । खुलामञ्चको आफ्नै इतिहास भएकाले यसलाई खुलै राख्नुपर्ने भन्दै अभियन्ताहरूले विरोध गर्दै आएका छन् ।

नौ दिनको पैदलयात्रापछि काठमाडौं आइपुगे ईः

काठमाडौं/ गत आइतबार बिहान साढे ८ बजेबाट लुम्बिनीबाट पैदल यात्रा थालेका अभियन्ता ईः नौ दिनपछि काठमाडौं आइपुगेका छन् । सडक व्यापारी, बृहत्तर अनौपचारिक क्षेत्र र सहरी गरिबको पक्षमा लुम्बिनीदेखि सिंहदरबार पैदलयात्रा सुरु गरेका ईः सोमबार काठमाडौं आइपुगेका हुन् । अभियन्ता ईः सहितको टोलीले २० मिनेट मौनधारणपछि प्रधानमन्त्रीनिवास बालुवाटार पुगेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएका थिए । सडक व्यवसाय, स्थानीय सरकारको निषेध, हिंसा गरिरहँदा पनि सिंहदबार मुकदर्शक बन्दा व्यवस्था नै कमजोर हुने भन्दै प्रधानमन्त्रीलाई प्रश्न गर्दै ज्ञापनपत्र बुझाएको अभियन्ता ईः ले बताए । प्रधानमन्त्री प्रचण्डले सकारात्मक प्रतिक्रिया दिएको उनको भनाइ छ । 'गरिब, निमुखा, सामाजिक असमानताविरुद्ध सशस्त्र संघर्ष गरेर आउनुभएको व्यक्ति प्रधानमन्त्री हुनुहुन्छ । जुन वर्गका लागि उहाँहरूले संघर्ष गर्नुभएको थियो । त्यही वर्गमाथि अन्याय भएको छ । यसलाई हेरेर बस्न मिल्छ ? भनेर हामीले प्रश्न गर्‍यौं,' उनले भने, 'हाम्रो प्रश्नमाथि उहाँले सकारात्मक प्रतिक्रिया दिनुभएको छ । केही दिनमै महसुस हुने गरी परिवर्तन देख्न पाउनुहुन्छ भन्नुभएको छ ।'

माओवादी बुर्जुवाकरण भएकै हो त ?

टीकेप्रथा अन्त्य गर्न माओवादी केन्द्रले विधान अधिवेशनबाट माथिदेखि तलसम्मका सबै कमिटी मतदानमार्फत निर्वाचित हुने व्यवस्था गरेर सकारात्मक सन्देश दिएको छ



● हरिबोल गजुरेल

अग्रलेख

नेकपा (माओवादी) केन्द्रको विधान अधिवेशन सम्पन्न भएको छ । २०७१ सालको विराटनगर राष्ट्रिय सम्मेलनमा केन्द्रीय समितिको चयन गुटहरूको सहमतिमा भए पनि राजनीतिक ब्युरो, स्थायी समिति र पदाधिकारी चयन पेरिसडाँडामा मतदानबाट भएको थियो । बाबुराम भट्टराई पक्षले यो निर्वाचन प्रक्रियालाई बहिष्कार गरेपछि पदाधिकारीको व्यवस्था खारेज गरियो । यसपटक विधानमा व्यवस्था गरेर ब्यालेटबाट कमिटी निर्माण गर्ने निर्णय गरेपछि नयाँ बहसको सुरुवात भएको छ ।

यस प्रसंगमा दुई प्रकारका मत बैठकमा दर्ज भएका छन्, पहिलो, ब्यालेटमा जानैपर्छ तर मूल्यांकन समितिमार्फत नम्बर निश्चित गर्ने विधिलाई यसमा जोड्न सकिएन भने यो बुर्जुवा र संशोधनवादी निर्वाचनको भद्दा नक्कल हुनेछ र दोस्रो, केन्द्रीय समिति मात्र होइन, अध्यक्षलगायत पदाधिकारी पनि महाधिवेशन प्रतिनिधिबाट प्रत्यक्ष चुनिनुपर्छ । दुवै प्रकारका अभिमत र बहसलाई सकारात्मक रूपमा लिनुपर्छ । यससँगै बुर्जुवा र संशोधनवादी (सारमा बुर्जुवा, रूपमा कम्युनिस्ट) पार्टीहरूले अभ्यास गर्दै आएको यो निर्वाचन प्रणाली आफूलाई सबैभन्दा क्रान्तिकारी दाबी गर्दै आएको माओवादीले किन अवलम्बन गर्दै छ ? भन्नेजस्ता प्रश्न विभिन्न वृत्तबाट उठिरहेका छन् ।

कतिपयले अनौपचारिक रूपमा माओवादी बुर्जुवाकरण भइसकेको थियो, विधान अधिवेशनबाट औपचारिक रूपमै बुर्जुवा पार्टीमा बदलियोसम्म भनिरहेका छन् । तर, पेरिस कम्युनमा 'डाइरेक्ट डेमोक्रेसी'को अभ्यास गरेको दृष्टान्त व्यहोरेको कम्युनिस्ट आन्दोलन प्रत्यक्ष निर्वाचनबाट कमिटी र कमिटीबाट पदाधिकारी चयन गर्ने जनवादी अभ्यास गर्दा आकाश खसेजस्तो गर्नुहुँदैन । बरु जनवादी केन्द्रीयताको अपव्याख्या र दुरुपयोग गरेर अर्थात् पार्टीभित्र निष्पक्ष चुनाव नगरी एउटै व्यक्ति जीवनपर्यन्त विभिन्न बहानामा पार्टी र सरकार प्रमुख रहिरहनाले कम्युनिस्ट आन्दोलन अधोगतितिर लागेको हो । तर, केन्द्रीयता जोडिने उचित प्रबन्ध नगरी ब्यालेटबाट मात्र फैसला गर्न थालियो भने चुनाव अर्को प्रकारको नौटंकीमा परिणत हुन्छ भन्ने तथ्यको हेक्का राख्नुपर्छ ।

सिद्धान्त र व्यवहारबीचको सम्बन्धको दृष्टान्त चंगा र लट्टाईलाई लिन सकिन्छ । सिद्धान्त लट्टाई हो भने व्यवहार चंगा हो । चुँडिन्छ कि भनेर चंगालाई नउडाई लटाईसँगै जोडेर मात्र राखियो भने चंगाको कुनै उपादेयता हुँदैन । तर, उडाउने नाममा लापरबाही गर्दा चंगा लटाईको नियन्त्रणभन्दा बाहिर गयो भने दुर्घटनामा पर्छ । यस अर्थमा जनवाद चंगा हो भने केन्द्रीयता लट्टाई हो । व्यक्तिको मत जनवाद हो भने कमिटीको मत केन्द्रीयता हो । संगठनात्मक रूपमा हरेक कामकारबाहीमा जनवाद र केन्द्रीयताको सन्तुलन गुम्यो भने कम्युनिस्ट पार्टीको क्रान्तिकारी चरित्र कायम राख्न सकिन्न । यससँगै विधानमा जोडिएर आएको समावेशी क्लस्टर र १० प्रतिशत मनोनयन गर्ने प्रावधानलाई सकारात्मक मान्नुपर्छ ।

आन्तरिक प्रतिस्पर्धा बुर्जुवा पार्टीको मूल चरित्र हुन्छ भने सहकार्य सहायक हुन्छ । तर, कम्युनिस्ट पार्टीको मूल चरित्र सहकार्य हुन्छ भने प्रतिस्पर्धा सहायक हुन्छ । यसर्थ यो विधान अधिवेशनपछि माओवादी पनि बुर्जुवा पार्टीको मान्यता अंगीकार गरेर आफ्नो पहिचान गुमाउँदै छ भन्ने आरोप झेलिरहेको छ । माओवादी आफ्नै लाइनमा आएकामा एमाले वृत्तले आनन्द अनुभूति गरिरहेको छ । तर, माओवादी वृत्तमा नयाँ बहस सुरुवात भइरहेको छ । बुर्जुवा पार्टी बहुलवादी मान्यतामा चल्ने हुनाले पूर्ण प्रतिस्पर्धा स्वाभाविक छ । कम्युनिस्ट पार्टी गुटगत मान्यताबाट



पेरिस कम्युनमा 'डाइरेक्ट डेमोक्रेसी' को अभ्यास गरेको दृष्टान्त व्यहोरेको कम्युनिस्ट आन्दोलन प्रत्यक्ष निर्वाचनबाट कमिटी र कमिटीबाट पदाधिकारी चयन गर्ने जनवादी अभ्यास गर्दा आकाश खसेजस्तो गर्नुहुँदैन

अलग जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्तमा चल्ने हुनाले पूर्ण प्रतिस्पर्धामा जनवादको अभ्यास त हुन्छ, तर केन्द्रीयताको अभ्यास हुन पाउँदैन । जनवादविनाको केन्द्रीयता नोकरशाही हुन्छ भने केन्द्रीयताविनाको जनवाद अराजक हुन्छ । यो निर्वाचन प्रक्रियामा पार्टीको केन्द्रीयता होइन, गुटको केन्द्रीयताको अभ्यास हुन्छ । कालान्तरमा पार्टीको पूर्ण बुर्जुवाकरण हुन जान्छ र टुटफुटको नयाँ शृंखला सुरु हुन्छ ।

ब्यालेट निर्वाचनको एकतर्फी रट लगाएर लगामविनाको घोडा दौडाइयो भने पार्टीको समाजवादी चरित्र खतम हुने मात्र होइन, जनताले आफूमाथि अर्को एमाले थोपरिएको अनुभूत गर्नेछन्

त्यसो भए कम्युनिस्टहरूले जनवादी केन्द्रीयताको आवरणमा अभ्यास गरेको टीके प्रथा नै ठीक हो त ? राजतन्त्रात्मक प्रणालीमा जस्तो नेताले पार्टी पंक्तिलाई लोभ-लालच र डर-त्रासमा राखेर उपादेयता सकिएपछि पनि जीवनपर्यन्त नेतृत्वमै रहिरहन विभिन्न देशमा गरेको अभ्यासले के परिणाम ल्यायो ? जगजाहेर छ । विश्वव्यापी रूपमा कम्युनिस्ट पछाडि पर्नुका कारणमध्ये एउटा प्रमुख कारण टीके प्रथा (नोकरशाही केन्द्रीयता) नै हो । पार्टीमा नयाँ स्वरुपको राजतन्त्र कायम हुनु हो । राजतन्त्र फाल्ने कम्युनिस्टहरूले यस्तो अभ्यास गर्नु लज्जाको विषय भएको छ । यसप्रकारको अभ्यासको अन्त्य गर्न माओवादी केन्द्रले विधान अधिवेशनबाट माथिदेखि तलसम्म सबै कमिटी मतदानमार्फत निर्वाचित हुने व्यवस्था गरेर सकारात्मक सन्देश दिएको छ । यो स्वागतयोग्य विषय हो ।

तर , एउटा ढोकाबाट ब्वाँसो लखेटेर अर्को ढोकाबाट बाघ हुल्यो भने के हुन्छ ? एमालेले पटक-पटक अवलम्बन गरेको बुर्जुवा अभ्यास माओवादीले जस्ताको तस्तै अपनाउने हो भने नेपालमा दुइटा एमाले किन चाहियो भन्ने गम्भीर प्रश्न उठ्न सक्छ र प्रश्न उठ्न थालिसकेको पनि छ । यसको गोलमटोल होइन, चित्तबुझ्दो सिद्धान्तनिष्ठ जवाफ दिन सक्नुपर्छ । जनवादको भरपूर प्रयोग नेता-कार्यकर्ताले मतदानमार्फत गर्छ भने केन्द्रीयताको अभ्यास गर्ने माध्यम के हो ? मनी, मसल, चर्को गुटबन्दी र अराजकता कसरी रोकिन्छ ? विधानमा यसको समुचित व्यवस्था गर्न आवश्यक छ । विधान अधिवेशनमा यस विषयमा प्रश्न उठेको थियो । हरेक तहको सम्मेलनबाट मतदानद्वारा मूल्यांकन आयोग निर्माण गर्ने र मूल्यांकन आयोगले ६-६ महिनामा सम्बन्धित तहको कमिटीमा सबैको कामकारबाहीको मूल्यांकन नम्बर पेस गर्छ र त्यहाँ व्यापक छलफलपछि मूल्यांकन नम्बर फाइनल गरिन्छ । र, हरेक उम्मेदवारको निर्वाचनको मत (नम्बर) र मूल्यांकनको मत जोड्दा जजसको बढी आउँछ, उनीहरूलाई निर्वाचित घोषणा गरिन्छ ।

यो नयाँ प्रावधानले जनवादी केन्द्रीयताको अभ्यास मात्र गराउँदैन, पार्टी स्वचालित बन्न मद्दत गर्छ । मूल्यांकनमा बढी नम्बर प्राप्त गर्न नेता-कार्यकर्ता इमानदार, अनुशासित र सक्रिय हुन्छन् र परिणाममुखी नतिजा निकाल्न आतुर हुन्छन् । यसैगरी निर्वाचित हुन मत आवश्यक हुने हुँदा नेता-कार्यकर्ताप्रति जवाफदेही हुन्छ । र जनताको मन जित्न आतुर हुन्छ । यसप्रकारको मिश्रित निर्वाचनको अभ्यासमा जनवादी केन्द्रीयताको भरपूर प्रयोग हुन्छ । प्रवृत्तिहरूबीचको बहसको संश्लेषणले विचार, नीति र विधिको विकासका लागि मलिलो भूमि तयार गर्छ । अन्यथा ब्यालेट निर्वाचनको एकतर्फी रट लगाएर लगामविनाको घोडा दौडाइयो भने पार्टीको समाजवादी चरित्र खतम हुने मात्र होइन, जननताले आफूमाथि अर्को एमाले थोपरिएको अनुभूत गर्नेछन् ।

३ प्रश्न

नेपाल डेरी एसोसिएसनका पूर्वअध्यक्ष **सुमित केडिया**लाई



अहिले किसानले सडकमा दूध पोख्ने स्थिति किन आएको हो ?

यतिवेला बजारमा दूधको माग घटेको भए पनि उत्पादन भने वृद्धि हुने सिजन हो । विगतमा बढी उत्पादन भएको दूधलाई पाउडर बनाएर राखिसकिएको छ । अब थप कच्चा दूधलाई पाउडर बनाएर राख्न सक्ने स्थिति पनि छैन । जसका कारण अहिले दूध उद्योगहरूले खरिद गर्न केही समस्या भइरहेको स्थिति छ । त्यसैले, अहिले किसानले दूध पोखेर विरोध गर्ने अवस्था सिर्जना भएको हो ।

अहिले दूध र दूधजन्य पदार्थको खपत किन घटिरहेको छ त ?

यसका मुख्य तीनवटा कारण छन् । पहिलो त मागभन्दा उत्पादन नै धेरै भइरहेको छ । अर्को भनेको दूध र दूधजन्य पदार्थहरूको उपभोग गर्ने ठूलो जनसंख्या विदेशतिर लागिरहेको छ । खासगरी सहरी क्षेत्रका उपभोक्ता बिदेसिने क्रम बढ्दा दूध र दूधजन्य वस्तुको उपभोग घटेको छ । त्यसैगरी विगत लामो समयदेखि मुलुकमा आर्थिक मन्दी भइरहँदा मानिसको क्रयशक्ति घट्न गएर पनि यस्ता सामग्रीको उपभोगमा असर परेको देखिन्छ ।

दुग्धजन्य पदार्थको उपभोग बढाई दूध नियमित बिक्री हुने स्थिति सिर्जना गर्न के गर्नुपर्ला ?

दूधको खपत नियमित रूपले वृद्धि गर्ने सबैभन्दा राम्रो उपाय भनेको यसका उपभोक्ता वृद्धि गर्नु हो । यसका लागि नेपाली सेना, सशस्त्र र जनपद प्रहरीको मेसमा दूध र दूधजन्य पदार्थलाई अनिवार्य गरिनुपर्छ । करिब तीन लाखको हाराहारीमा रहेका सुरक्षा निकायमा दूधको खपत बढाउन सकियो भने बजारको चिन्ता लिनुपर्दैन । त्यसैगरी, पाउडर प्लान्टको क्षमता वृद्धि गर्ने दिशामा पनि योजना बनाउनुपर्छ ।

प्रेरक प्रसंग

बालबालिकालाई बोल्न दिने कि रोक्ने ?

रातको समयमा एउटा संयुक्त परिवारका सबै सदस्य एकसाथ खाना खाइरहेका थिए । उनीहरू खाना खाने समयमा अनेक विषयमा चर्चा गर्थे । यस क्रममा परिवारका एक सदस्यले सहरको एक मन्दिरमा कताबाट पुग सकिन्छ भनेर केटाकेटीलाई सोधे । यथार्थमा ती बालबालिका पढ्ने स्कुलको बाटो हुँदै सो मन्दिर पुग सकिन्थ्यो । उनीहरू पनि पटक-पटक सो मन्दिर पुगेका थिए । त्यसैले, आज उनी बालबालिकाको परीक्षा लिन चाहन्थे । बालबालिकाले बाटोबारे ध्यान दिएका छन् कि छैनन् भनेर उनी बुझ्न चाहन्थे ।



सबैभन्दा ठूलो बालकले यताउताका कुरा गरेर प्रश्न छल्ने कोसिस गरे । यो सब देखेर सबैले उनलाई त्यसबारे थाहा छैन भन्ने लख काटे । दाजुको अवस्था देखेर बहिनीले भनी- सायद दादालाई मन्दिर जाने बाटो थाहा छैन । त्यो मन्दिर त अस्पतालअगाडिको बाटोबाट गए पुगिन्छ, होइन र ? छोरीको जवाफ सुन्नासाथ आमाले उनलाई हप्काइन् । तिमी चुप लाग नानू, तिमीलाई केही थाहा छैन । के तिमी दादाभन्दा बढी जान्ने भयौ ? दादाले जवाफ दिइहाल्छ नि ! उसले भन्दै छ त ! आमाको आवाज सुनेपछि बालिका रुन्चे मुख लगाएर चुप लागिन् । दिदीको अवस्था देखेपछि सानो भाइले दिदीको पक्ष लिँदै भन्यो- दिदीले ठिकै त भन्दै हुनुहुन्छ नि आमा ! दादालाई त बाटो थाहै रहेनछ । आमाले उसलाई पनि हप्काउँदै भनिन्- तिमी पनि चुप लाग सानू !

सबैको कुराकानी सुनिरहेका हजुरबाले बुहारीलाई सम्बोधन गर्दै भने- बुहारी, तिमी केटाकेटीलाई बोल्न देऊ । उनीहरूलाई नरोक । उनीहरूलाई बोल्न प्रोत्साहन गर । हप्काइदप्काइको प्रभावले बालबालिका बोल्न डराउँछन् । आज उनीहरूले घरमा बोल्न पाएनन् भने यिनले कसरी भोलि बाहिरको समाजमा बोल्न सक्छन् ? कसरी तिनले आजको चुनौतीपूर्ण समाजमा प्रतिस्पर्धा गर्न सक्छन् ? आखिर बोल्दाबोल्दै नै त हो उनीहरूले तर्क गर्न सिक्ने !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कहिलेसम्म सडकमा दूध पोखिरहने ?

बक्यौता पनि नउठ्ने र व्यापारीले पनि नकिन्ने अवस्था सिर्जना भएपछि चितवनका किसानले सडकमा दूध पोखेको समाचार पढ्दा नमज्जा लाग्यो । किसानले बडो दुःखले पशुपालन गरेर दूध उत्पादन गर्छन् र देशको आवश्यकता पूरा गर्न सघाउँछन् । तर, तिनै किसानको दूध किनेर व्यापार गर्ने व्यापारीले समयमै बक्यौता नतिर्ने र थप दूध पनि नकिन्ने अवस्था सिर्जना भएपछि किसान साँच्चै मारमा परेका छन् । उनीहरूको पीडा बुझेर त्यसको न्यूनीकरणका लागि सरकारले केही गर्न सक्दैन हो ? सक्छ भने किसानले पटक-पटक सडकमा दूधदेखि तरकारीसम्म किन पोखिरहनुपर्छ ?

● **वन्दना पुन**, चिप्लेढुंगा, पोखरा

किसानको हित हेर्ने कसले ?

नेपाल कृषिप्रधान देश
हो भनेर धेरैतिर पढियो,
सुनियो । हुन पनि यहाँका
अधिकांश जनताको मुख्य
पेसा भनेको अझै पनि
कृषि नै हो । देशको गार्हस्थ
उत्पादनमा पनि कृषि क्षेत्रको
योगदान निकै छ । तैपनि,
किसानको हितमा कसैले काम
गरेको देखिन्न । बिचौलिया र
व्यापारी सकेसम्म किसानलाई
लुट्न तयार हुन्छन् । सरकार
उनीहरूको लुटमा मौन
बसेर किसानको पीडामा
नुनचुक दल्न तयार हुन्छ ।
अनि, किसानको हित
हेर्नेचाहिँ कसले ?

● **सन्तोष किसान**
गैंडाकोट, नवलपुर

महासमितिले आशा जगाउला ?

यतिखेर ललितपुरको गोदावरीमा कांग्रेस महासमित बैठक चलिरहेको छ । यो बैठकले पार्टी जीवनमा ऊर्जा ल्याउला या सामान्य कर्मकाण्डी मात्र बन्ला, त्यो थाहा पाउन त केही समय पर्खिनैपर्छ । तर, कांग्रेस महासमितिका सदस्यहरूमा थोरै मात्र भए पनि विवेक छ भने यसले देश र जनताका समस्या समाधानमा समेत प्रस्ट खाका बनाएर सरकार र पार्टीलाई घचघच्याउन सक्नुपर्छ । पार्टी ०८४ पछि थप सुस्ताउने अवस्था अन्त्य गर्न महासमितिले बलियो नीति ल्याउनुपर्छ ।

● **सुमित्र प्रधानांग**
सानोठिमी, भक्तपुर

महासमिति बैठकमा सबैको नजर

फागुन ७ देखि कांग्रेसको माहासमिति बैठक चलिरहेको छ । हालै माओवादीको विधान अधिवेशन सम्पन्न भएको छ । उता एमालेले पनि ८ गतेदेखि केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ । मौसमसँगसँगै राजनीतिक वातावरण पनि तात्ने र त्यसले गठबन्धनको संस्कार र संस्कृतिमै हलचल ल्याउने अवस्था देखिएको छ ।

गगन-शेखर समूह अबदेखि कांग्रेसले चुनावअघि कसैसँग पनि गठबन्धन नगर्ने भनी महासमितिबाट प्रस्ताव पास गर्न कम्मर कसेर लागेको छ भने उता देउवा समूह त्यसले गठबन्धन सरकार भत्कन सक्ने भन्दै त्यो प्रस्ताव रोक्न खोज्दै छ । कांग्रेसकै केही केन्द्रीय सदस्यले संविधानबाट धर्मनिरपेक्षता हटाई हिन्दू धर्म लेख्नुपर्ने प्रस्ताव पनि महासमिति बैठकमा पेस गर्ने बताएका छन् । जसले धार्मिक द्वन्द्व उत्पन्न हुने परिस्थिति निम्त्याएको छ । धर्मको मामिलामा आमनेपाली शान्तिप्रिय छन् । उनीहरू धर्मको विषयमा भारतमा झैं काटमार नहोस् भन्ने चाहन्छन् । यद्यपि नेपालमा हिन्दू समुदाय धेरै छन् । त्यसैले, संविधान निर्माण गर्दा हिन्दू राष्ट्र हटाउनु गलत थियो । तथापि, अब यही विषय उठाएर देशमा नयाँ द्वन्द्व सिर्जना गर्नु उचित हुँदैन ।

यस्तो प्रस्तावले शान्त रहेको पोखरीमा ढुंगा हान्ने काम हुन्छ र यो वर्तमान संविधानको विपरीत पनि हुन्छ । यसर्थ, यो प्रस्ताव कांग्रेस माहासमितिमा प्रस्तुत गरिनु उचित हुन्न । धार्मिक द्वन्द्व भड्काएर शान्त वातावरण बिगार्नु देश हितमा हुँदैन । आमनागरिक पार्टीका अधिवेशन र नीतिहरू मुलुकमा सुशासन ल्याउने, विकासलाई सघाउने, भ्रष्टाचार अन्त्य गर्ने खालको होस् भन्ने चाहन्छन् । यसतर्फ कांग्रेस नेताहरूको ध्यान जाओस् ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

यसकारण आवश्यक छ श्रीलंकामा समयमै चुनाव

राष्ट्रपति रानिल विक्रमासिंघेले चुनाव सार्दा पाएको अतिरिक्त समयलाई राजनीतिक खेल खेल्न उपयोग गरिरहेका छन्



देश/विदेश

● थिरुनी केलेगमा

श्रीलंका सन् १९४८ मा स्वतन्त्र भएयता सबैभन्दा ठूलो आर्थिक संकट झेलिरहेको छ । जर्जर आर्थिक संकटका कारण सन् २०२२ मा आक्रोशित जनता तत्कालीन राष्ट्रपति गोटाबाया राजपाक्षेको निवासमा पसेका थिए । परिणामतः राजपाक्षे देश छाड्न बाध्य भए । लगत्तै वर्षको चुनाव अनिश्चितकालका लागि सारियो । राजपाक्षेपछि राष्ट्रपति बनेका रनिल विक्रमासिंघेले संसद्मा आर्थिक संकटबीच चुनाव गरे मुलुकमा भयावह स्थिति निम्तिने चेतावनी दिएका थिए ।

विपक्षी सांसदले राष्ट्रपतिको निर्णयलाई आर्थिक संकटका आडमा सत्तामा रहिरहने र 'लोकतन्त्रलाई तहसनहस' पार्ने रणनीति भन्दै आलोचना गरे । तर, नोभेम्बरमा राष्ट्रपति विक्रमासिंघेले सन् २०२४ मा राष्ट्रपतीय निर्वाचन र सन् २०२५ मा संसदीय निर्वाचन गर्ने घोषणा गरेका छन् । के यो वर्ष स्वतन्त्र र निष्पक्ष चुनावले वास्तविक परिवर्तन ल्याउन सक्छ त ? अथवा यो चुनाव १५ वर्षदेखिको राजपाक्षेले स्थापित गरेको र विक्रमासिंघेले सुदृढ गरेको अधिनायकवादलाई मलजल गर्ने अस्त्र बन्नेछ ? दक्षिण एसियाली मुलुकमा यस वर्ष पाँच चुनाव भइरहेका छन् र सम्भवतः सबै ठाउँमा सत्तापक्षले नै चुनाव जित्नेछ । तर, श्रीलंकाली चुनावी नतिजा भने अझै स्पष्ट हुन सकेको छैन ।

पाँचपटक प्रधानमन्त्री भइसकेका विक्रमासिंघेले राष्ट्रपतिका चुनावी प्रतिस्पर्धा गर्ने व्यापक चर्चा छ । तर, जनताबाट निर्वाचित नभई सत्तामा पुगेको भन्दै विक्रमासिंघेको आलोचना हुँदै आएको छ । राजपाक्षेलाई प्रतिस्थापित गर्न उनले संसद्बाट चुनाव जितेका हुन् । यसका अलावा उनीसँग कुनै लोकप्रिय मत छैन । मुलुकलाई वित्तीय संकटबाट पार लगाउन विक्रमासिंघेले अन्तर्राष्ट्रिय मुद्रा कोषसँग दुई अर्ब ९० करोड डलरबराबरको ऋण लिएका थिए । विक्रमासिंघेले यही ऋणले ल्याएको 'स्थायित्व'लाई चुनावी रणनीतिका रूपमा प्रयोग गर्नेछन् ।

वास्तवमा स्थायित्व एक मिथक मात्र हो अवस्था अझै पनि कहालीलाग्दो छ । १७ प्रतिशतभन्दा बढी श्रीलंकाली जनताले खाद्य असुरक्षा झेलिरहेका छन् । मुद्रा कोषले उपलब्ध गराएको ऋण घरेलु ऋण घटाउन दिइएको थियो । घरेलु ऋणको पुनर्संरचना गर्ने विक्रमासिंघेको रणनीतिले श्रमजीवी तप्कालाई पिरोलेको छ । सरकारले सरकारी ऋण दायित्वमा ब्याजदर घटाउने योजना बनाएको छ । सरकारी ऋण दायित्वमा पेन्सन कोष सामिल छ । यसरी ब्याजदर घटाउँदा आगामी दशकको अवकाश कोषमा ३० प्रतिशतको गिरावट आउनेछ । सैन्यकरण अझै चरम बिन्दुमा छ । मुलुकको उत्तर र पूर्वी क्षेत्रका अल्पसंख्यकको अधिकारलाई कुण्ठित गर्न निगरानी, प्रताडना र गैरकानुनी गिरफ्तारी भइरहेका छन् । विक्रमासिंघेको विजयले यस प्रवृत्तिलाई निरन्तरता दिइरहनेछ ।

सत्तामा रहिरहन विक्रमासिंघेले चुनाव गराउने आफ्नो वाचा पूरा गर्नुपर्छ । स्थानीय सरकारको चुनाव ९ मार्च २०२३ मा हुन गइरहेको थियो, तर यसलाई कोषको कमी बताउँदै सारिएको थियो । चुनाव स्थगनले ठूलो विरोध निम्त्याएको थियो, जहाँ १५ जनाभन्दा बढी घाइते भएका थिए । लगत्तै निर्वाचन आयोगले सर्वोच्च अदालतको आदेशलाई अवज्ञा गर्दै अनिश्चितकालका लागि चुनावलाई सारेको थियो । विक्रमासिंघेले त्यसपछि संविधान संशोधन गरेर चुनावी प्रणालीमा परिवर्तनको सम्भावना खोज्न एक आयोग निर्माण गरे । जब चुनाव घोषणा अन्ततः भयो, तब मतदाताले स्वभावतः चुनावलाई आशंकाको नजरबाट हेरेका थिए । चुनाव सार्न खोज्नु अलोकतान्त्रिक कदम हो । चुनावमा भइरहेको ढिलाइका पछाडि विक्रमासिंघेले आफूलाई राष्ट्रपति



तस्बिर : सेबेस्टियन कास्टिलियर/सटरस्टक

उम्मेदवारका रूपमा उभ्याउन रहेको देखिन्छ । विक्रमासिंघे पूर्वराष्ट्रपति महिन्दा राजपाक्षे (गोटाबया राजपाक्षेका भाइ) को श्रीलंका पोदुजना पेरामुना पार्टीबाट समर्थन जुटाउने ध्याउन्नमा छन् । यो सोचविचार गरेर गरिएको रणनीति हो, किनभने राजपाक्षे पुनः राष्ट्रपति हुने कुनै छाँटकाँट छैन । नोभेम्बर २०२३ मा सर्वोच्चले गरेको ऐतिहासिक फैसलाअनुसार श्रीलंकाको आर्थिक संकटका लागि राजपाक्षे भाइ, केन्द्रीय बैंकका गभर्नर र वित्तीय कोषका अधिकारीलाई जिम्मेवार ठहऱ्याइएको थियो । विक्रमासिंघेले चुनाव सार्दा पाएको अतिरिक्त समयलाई राजनीतिक खेल खेल्न उपयोग गरिरहेका छन् । उनले सन् १९८७ को भारत-लंका सम्झौता लागू गर्ने वाचा गरेका छन् । सम्झौताले मुलुकलाई नौ प्रान्तमा विभाजन गर्ने प्रत्याभूति गरेको थियो । यो वाचा अल्पसंख्यकको तुष्टीकरण र राजनीतिक समर्थनका लागि शक्ति बाँडफाँडको रणनीति हो । यो वाचालाई जनवरीमा कोलम्बो भ्रमणमा आएका भारतीय विदेशमन्त्री सुब्रमण्यम जयशंकर खुसी पार्न गरिएको पनि भन्न सकिन्छ । भ्रमणका क्रममा जयशंकरले सरकारको ऋण पुनर्संरचना योजनालाई समर्थन गरेका थिए ।

विक्रमासिंघेले चुनावमा भएको ढिलाइमा अनलाइन सुरक्षा ऐनलाई संसद्बाट पारित गर्न निकै हतारो गरेका छन् । अनलाइन दुर्व्यवहार, प्रताडना र ठगी रोक्न बनाइएको यो कानुन दमनकारी छ । यसले स्वतन्त्र र निष्पक्ष चुनावका लागि आवश्यक अभिव्यक्ति स्वतन्त्रतालाई जोखिममा पार्न सक्छ । एक चुनाव सफल तब हुन्छ, जब प्रतिस्पर्धी पनि सही हुन्छन् । यस अवस्थामा विक्रमासिंघे र उनका साझेदार कोसँग भयभीत छन् त ? अनौपचारिक सर्वेक्षणअनुसार वामपन्थी नेसनल पिपल्स पावर गठबन्धनका नेता अनुरा कुमारा दिस्सानायकेको लोकप्रियता दिनानुदिन बढिरहेको छ । सन् २०१९ मा राष्ट्रपतिको चुनाव लडेका दिस्सानायकेले भ्रष्टाचार निर्मूल गर्ने, भ्रष्ट राजनीतिज्ञ एवं अधिकारीलाई जिम्मेवार ठहऱ्याउने र नयाँ शासन व्यवस्था लागू गर्ने वाचा गरेका छन् । यी वाचा श्रीलंकाली जनताको अपेक्षासँग मिल्छन् । विक्रमासिंघेले सुरुमा श्रीलंकाले पर्याप्त स्थायित्व हासिल गरेपछि निर्वाचन गराउने बताएका थिए । तर, ढिलाइ गर्नुको वास्तविक कारण विक्रमासिंघे थप वैधानिक एवं विश्वसनीय सरकार चाहन्नन् । यस अर्थमा चुनाव हुनु नै महत्त्वपूर्ण विषय हो ।

(केलेगमा अक्सफोर्ड विश्वविद्यालयकी मोडर्न साउथ एसियन स्टडिजकी लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

गोप्य चन्दाको खारेजीले भाजपालाई कति असर ?

सन् २०१८ देखि इलेक्टोरल बन्डमार्फत विभिन्न दललाई गोप्य दाताको करिब १६ हजार करोड भारु सहयोग, धैरै लाभ लिनेमा भाजपा

भारतको सर्वोच्च अदालतले राजनीतिक दलहरूलाई बेनामी चन्दा दिन सकिने एउटा योजना ‘इलेक्टोरल बन्ड’ स्किमलाई असंवैधानिक भन्दै बिहीबार खारेज गरिदियो । यस योजनाबाट विशेषगरी सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)ले ठूलो लाभ लिएको थियो । राजनीतिक दललाई नगदै चन्दा दिने कार्य रोक्न र थप पारदर्शी बनाउन भन्दै प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले सन् २०१८ मा इलेक्टोरल बन्ड योजना ल्याएको थियो ।

सो योजना खारेज गर्न माग गर्दै जारी याचिकामा अदालतले आफ्नो फैसला सुनाएको हो । यो योजना छानबिनअन्तर्गत रहेको छ । सर्वोच्च अदालतले नोभेम्बरमा उक्त योजना ‘पैसा शुद्धीकरणका लागि दुरुपयोग हुन सक्ने’ जनाएको थियो । अदालतको फैसलाले भारतमा आगामी मार्च र मे महिनामा हुने आमनिर्वाचन कसरी लडिन्छ, अदृश्य रकमले निर्वाचनमा कत्तिको भूमिका खेल्छ र राजनीतिक परिदृश्यमा हाबी हुने स्रोतहरू कोसँग हुन्छ ? जस्ता विषयलाई निर्धारण गर्न सक्छ । इलेक्टोरल बन्ड प्रणालीअन्तर्गत यी बन्डहरू स्टेट बैंक अफ इन्डियाबाट किन्नुपर्छ, तर गुमनाम रूपमा पार्टीहरूलाई दान गर्न सकिन्छ ।



इलेक्टोरल बन्ड प्रयोग गर्ने दाताहरू प्राविधिक रूपमा गुमनाम छन् । तर, सरकारी स्वामित्वमा रहेको इस्टेट बैंक अफ इन्डियाले सत्तारुढ पार्टीलाई प्रभावकारी रूपमा आफ्नो तथ्यांकमा अघोषित रूपमा पहुँच दिन्छ । यसले ठूला दातालाई विपक्षी दललाई चन्दा दिन चुनावी बन्ड प्रयोग गर्नबाट रोक्न सक्ने सम्भावना रहेको आलोचकहरू बताउँछन् ।

इलेक्टोरल बन्ड प्रयोग गर्ने दाताहरू प्राविधिक रूपमा गुमनाम छन् । तर, सरकारी स्वामित्वमा रहेको इस्टेट बैंक अफ इन्डियाले सत्तारुढ पार्टीलाई प्रभावकारी रूपमा आफ्नो तथ्यांकमा अघोषित रूपमा पहुँच दिन्छ । यसले ठूला दातालाई विपक्षी दललाई चन्दा दिन चुनावी बन्ड प्रयोग गर्नबाट रोक्न सक्ने सम्भावना रहेको आलोचकहरू बताउँछन् ।

यसबाहेक सन् २०१७ मा भारतको केन्द्रीय बैंक भारतीय रिजर्भ बैंक (आरबिआई)ले अज्ञात कम्पनीले पैसा शुद्धीकरणलाई सहज बनाउन बन्डहरूको दुरुपयोग गर्न सक्ने मोदी सरकारलाई चेतावनी दिएको थियो । सन् २०१९ मा देशको निर्वाचन आयोगले प्रणालीलाई ‘दानको पारदर्शिताको सन्दर्भमा प्रतिगामी कदम’ भनेर व्याख्या गरेको थियो ।

सन् २०१८ देखि गोप्य दाताहरूले यी बन्डमार्फत विभिन्न राजनीतिक दललाई लगभग १६ हजार करोड भारतीय रुपैयाँ (१.९ अर्ब डलर) दिएका छन् । गैरसरकारी संस्था एसोसिएसन फर डेमोक्रेटिक रिफर्म्स (एडिआर)का अनुसार सन् २०१८ देखि मार्च २०२२ सम्म इलेक्टोरल बन्डमार्फत चन्दाको ५७ प्रतिशत (लगभग ६० करोड डलर) मोदीको भाजपाले प्राप्त गर्‍यो ।

भारतले मार्च र मेबीचमा नयाँ सरकार चयन गर्न ९० करोडभन्दा बढी मतदातालाई चुनावमा जानका लागि तयारी गरिरहेको वेला यी कोषहरूले भाजपालाई एक प्रमुख इलेक्टोरल मेसिनमा रूपान्तरण गर्न अनुमति दिएको थियो । यहाँ इलेक्टोरल बन्डले कसरी काम गर्छ र किन यस प्रणालीलाई ‘अलोकतान्त्रिक ? भनेर आलोचना गरिन्छ भन्नेबारे पनि चर्चा गर्न खोजिएको छ ।

■ के हो इलेक्टोरल बन्ड ?

इलेक्टोरल बन्ड (इबिएस) नोट मुद्राजस्तै ‘वाहक’ माध्यम हुन् । तिनीहरू एक हजार भारु (१२ डलर), १० हजार भारु (१२० डलर), एक लाख भारु (१२०० डलर), १० लाख भारु (१२ हजार डलर) र एक करोड भारु (१ लाख २० हजार डलर) को मूल्यमा बेचिन्छन् । बन्डलाई व्यक्ति, समूह वा कर्पोरेट संस्थाले किन्न सक्छन् र उनीहरूको मनपर्ने राजनीतिक दललाई दान गर्न सक्छन् ।

राजनीतिक दलहरूले २० हजार भारु (२४० डलर) भन्दा बढी नगद दान गर्ने सबै दाताको पहिचान खुलाउन आवश्यक भए पनि इलेक्टोरल बन्डमार्फत दान गर्नेहरूको नाम जतिसुकै ठूलो रकम भए पनि खुलासा गर्नुपर्दैन ।

इलेक्टोरल बन्डको परिचयपछि यो राजनीतिक कोषको प्रमुख माध्यम भएको छ । एडिआरको एक प्रतिवेदनअनुसार भारतीय राजनीतिमा सबै कोषको ५६ प्रतिशत इबिएसबाट आउँछ । गुमनाम रूपमा पैसा दान गर्ने क्षमताले बन्डलाई अत्यन्त लोकप्रिय बनाएको छ, तर यस गोप्यताले अलोकतान्त्रिक र भ्रष्टाचारका लागि कवज प्रदान गर्न सक्ने धैरैले बताउँछन् ।

जब सरकारले यस प्रकारको कोषलाई अनुमति दिने नयाँ कानुन ल्यायो, मोदी सरकारले राजनीतिक कोषमा पारदर्शिता सुधार गर्नका लागि धैरै मापदण्ड पनि हटायो, कर्पोरेट चन्दा रोक्ने अघिल्लो कानुन खारेज गरियो, कम्पनीहरूले अब उनीहरूको स्टेटमेन्टमा चन्दा खुलासा गर्न आवश्यक परेन र विदेशी कम्पनीहरूले (अहिलेसम्म भारतीय पक्षहरूलाई पैसा दिन अनुमति दिइएको थिएन) अब तिनीहरूको भारतीय सहायक कम्पनीमार्फत सहयोग गर्न सक्नेछन् ।

■ इलेक्टोरल बन्डमार्फत भाजपालाई धैरै लाभ

भाजपा इलेक्टोरल बन्ड चन्दाको सबैभन्दा ठूलो लाभार्थी हो । भारतको निर्वाचन आयोगको तथ्यांकअनुसार सन् २०१८ देखि मार्च २०२२ को बीचमा कुल चन्दाको ५७ प्रतिशत (करिब पाँच हजार २७१ करोड भारु) इबिएसमार्फत भाजपामा गएको थियो । तुलनात्मक रूपमा अर्को सबैभन्दा ठूलो पार्टी भारतीय राष्ट्रिय कांग्रेसले ९५२ करोड भारु (लगभग ११५ मिलियन) प्राप्त गर्‍यो । इबी नियममा केवल सार्वजनिक स्वामित्वको भारतीय स्टेट बैंकले यी बन्ड बेच्न सक्छ । यसले सरकारलाई अनियन्त्रित शक्ति दिने धैरैले तर्क गरेका छन् ।

‘बन्ड सार्वजनिक क्षेत्रको बैंकले जारी गर्ने हुँदा एक सिद्धान्तविहीन सरकारले दाता र प्राप्तकर्ताको सूची थाहा पाउन सक्छ,’ भारतीय रिजर्व बैंकका पूर्वगभर्नर र अर्थशास्त्री रघुराम राजनले गत वर्ष टाइम्स अफ इन्डियाका लागि लेखमा लेखेका थिए ।

इबिएसले भाजपाको चुनावी वर्चस्वमा पनि योगदान गरेको छ । ‘तिनीहरूलाई चुनावी बन्ड भनिन्छ, तर नियमले यो पैसा चुनावको लागि मात्र प्रयोग गर्नुपर्छ भनेर भन्दैन,’ सेवानिवृत्त भारतीय नौसेना कमान्डर लोकेश बत्राले भने । उनले चुनावी कोषमा अधिक पारदर्शिताका लागि आह्वान गर्दै अभियानको नेतृत्व गरिरहेका छन् ।

आलोचकका अनुसार भाजपा र यसको निकटतम प्रतिद्वन्द्वी कांग्रेसले प्राप्त गरेको रकमबीचको बेमेलले इबिएसले सिर्जना गरेको असमानता चित्रण गर्दछ । उदाहरणका लागि सन् २०२३ को मेमा दक्षिणी राज्य कर्नाटकको राज्य विधानसभा चुनावमा कांग्रेस र बिजेपी एकअर्काको विरुद्धमा भिडे । निर्वाचन आयोगमा दुवै दलले पेस गरेको कागजातमा भाजपाले १९७ करोड (२४ मिलियन डलर) खर्च गर्न सफल भएको देखाएको छ भने कांग्रेसले १३६ करोड (१६ मिलियन डलर) खर्च गरेको छ ।

- अलजजिराबाट

इतिहासमा आज

फेब्रुअरी २०



● **सन् १९४४ :** अमेरिकी बमवर्षकबाट जर्मनीको एयरक्राफ्ट म्यानुफ्याक्चरिङ सेन्टरमा आक्रमण । ‘बिग विक’ भनेर चिनिने यो अमेरिकी बमबारीको उद्देश्य युरोपमा आफ्नो वायु श्रेष्ठता हासिल गर्नु थियो ।

● **सन् १९४७ :** स्वतन्त्रतातर्फको संक्रमणको देखरेख गर्न अर्ल माउन्टबेटन अफ बरुमा भारतको अन्तिम भायसराय नियुक्त ।

● **सन् १९६२ :** पृथ्वीको कक्षमा पुग्ने पहिलो अमेरिकी नागरिक एट्लान्टिक महासागरमा सुरक्षित अवतरण । सोभियत अन्तरिक्षयात्री युरी गागरिनले अन्तरिक्ष कक्षबाट पृथ्वीलाई चक्कर लगाएको लगभग एक वर्षपछि अमेरिकी नागरिक जोन ग्लेन पनि अन्तरिक्षबाट पृथ्वीको चक्कर लगाएर फर्किएका थिए ।

● **सन् १९८६ :** सोभियत संघले अन्तरिक्ष स्टेसन मिरको कोर मोड्युल सुरु गर्‍यो ।

● **सन् १९८८ :** अजरबैजानबाट डेर स्वायत्त ओब्लास्ट छुट्टिएपछि नागोर्नो-काराबाख युद्ध सुरु । अहिले नागोर्नो-काराबाख क्षेत्र लगभग एक स्वतन्त्र राज्यका रूपमा रहेको छ । यद्यपि, यो क्षेत्रलाई अन्तर्राष्ट्रिय रूपमा भने अझै पनि अजरबैजानकै एक हिस्साका रूपमा चिनिन्छ ।

विश्व संक्षेप

पुनर्निर्माणमा सहयोग गर्न युक्रेनले गर्‍यो जापानसँग आग्रह

किभ/ युक्रेनले जापान सरकार र निजी क्षेत्रसँग मुलुकको पुनर्निर्माणका लागि सहयोग बढाउन आग्रह गरेको छ । प्रधानमन्त्री डेनिस स्मिगलले सोमबार यस्तो आग्रह गरेका हुन् । उनले रुससँगको करिब दुई वर्ष पुरानो युद्ध समाप्त भएपछि ‘आर्थिक चमत्कार’ हुने प्रतिबद्धता व्यक्त गरे । पूर्ण मात्रामा आक्रमण सुरु भएदेखि जापानले युक्रेनलाई १० अर्ब डलरभन्दा धैरै विभिन्न सहयोग प्रदान गरेको छ, यसबाट जापान युक्रेनलाई वित्तीय सहयोग गर्ने चौथौ सबैभन्दा ठूलो मुलुक बनेको छ । जापान र युक्रेनका करिब तीन सय सरकारी तथा व्यापारिक नेताहरूको एक सम्मेलनमा प्रधानमन्त्री स्मिगलले भने, ‘रुसका कारण भएको भीषण युद्धका क्रममा जापानी सहयोगले लाखौँ युक्रेनी बाँच्न सक्षम भएका छन् ।’ युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि भिडियो लिंकमार्फत टोक्योमा सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम थियो तर यसलाई पछि रद्द गरिएको थियो ।

दक्षिण चीन सागरमा बेइजिङको छैन आक्रामक नीति

बेइजिङ/ चीन र आसियान देशसँग दक्षिण चीन सागरमा शान्ति, स्थिरत र वैध अधिकारको रक्षा गर्ने क्षमता र बुद्धि रहेको चिनियाँ विदेशमन्त्री वाङ यीले दाबी गरेका छन् । दक्षिण चीन सागरमा चीनको आक्रामकता बढेको भन्ने प्रचारबीच ६०औं म्युनिख सुरक्षा सम्मेलनमा विदेशमन्त्री वाङको भनाइ आएको हो । नान्हाई झुडाओ (दक्षिण चीन सागर टापुहरू) प्राचीन कालदेखि नै चीनको भूभाग रहेको वाङले बताए । सन् १९६० र १९७० को दशकमा केही देशले चीनका केही टापु र चट्टानहरू एकपछि अर्को गर्दै आक्रमण गरी कब्जा गरेका तर चीनले सधैँ संयमता अपनाउँदै मैत्रीपूर्ण परामर्शबाट समस्या समाधान गर्न जोड दिइरहेको उनले बताए । तथाकथित आक्रामक प्रचारको कुनै अर्थ नहुने मन्त्री वाङको भनाइ छ ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०/११/०८ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी ओभरड्राफ्ट कर्जा, डिमाण्ड कर्जा र बैंक जमानत कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्बजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पुनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०/११/१५ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना		लिलाम हुने धितोको विवरण
ऋणीको नामः आर.टि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय मा दर्ता रहेको) दर्ता नं.: ७१४३२/०६६/०६७ दर्ता मितिः २०६६/१२/०५ स्थायी लेखा नं.: ३०४२०९९६९ ठेगानाः महोत्तरी जिल्ला, वर्दिवास गा.वि.स वडा नं. १ हाल परिवर्तित महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं. १ । **सञ्चालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताहरूः** **१. राज कुमार श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): १०३४० (२०४४/०३/०९/नवलपरासी) बाजेको नामः टेक बहादुर श्रेष्ठ बाबुको नामः सूर्यलाल श्रेष्ठ ठेगानाः नवलपरासी जिल्ला, डेडगाऊँ गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं. १ । **२. टिका श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८०६५ (२०५१/०४/३१/नवलपरासी) बाबुको नामः वलध्वज खड्का ससुराको नामः सूर्यलाल श्रेष्ठ पतिको नामः राज कुमार श्रेष्ठ ठेगानाः नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, वर्दिवास न.पा. वडा नं. १ ।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. विपलव श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): १८-२-०७५/२१२(२०७०/०७/०८/महोत्तरी) बाजेको नामः सूर्यलाल श्रेष्ठ बाबुको नामः राज कुमार श्रेष्ठ ठेगानाः महोत्तरी जिल्ला,गौरीवास गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं. १ । **२. विवेक श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): १८१०७५/३४२ (२०६८/११/१५/महोत्तरी) बाजेको नामः सूर्यलाल श्रेष्ठ बाबुको नामः राज कुमार श्रेष्ठ ठेगानाः महोत्तरी जिल्ला,गौरीवास गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, वर्दिवास न.पा. वडा नं. १ ।	१. टेक बहादुर श्रेष्ठको नाति, सूर्यलाल श्रेष्ठको छोरा, नवलपरासी जिल्ला, डेडगाऊँ गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, वर्दिवास न.पा., वडा नं. १ बस्ने **राज कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय वर्दिवास को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसार को सम्पत्तिहरूः (क) महोत्तरी जिल्ला, २५ नं. बहादुर गञ्ज गा.वि.स. वडा नं. ४(च) स्थित कि. नं. १२०, १५४ र १५८, को क्षेत्रफल क्रमश, ०-१-० ०-०-११ र ०-१-० विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) महोत्तरी जिल्ला, २५ नं. बहादुर गञ्ज गा.वि.स. वडा नं. ४(ङ) स्थित कि. नं. २९८ र ३०२ को क्षेत्रफल क्रमश ०-०-१८ र ०-०-१२ विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग) महोत्तरी जिल्ला, २५ नं.बहादुर गञ्ज गा.वि.स.वडा नं. १(ग) स्थित कि. नं. ४१२ र ३४५, को क्षेत्रफल क्रमश ०-१-१० र ०-२-६ विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (घ) महोत्तरी जिल्ला, २५ नं. बहादुर गञ्ज गा.वि.स. वडा नं.१ (ख) स्थित कि. नं. ३५४, १९१३, ४६५ र ४६२ को क्षेत्रफल क्रमश ०-२-०,०-०-६¼, ०-१-० र ०-०-१४ विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

कामना सेवा विकास बैंक लि. Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

थप जानकारीको लागि QR Code Scan गर्नुहोस्

यस बैंकको शाखा कार्यालय ग्वार्कोमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति : २०८०/११/०८

यस विकास बैंकको शाखा कार्यालय ग्वार्कोबाट तपसिलमा उल्लिखित ऋणीले व्यापार कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ताहरुलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी सहित ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सवैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

<table>
<tr><th>सि. न.</th><th>ऋणीको विवरण</th><th>धितो/धनजमानीकर्ताको विवरण</th><th>धितोमा रहेको सम्पतिको विवरण</th></tr>
<tr><td>१.</td><td>टु ब्रदर्श मल्टिप्रपोज प्रा.लि
दर्ता नं. : २५१४८२/०७७/७८
ठेगाना : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-१३, सितापाइला
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
स्थायी लेखा नं. : ६०९८९१९९३
अख्तियार प्राप्त व्यक्ति/जमानतकर्ता :
शिव शरण शाही
ना.प्र.नं. : १३८०६
जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, काठमाडौं
बाबु : भीम बहादुर शाही
बाजे : लाल बहादुर शाही
ठेगाना : का.म.न.पा-०९, काठमाडौं हाल ललितपुर म.न.पा-०९, ललितपुर ।</td><td>किशन कमल शाही
ना.प्र.नं. : ३१९/४१९६
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काठमाडौं
पति : शिव शरण शाही
ससुरा : भीम बहादुर शाही
ठेगाना : का.म.न.पा-०९, काठमाडौं हाल ललितपुर म.न.पा-०९, ललितपुर ।</td><td>१) शिव शरण शाहीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको निम्न अनुसारको घर/जग्गा
<table>
<tr><th>ठेगाना</th><th>नक्सा सिट</th><th>कित्ता नं.</th><th>क्षेत्रफल (बि.मि)</th></tr>
<tr><td>का.म.न.पा-१९, काठमाडौं</td><td>१०२११०३१०</td><td>४६</td><td>४५२.४०</td></tr>
</table>
साथै सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
</table>

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आँफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पुनश्च : उल्लिखित ऋणी (अख्तियार प्राप्त व्यक्ति)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थानः
बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/११/१४ गते र बोलपत्र खोलिने मितिः २०८०/११/१५
समयः दिनको :४:०० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ८ फागुन ०८०

पुनर्बिमा कम्पनीको पुँजी वृद्धि योजना

हिमालयनले हकप्रद सेयर जारी गर्ने, नेपाल रि-इन्स्योरेन्सले दिएन पुँजी वृद्धि योजना

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चुक्ता पुँजी बढाउन निजी स्वामित्वको हिमालयन रि-इन्स्योरेन्स कम्पनीले हकप्रद सेयर जारी गर्ने योजना नेपाल बिमा प्राधिकरणमा पेस गरेको छ। प्राधिकरणले गत १७ माघमा पुनर्बिमा कम्पनीहरूको चुक्ता पुँजी न्यूनतम सीमा १० अर्बबाट २० अर्ब पुऱ्याउने निर्णय गरेको थियो। त्यसपछि हिमालयन रि-इन्स्योरेन्सले हकप्रद सेयर जारी गरेर पुँजी बढाउने योजना प्राधिकरणमा पेस गरेको हो। तर, सरकारी स्वामित्वको नेपाल रि-इन्स्योरेन्सले भने अझै पुँजी वृद्धिको योजना प्राधिकरणमा पेस गरेको छैन। प्राधिकरणले १५ दिनभित्रै पुँजी वृद्धिको योजना पेस गर्न कम्पनीहरूलाई १८ माघमै पत्र पठाएको थियो। जुन म्याद ४ फागुनमै सकिएको छ। तर, कम्पनीले अझै पुँजी वृद्धि योजना पेस नगरेको प्राधिकरणले जनाएको छ।

चुक्ता पुँजी बढाउन हिमालयन रि-इन्स्योरेन्सले ८० प्रतिशत (आठ अर्बबराबर)को हकप्रद सेयर जारी गर्ने प्रस्तावसहित २० फागुनमा तेस्रो साधारणसभा बोलाएको छ। हाल कम्पनीको चुक्ता पुँजी १० अर्ब रुपैयाँ छ। त्यसअनुसार कम्पनीले १० अर्ब रुपैयाँ पुँजी थप गर्नुपर्ने हुन्छ। कम्पनीले बाँकी पुँजी भने नाफाबाट थप्ने गरी 'क्यापिटल प्लान' पेस गरेको प्राधिकरणका उपनिर्देशक साम्भराज लामिछानेले जानकारी दिए। कम्पनीले गत आवको नाफाबाट ४ प्रतिशत बोनस सेयर (४० करोड रुपैयाँ) दिने प्रस्ताव साधारणसभामा लैजाँदै छ।

यद्यपि, प्राधिकरणले सैद्धान्तिक स्वीकृतविनै हकप्रद निष्कासनको प्रस्ताव सार्वजनिक गरेपछि कम्पनीलाई प्राधिकरणले स्पष्टीकरण सोधेको छ। 'हिमालयन रिले पुँजी बढाउन हकप्रद सेयर निष्कासन र मुनाफालाई पुँजीमा रूपान्तरण गर्ने योजना पेस गरेको छ। तर, प्राधिकरणको सैद्धान्तिक स्वीकृतविनै कम्पनीले ८० प्रतिशत हकप्रद सेयर जारी गर्ने प्रस्ताव साधारणसभाको सूचनामा प्रकाशन गरेको छ। यसबारे कम्पनीलाई स्पष्टीकरण पनि सोधेका छौं,' उनले भने, 'तर, अहिलेसम्म जवाफ आइसकेको छैन।'

यता सरकार स्वामित्वको नेपाल रिले भने अझै पुँजी वृद्धि योजना पेस नगरेको उपनिर्देशक लामिछानेले बताए। 'नेपाल रि-इन्स्योरेन्सले १५ दिनको म्याद मागेको छ। त्यसबारे निर्णय भइसकेको छैन,' उनले भने, 'नेपाल रि-इन्स्योरेन्स सरकारी स्वामित्वको कम्पनी हो। अर्थ मन्त्रालयलगायत निकायको सहमति लिनुपर्ने भएकाले पनि ढिलाइ भएको हुन सक्छ।' हाल नेपाल रि-इन्स्योरेन्सको १२ अर्ब ८१ करोड ३५ लाख चुक्ता पुँजी छ, त्यसअनुसार कम्पनीले सात अर्ब १९ करोड पुँजी थप गर्नुपर्नेछ।

नेपाल रिका कम्पनी सचिव ईश्वर प्रधानले पुँजी वृद्धिको योजना बनाउनेबारे छलफल भइरहेको बताए। 'प्राधिकरणसँग थप १५ दिनको समय मागेका छौं,' उनले भने, 'त्यस अवधिमा पुँजी वृद्धिको योजना प्राधिकरणमा पेस गर्छौं। अर्थ मन्त्रालयसँग राय मागेका पनि छौं। सम्भवतः अब बस्ने सञ्चालक समितिको बैठकले यसबारे ठोस निर्णय गर्नेछ।' यसमा सरकारको ४४ प्रतिशत सेयर स्वामित्व छ। तसर्थ, यसबारे निर्णय गर्दा अर्थ मन्त्रालयको राय र सहमति लिनुपर्ने हुन्छ। पुँजी बढाउने मामिलामा हकप्रद सेयर निष्कासन नै उचित विकल्प हो। हकप्रद सेयर निष्कासन गरेमा सरकारले तीन अर्बभन्दा बढी लगानी थप गर्नुपर्छ। एकैपटक ठूलो पैसा सरकारले लगानी नगर्ने डर कम्पनीलाई रहेको स्रोतको भनाइ छ। त्यसमाथि कम्पनीले उचित लाभांश दिन सकेको छैन। 'एकातिर सरकारले लगानी नथप्ने डर छ। अर्कोतिर कम्पनीले अझै पनि राम्रो लाभांश दिन सकेको छैन। त्यो अवस्थामा पुँजी बढाउँदा प्रतिफल दर थप घट्ने सम्भावना पनि छ। बढेको पुँजीअनुसार व्यवसाय गर्न सकिएन भने झन् समस्या हुन्छ,' स्रोतले भन्यो, 'तसर्थ, यसमा विस्तृत अध्ययन गरेर उचित निर्णय गरौं भन्ने योजना हो।'

यद्यपि, कम्पनीको सञ्चालक समितिले ०७६ पुसमै चुक्ता पुँजी २० अर्ब पुऱ्याउने निर्णयसहित तत्कालीन नवनियुक्त सिइओ शंकर रायमाझीसँग कार्यसम्पादन सम्झौता गरेको थियो। व्यवसायको आकार बढ्दै गएको र जोखिमसमेत थपिएकाले पुँजी बढाउने निर्णयमा कम्पनी पुगेको थियो। 'व्यवसाय र जोखिम बढ्दै गएको अवस्थामा कम्पनीको चुक्ता पुँजी बढाउन आवश्यक छ। सोहीअनुसार कम्पनीको चुक्ता पुँजी २० अर्ब पुऱ्याउने गरी सञ्चालक समिति र मबीच कार्यसम्पादन सम्झौता भएको थियो,' कम्पनीका पूर्व सिइओ रायमाझीले भने, 'तर, कम्पनीको व्यवसाय अगाडि बढाउने मामिलामा विभिन्न अवरोध आउँदा पुँजी बढाउन सकिएन।'

प्राधिकरणले यसअघि चैत ०७८ मा जीवन र निर्जीवन बिमा कम्पनीको न्यूनतम चुक्ता पुँजी १५० प्रतिशतले बढाउन निर्देशन दिएको थियो। यसअघि दुई अर्ब रुपैयाँ रहेको जीवन बिमा कम्पनीको चुक्ता पुँजीलाई पाँच अर्ब र यसअघि एक अर्ब रुपैयाँ रहेको निर्जीवन बिमा कम्पनीको चुक्ता पुँजीलाई दुई अर्ब ५० करोड पुऱ्याउन निर्देशन दिइएको थियो। त्यसको दुई वर्षपछि प्राधिकरणले गत माघमा पुनर्बिमा कम्पनीको पनि पुँजी बढाउन निर्देशन दिएको थियो। यसका लागि कम्पनीलाई एक वर्षको समय दिइएको छ। पुनर्बिमा कम्पनीको व्यवसाय र दायित्व (जोखिम) बढ्दै गएको पुँजी बढाउन निर्देशन दिएको प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए।

■ अघि बढ्यो नेपाल रिको सिइओ नियुक्ति प्रक्रिया

रिक्त भएको दुई महिनापछि नेपाल रिको सिइओ नियुक्ति प्रक्रिया अघि बढेको छ। कम्पनीले सोमबार सार्वजनिक सूचनामार्फत सिइओ पदका लागि दरखास्त आह्वान गरेको हो। कम्पनीले खुला प्रतिस्पर्धाबाट सिइओ नियुक्ति गर्न लागेको हो। योग्य उम्मेदवारले २१ दिनभित्र कम्पनीमा आवेदन दिनुपर्नेछ। त्यसपछि शैक्षिक योग्यता, अनुभव, व्यावसायिक योजनालगायतका आधारमा कम्पनीको सञ्चालक समितिले सिइओ नियुक्त गर्नेछ। यसअघिका सिईओ शंकर रायमाझीको कार्यकाल सकिएपछि ११ पुसयता उक्त पद रिक्त छ। त्यसको दुई महिनापछि कम्पनीले सिइओ नियुक्ति प्रक्रिया अघि बढाएको हो।

अर्थतन्त्रमा सुधार, तर सेयर बजारमा देखिएन उत्साह

राजस्वको वृद्धिदर, महँगी नियन्त्रण, शोधनान्तर स्थिति बचतमा तथा वैदेशिक मुद्रा सञ्चितिमा भएको वृद्धिलगायतका कारण बाह्य क्षेत्रमा सुधार भए पनि नेप्से ६ महिनादेखि दुई हजार अंककै वरिपरि

पवन तिमिल्सिना र भोजराज भण्डारी/नयाँ पत्रिका

सरकारी आँकडाअनुसार अर्थतन्त्रका अधिकांश परिसूचकमा सुधार आइरहेको देखिए पनि अर्थतन्त्रको ऐना मानिने सेयर बजारमा भने त्यसको प्रतिबिम्ब देखिएको छैन। चालू आवको अर्धवार्षिक समीक्षामा अर्थमन्त्री प्रकाशशरण महतले राजस्वको वृद्धिदर, महँगी नियन्त्रण, बाह्य क्षेत्रमा आएको सुधार, शोधनान्तर स्थिति बचतमा तथा वैदेशिक मुद्रा सञ्चितिमा भएको वृद्धिलगायत कारण देखाउँदै अर्थतन्त्रमा सुधार आइरहेको बताएका छन्। तर, अर्थतन्त्रको ऐना मानिने सेयर बजारले भने अर्थमन्त्रीको भनाइलाई पुष्टि गर्न सकेको छैन।

नेपाल स्टक एक्सचेन्जका अनुसार चालू आर्थिक वर्षको ६ महिनामा सेयर बजार परिसूचक (नेप्से) औसतमा २००० विन्दुकै आसपास रहेको छ। सेयर बजारमा मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउने ठूला उद्योग, बैंक तथा वित्तीय संस्था, जलविद्युत् आयोजना, होटेल व्यवसाय तथा विभिन्न व्यावसायिक संस्थाको धितोपत्र किनबेच हुन्छ। तर, नेपालको पुँजी बजारमा वास्तविक क्षेत्रका संस्था सूचीकृत हुन नसक्दा यसले सही चित्र प्रतिविम्बन गर्न नसकेको प्राध्यापक डा. राधेश्याम प्रधानको विश्लेषण छ। उनले भने, 'अर्थतन्त्रका बाह्य क्षेत्रमा सुधार आए पनि आन्तरिक अर्थतन्त्र प्रताडित छ। कोभिडपछि हाम्रो घरेलु अर्थतन्त्रमा गम्भीर असर परेको देखिन्छ। अहिलेसम्म कुनै पनि क्षेत्र कोभिडअघिको स्थितिमा पुगेको छैन। कहिलेकाहीं सुधार भएजस्तो देखिन्छ। तर, सुधार हुन सकेको छैन।'

सेयर बजारमा शिक्षाको कमीले सीमित वर्गको मात्रै पहुँच रहेकाले अपेक्षित सुधार हुन नसकेको उनको भनाइ छ। उनले भने, 'त्यसो त अहिले कम्पनी र संस्थाहरूको आम्दानी नै प्रभावित भएको छ। बैंक तथा वित्तीय संस्थाहरू कर्जा दिने अवस्थामा छैनन्। पुरानो कर्जा उठाउन हम्मेहम्मे परेको छ। निर्माण क्षेत्र प्रभावित छ। यस्तो अवस्थामा सेयर बजारमा लगानी गर्न लगानीकर्ता पक्कै पनि डराएको हुनुपर्छ।' त्यस्तै, सेयर बजारमा उत्पादनशील क्षेत्रको विस्तार हुन नसक्नु पनि सेयर बजार बढ्न नसक्नुको अर्को कारण रहेको उनको भनाइ छ।

■ बजार खस्किएकै हो ?

बजार अपेक्षित रूपमा बढ्न नसके पनि खस्किएकै भन्न नमिल्ने अर्थशास्त्रीहरू बताउँछन्। नेपाल स्टक एक्सचेन्जका अनुसार चालू आर्थिक वर्षको ६ महिनाको तथ्यांक हेर्ने हो भने बजार तीव्र उतारचढावबीच पनि नेप्से औसतमा २००० विन्दुकै आसपास रहेको देखिन्छ। भदौ महिनाभर उच्चतम २०४५.४५ विन्दुमा र न्यूनतम १९३२.४५ विन्दुमा नेप्से रहेको थियो। ६ महिनाको अवधिमा सबैभन्दा बढी पुसमा २१४१.८७ विन्दुमा र कम १८२६.२३ कात्तिकमा नेप्से पुगेको थियो। बजार पुँजीकरणको अवस्था हेर्ने हो भने पनि यसबीच पुसमा अधिकतम ३३ खर्ब ३० अर्बको कारोबार भएको थियो। आर्थिक वर्ष ०७८/७९ मा परिसूचक ३१९९.०२ को अधिकतम विन्दु (२ भदौ ०७८ मा) पुगेको थियो। यो सेयर बजार इतिहासकै उच्चतम विन्दु हो।



आर्थिक वर्ष ०७६/७७ (१० मंसिर ०७६) मा सेयर बजारमापक नेप्से परिसूचक अत्यन्तै न्यून ११०९.१६ विन्दुमा पुगेको थियो। त्यस आर्थिक वर्षको सबैभन्दा उच्चतम विन्दु १५ फागुनमा १६३२.१७ विन्दुमा पुगेको थियो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

■ लगानीकर्ताका माग पूरा हुँदा पनि छैन उत्साह

पाँच वर्षदेखि सेयर लगानीकर्ताले उठाउँदै आएका अधिकांश माग पूरा भएका छन्। लगानीकर्ताले विभिन्न फोरमबाट अर्थ मन्त्रालय, राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्डमा दर्जनभन्दा बढी मागपत्र बुझाएका छन्। विशेष गरी यसबीचमा बुझाएका अधिकांश माग तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले बनाएको पुँजी बजार अध्ययन समितिमा ठोक्किएका थिए। खतिवडाले मन्त्रीस्तरीय निर्णय गर्दै पुस ०७६ मा पुँजी बजार सुधारका उपायबारे अध्ययन गर्न समिति बनाएका थिए।

तत्कालीन समिति सदस्य राधा पोखरेलले लगानीकर्ताको सुझावअनुसार धेरै काम भएको स्वीकार गरिन्। उनी भन्छिन्, 'त्यो सुझावलाई टेकेर पछिल्लो समय धेरै हदसम्म काम भएको छ, यसले पुँजी बजारलाई बलियो बनाएको छ।' उनका अनुसार सो समितिको सुझावले बजार बढाउनुभन्दा पुँजी बजार बलियो बनाउन काम गरेको छ। बदलिँदो अर्थतन्त्र, पुँजी बजारमा आएको उतारचढावलाई केन्द्रमा राखेर नीतिहरू परिवर्तन भइरहने तत्कालीन बोर्डका कार्यकारी निर्देशक नीरज गिरीले बताए।

प्राध्यापक डा. राधेश्याम प्रधान भन्छन्-



नेपालको पुँजी बजारमा वास्तविक क्षेत्रका संस्था सूचीकृत हुन नसक्दा यसले सही चित्र प्रतिविम्बन गर्न सकेको छैन। अर्थतन्त्रका बाह्य क्षेत्रमा सुधार आए पनि आन्तरिक अर्थतन्त्र प्रताडित छ। कोभिडपछि हाम्रो घरेलु अर्थतन्त्रमा गम्भीर असर परेको देखिन्छ। अहिलेसम्म कुनै पनि क्षेत्र कोभिडअघिको स्थितिमा पुगेको छैन। कहिलेकाहीं सुधार भएजस्तो देखिन्छ। तर, सुधार हुन सकेको छैन।

■ कार्यान्वयनमा आइसकेका बुँदा

धितोपत्र दलाल व्यवसायलाई थप प्रतिस्पर्धी बनाउन विद्यमान इजाजत सञ्चालन नीतिमा पुनरावलोकन गर्ने, तोकिएको मापदण्ड पूरा गरेका बैंकहरूका सहायक कम्पनीलाई सेयर किनबेच गर्न ब्रोकर लाइसेन्स दिनुपर्ने माग पूरा भइसकेको छ। अहिले वाणिज्य बैंकका सहायक कम्पनीले लाइसेन्स पाएर सेयर किनबेच गर्न थालिसकेका छन्। ५० वटा ब्रोकर बढेर हाल ८६ वटा ब्रोकर कम्पनीले सेयर किनबेच गराइरहेका छन्।

त्यस्तै, नेप्से पुनर्संरचना गर्नुपर्ने र विदेशी रणनीतिक साझेदारी भित्र्याउनुपर्ने मागअनुसार प्रतिवेदन बढाएर प्रक्रिया अगाडि बढाएको छ। जसमा नेप्सेको चुक्ता पुँजी बढाएर तीन अर्ब पुऱ्याउने र पब्लिक कम्पनीमा गएर आईपिओ जारी गर्ने तयारीसहितको प्रतिवेदन अर्थ मन्त्रालय पुगेको छ। नेप्सेको संरचनामा केही सुधार हुने तयारी छ।

सेयरको धितोमा प्रवाह हुने कर्जाको विद्यमान लोन टु भ्यालु रेसियोलाई ५० प्रतिशतबाट बढाएर ६५ प्रतिशत पुऱ्याउने माग पनि पूरा भएको छ। ०८०/८१ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाअनुसार राष्ट्र बैंकले घरकर्जाको सीमा वृद्धि गर्नुका साथै सेयर, रियल इस्टेट र हायर पर्चेज कर्जाको जोखिमभार घटाएको छ।

घरजग्गा र सेयरमा गरिएको विद्यमान व्यवस्थाले जोखिमभार १५० प्रतिशतबाट १२५ प्रतिशतमा झारिएको छ। त्यस्तै, सेयर खरिद-बिक्री गर्न पाउने गरी खोलिएका वाणिज्य बैंकहरूका सहायक कम्पनी तथा धितोपत्र दलाल व्यवसायीले अर्को धितोपत्र दलाल व्यवसायीलाई मर्ज गर्ने प्रावधानलाई खुला गरेको छ। ब्रोकर कमिसन घटाउने मागअनुसार धितोपत्र बोर्डले प्रक्रिया अघि बढाएको जनाएको छ। पछिल्लो समय कमिसन घटाउन अध्ययन भइरहेको बोर्डले जनाएको छ।

मर्जरमा जाने कम्पनीहरूको मर्जर सम्झौता हुँदा नै स्वाप रेसियो तय गरी एक सातामा समायोजनसहित सेयर कारोबार गर्नुपर्ने माग पूरा भएको छ। चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत मर्जरमा गएको १५ दिनभित्र सेयर कारोबार खुला गर्ने प्रावधान कार्यान्वयनमा आएको छ। बुक बिल्डिङमार्फत आइपिओ निष्कासन कार्यान्वयनमा आइसकेको छ। पहिलो चरणमा सर्वोत्तम सिमेन्टले संस्थागत लगानीकर्ता र वैदेशिक रोजगारीमा रहेकालाई सेयर निष्कासन गरिसकेको छ। अन्य दुई कम्पनीले पनि बुक बिल्डिङमार्फत आइपिओ निष्कासन गर्न तयारी अवस्थामा रहेका छन्।

पुँजी निर्माणमा भन्दा ऋण तिर्ने खर्च दोब्बर

नयाँ पत्रिका

सरकारले पुँजी निर्माणको क्षेत्रमा गर्ने खर्चभन्दा सार्वजनिक ऋणको साँवा-ब्याज तिर्न हुने खर्च दोब्बरभन्दा बढी देखिएको छ। चालू आर्थिक वर्षको सात महिनामा सरकारले साढे ६३ अर्ब पुँजीगत खर्च गरेको छ, जबकि सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा एक खर्ब ५५ अर्ब खर्च भएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार माघ मसान्तसम्ममा सरकारले कुल ६३ अर्ब ५७ करोड ८९ लाख रुपैयाँ पुँजीगत खर्च गर्न सकेको छ। यो पुँजीगततर्फको वार्षिक विनियोजनको २१.०५ प्रतिशतबराबर हुन आउँछ। तर, यस अवधिमा ऋण सेवामा भने एक खर्ब ५५ अर्ब २३ करोड रुपैयाँ खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ। विकास एवं पुँजी निर्माणमा भन्दा ऋण सेवातर्फ हुने खर्च बढी हुनुलाई स्वाभाविक मान्न नहुने जानकारहरू बताउँछन्।

■ पौने २४ खर्ब पुग्यो सार्वजनिक ऋण

नेपालले तिर्न बाँकी सार्वजनिक ऋण पौने २४ खर्ब रुपैयाँ पुगेको छ। चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा भुक्तानी गर्न बाँकी वैदेशिक तथा आन्तरिक ऋण २३ खर्ब ८६ अर्ब ७७ करोड रुपैयाँ पुगेको हो। यो गत असारको तुलनामा ९१ अर्ब ३४ करोडले बढी हो। तिर्न बाँकी ऋणमा आन्तरिकतर्फ ११ खर्ब ८४ अर्ब ५२ करोड र बाह्यतर्फ १२ खर्ब दुई अर्ब २४ करोड रहेको छ। ऋण बढ्नलाई भन्दा पनि त्यसको उपयोगलाई लिएर चिन्ता गरिनुपर्ने अर्थशास्त्रीहरू बताउँछन्। 'हामीसँग लगानीका लागि स्रोत छैन, विदेशी लगानी वा ऋण लिएरै विकास गर्ने हो,' अधिकारीले भने, 'तर, ऋणको सदुपयोग हुनुपर्छ, चालू प्रकृतिका काममा ऋणको उपयोग गर्नुहुँदैन, पुँजी र विकासमा उपयोग गरेर प्रतिफल लिन सक्नुपर्छ।'

अर्थशास्त्री प्रा.डा. चन्द्रमणि अधिकारीले ऋण वृद्धिको तुलनामा पुँजीगत खर्च न्यून हुनु अर्थतन्त्रका लागि राम्रो नहुने बताउँछन्। 'सार्वजनिक ऋण बढाएर चालू खर्च गर्दै जाँदा ऋण सेवामा जाने खर्च पनि अझ बढ्छ, जसका कारण विकास र पुँजीगत खर्चलाई चाहिने स्रोतमा कमी आउँछ,' उनले भने, 'बजेटमा अनावश्यक चालू खर्च घटाउने र पुँजीगत खर्चको अंशलाई बढाउनुपर्छ, यसो गर्न सके मात्रै पुँजी र विकास निर्माण हुन्छ।' ऋण लिएर ऋण नै तिर्नुपर्ने वा चालू खर्च गर्नुपर्ने अवस्था आयो भने त्यसले अर्थतन्त्रलाई अप्ट्यारोमा लैजाने उनको विश्लेषण छ।

Department of Roads
North-South (Koshi) Road Project
Khandbari, Sankhuwasabha

Invitation for Bids

Date of Publication: 2080/11/08 (20th February,2024)

1. **North-South (Koshi) Road Project, Khandbari, Sankhuwasabha**, invites open competitive biddings (Electronics bid only)from Eligible Bidders for the following works under National Competitive Bidding Procedure. Only eligible bidders should participate in this bidding:

S. N.	Notice No.	Description and location of work	Estimate Amount in NRs. (Exclusive VAT)	Bid Security Amount (NRs.)	Bid Security Validity Period	Price of Bid Document (NRs.)	Remarks
1	02-NSKRP/ 080/081	Upgrading/Improvement of Ch 80+000 to 113+000, Hunghung to Chyamtang Section of North-South (Koshi) Road Project, Sankhuwasabha to Gravel Top Standard	-	20,940,000	150 days from the deadline for submission of Bids	20,000.00	Single Stage Double Envelope
2	03-NSKRP/ 080/081	Upgrading/Improvement of Ch 113+000 to 134+000, Hunghung to Chyamtang Section of North-South (Koshi) Road Project, Sankhuwasabha to Gravel Top Standard	-	15,620,000	150 days from the deadline for submission of Bids	20,000.00	Single Stage Double Envelope

2. Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids

Last Date of Purchasing of Bids	Pre-bid meeting	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
On or Before 20th March, 2024 (2080/12/07) within Office Hour	12th March, 2024 (2080/11/29) at 13:00 hours at North South (Koshi) Road Project Office, Khandbari	On or Before 21st March, 2024 (2080/12/08) at 12:00 hours	On or Before 21st March, 2024 (2080/12/08) at 13:00 hours	RastriyaBanijya Bank, Khandbari, Sankhuwasabha Office code no.:-337010401 Revenue Account no:- 1000100200010000 Revenue head no:-14229	Rastriya Banijya Bank,Khandbari, Sankhuwasabha Account number **–2080100102030000**

3. A complete set of Bidding documents can be downloaded from PPMO's www.bolpatra.gov.np/egp. For further information, eligible bidders may visit the office of North-South (Koshi) Road Project.(Contact no. 9852070811/9860834676, email: nskrp811@gmail.com).
4. All the rights to accept or reject the bids are reserved to the North-South (Koshi) Road Project, Khandbari, Sankhuwasabha without specifying any reasons, if any.

साढे ३९ लाखले लिए व्यक्तिगत प्यान नम्बर



काठमाडौं/ चालू आर्थिक वर्ष ०८०/८१ को ६ महिनामा तीन लाख ६ सय ९१ करदाताले व्यक्तिगत स्थानी लेखा नम्बर (प्यान नम्बर) लिएका छन्। अर्थ मन्त्रालयबाट प्राप्त पुस मसान्तसम्मको तथ्यांकले यस्तो देखाएको हो।

यससँगै व्यक्तिगत प्यान नम्बर लिने करदाताको संख्या ३९ लाख ५० हजार तीन सय पाँच पुगेको छ। समीक्षा अवधिमा ६० हजार दुई सय ८३ करदाताले भने व्यावसायिक स्थायी लेखा नम्बर लिएका छन्।

यससँगै व्यावसायिक स्थायी नम्बर लिने करदाताको संख्या १९ लाख ३६ हजार पाँच सय ८८ पुगेको अर्थ मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

यसैगरी, समीक्षा अवधिमा दुई हजार नौ सय ६२ वटा कर कट्टी गर्ने निकायले स्थायी लेखा नम्बर लिएका छन्। तथ्यांकअनुसार हालसम्म यस्तो नम्बर लिनेको संख्या ३१ हजार ६९ पुगेको छ। समग्रमा हालसम्म व्यक्तिगत, व्यावसायिक र कर कट्टी गर्ने गरेर ५९ लाख १७ हजार नौ सय ६२ करदाताले स्थायी लेखा नम्बर लिएका छन्।

यसैगरी, समीक्षा अवधिमा १३ हजार सात सय २९ करदाता मूल्य अभिवृद्धि कर (भ्याट)मा सूचीकृत भएका छन्। भ्याटमा मात्रै दर्ता हुने करदाताको संख्या ३२ लाख २२ हजार ६ पुगेको छ। यसैगरी, यो ६ महिनामा पाँच हजार सात सय दुई करदाता अन्तःशुल्कमा पनि दर्ता भएका छन्। अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या १२ लाख २३ हजार तीन सय ७७ पुगेको छ।

सरकारलाई कर तिर्दा स्थायी लेखा नम्बरको प्रयोग अनिवार्य गर्नुपर्छ। यसकै आधारमा करको दायरा पनि मापन गरिन्छ। मन्त्रालयले चालू आवको बजेटको अर्धवार्षिक समीक्षा गर्दै स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा उल्लेख्य वृद्धि भएको बताएको छ।

करको दायरा विस्तार कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिइएकाले करदाताको संख्या बढ्दै गएको अर्थ मन्त्रालयको दाबी छ।

युनाइटेड अजोड इन्स्योरेन्सको लाभांश पारित

काठमाडौं/ युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडले सेयरधनीलाई लाभांश वितरणका लागि गरेको प्रस्ताव पारित भएको छ। कम्पनीको मर्जरपछिको पहिलो साधारणसभाका रूपमा रहेको ३०औँ वार्षिक साधारणसभाले लाभांश वितरण प्रस्ताव पारित गरेको हो।

कम्पनीको हाल कायम चुक्ता पुँजीको १०.२६१२ प्रतिशतले हुन आउने रकम १९ करोड ५४ लाख ३२ हजार रुपैयाँबराबरको बोनस सेयर र कर प्रयोजनका लागि एक करोड, दुई लाख ८५ हजार रुपैयाँबराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको थियो। साधारणसभाले सञ्चालक समितको वार्षिक प्रतिवेदन, आव ०७९/८० को साबिक अजोड इन्स्योरेन्स लिमिटेड साथै युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको लेखा परीक्षण प्रतिवेदनसहितको लेखा परीक्षण गरिएको ०८० साल असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरू पारित गरेको छ। साधारणसभाले आव ०८०/८१ का लागि बाह्य लेखा परीक्षक जेबी राजभण्डारी एन्ड दिबिन्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्त गरेको जनाइएको छ। साबिकको युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड र साबिकको अजोड इन्स्योरेन्स लिमिटेड एक-आपसमा गाभिए (मर्जर)पश्चात् संयुक्त रूपमा युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको नामबाट मिति ०८० जेठ १४ गतेबाट एकीकृत कारोबार भएको थियो। मर्जरपश्चात् कम्पनीको चुक्ता पुँजी एक अर्ब ९० करोड ४५ लाख ६८ हजार रुपैयाँ कायम भएको थियो।

हाल कम्पनीले दुवै कम्पनीका साबिकका कार्यालयहरूको मिलान तथा कर्मचारीलाई समायोजन गरी प्रधान कार्यालयलगायत ६ प्रादेशिक कार्यालय, ४१ शाखा, ४३ उपशाखा, पाँच बिमा काउन्टर र ६ तेस्रो पक्ष बिमा काउन्टरमार्फत सेवा दिँदै आएको छ।

सञ्चालकहरू निर्विरोध निर्वाचित

साधारणसभाले पाँचजना सञ्चालक निर्विरोध निर्वाचित गरेको छ। जसअनुसार संस्थापक सेयरधनीतर्फ आजाद श्रेष्ठ, सिजी फुडका तर्फबाट प्रणवकुमार दास, चौधरी ग्रुपका तर्फबाट बलराम खनाल तथा सर्वसाधारण सेयरधनीका तर्फबाट पानुदत्त पौडेल र शम्भु अधिकारी निर्विरोध निर्वाचित भएको जनाइएको छ।

विद्यार्थीलाई ग्लोबल आइएमईको डिजिटल साक्षरता

कास्की/ ग्लोबल आइएमई बैंकले विद्यार्थीलाई लक्षित गर्दै डिजिटल साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। पोखरामा जारी सूर्य नेपाल गाथा नेपाल लिटरेचर फेस्टिभलअन्तर्गत बैंकले विद्यार्थीलाई लक्षित गर्दै डिजिटल साक्षरता कार्यक्रम गरेको हो। बैंकका रिलेसनसिप म्यानेजर सागरबहादुर सिंहले विद्यार्थीलाई बैंकले प्रदान गर्ने विभिन्न सेवासँगै डिजिटल बैंकिङबारे प्रशिक्षण दिएका थिए।

पिजनका घरेलु प्रयोगका उपकरण नेपाली बजारमा



काठमाडौं/ लक्ष्मी ग्रुपअन्तर्गतको लक्ष्मी इलेक्ट्रोन प्रालिले भारतको होम एन्ड किचन सोलुसन्स 'पिजन' ब्रान्डका उत्पादन नेपालमा सार्वजनिक गरेको छ। लक्ष्मी इलेक्ट्रोन र पिजनका अधिकारी तथा ३० भन्दा बढी प्रमुख डिलरको उपस्थितिमा मिक्सर, ग्राइन्डर, आइरन, इन्डक्सन कुकटपलगायत उत्पादन प्रदर्शन गर्दै नेपालमा सार्वजनिक गरिएको हो।

भारतको बैंगलोरमा केन्द्रीय कार्यालय रहेको 'पिजन'ले नेपाली ग्राहकलाई उच्च गुणस्तरीय होम एन्ड किचन सोलुसन्स सामग्री प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउने जनाइएको छ। लक्ष्मी ग्रुपका निर्देशक अनुकूल श्रेष्ठले पिजनको सम्बन्ध कम्पनीको नेपाली बजारमा पाइला राख्ने प्रयासमा अर्को कोसेढुंगा भएको बताए। त्यस्तै, पिजनका अधिकारीले पनि लक्ष्मी इलेक्ट्रोनसँगको दीर्घकालीन साझेदारी हुने विश्वास व्यक्त गरेको जनाइएको छ।

एक्साइडको स्टार र म्याजिक इन्भर्टर नेपाली बजारमा



काठमाडौं/ एक्साइड इन्डस्ट्रिजको नेपालका लागि आधिकारिक विक्रेता सिप्रदी ट्रेडिङ प्रालिले एक्साइडको इन्भर्टर नेपाली बजारमा सार्वजनिक गरेको छ। एक्साइड स्टार र एक्साइड म्याजिक नामका दुईवटा इन्भर्टर एक एकैसाथ सार्वजनिक गरिएको हो।

एक्साइड स्टारमा एड्भान्स माइक्रोकन्ट्रोलर, लो भोल्टेज अपरेसनका लागि उपयुक्त प्योर साइन वेभ सेप, दुईवटा अप्सनमा चार्ज गर्न सकिने, एलइडी डिस्प्ले इन्टरफेस र अटो स्मार्ट प्रोटेक्सनलगायत रहेको जनाइएको छ। त्यस्तै, एक्साइड म्याजिकमा डिजिटल सिग्नल प्रोसेसर, अटो सेन्स इन्टेलिजेन्ट कन्ट्रोल, एक्स्ट्रिमली लो हार्मोनिज, कलरफुल एलइडी इन्टरफेस, दुईवटा अप्सनमा चार्ज गर्न सकिने, अटो स्मार्ट प्रोटेक्सन र नोइजलेस अपरेसनलगायत विशेषता रहेको कम्पनीले उल्लेख गरेको छ।

एक्साइड इन्भर्टर सार्वजनिक गर्दै सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले लामो समयदेखि पावर ब्याकअप सेवा दिँदै आइरहेकोमा नयाँ इन्भर्टरहरूले आगामी दिनमा नयाँ उचाइ र आयाम छुने कुरामा विश्वस्त हुन कार्यक्रममा उपस्थित डिलरलाई आग्रह गरेका थिए। साथै, एक्साइड इन्डियाका कार्यकारी उपाध्यक्ष मुकुल कन्डवालले एक्साइड स्टार र एक्साइड म्याजिक इन्भर्टरले नेपाली बजारमा पावर ब्याकअपको रेन्ज पूरा भएको बताए। यसले ग्राहकको अनुकूलताअनुरूप ब्याकअपको परिपूर्ति गर्न मद्दत गर्ने उनको दाबी थियो।

एलजीले पायो एआई म्यानेजमेन्ट सिस्टम सर्टिफिकेसन

काठमाडौं/ एलजी इलेक्ट्रोनिक्स (एलजी)ले हालै कोरियन स्ट्यान्डर्ड एसोसिएसन (केएसए)बाट एआई प्रबन्धन प्रणाली (एआइएमएस) सर्टिफिकेसन (आइएसओ : आइइसी ४२००१) प्राप्त गरेको छ। एलजीको एआई प्रयोग गरिएका घरेलु उपकरणमा जिम्मेवारपूर्ण तवरले एआई म्यानेजमेन्ट गरिएको र कडा सुरक्षालाई प्राथमिकता दिएकाले यो प्रमाणपत्र प्राप्त गरेको हो।

एआइएमएस प्रमाणीकरणले सुरक्षा, निष्पक्षता, पारदर्शिता र जवाफदेहितालगायत आफ्ना एआई उत्पादन र सेवासँग सम्बन्धित सम्भावित मद्दाहरूमा कडा नियन्त्रण सुनिश्चित गर्न एलजीको निरन्तर र व्यवस्थित प्रयास प्रमाणित गरेको कम्पनीको भनाइ छ। यो प्रमाणीकरणमार्फत एलजीले ग्राहकको विश्वास बढाउन र आफ्नो प्रतिस्पर्धात्मकतालाई बलियो बनाउने लक्ष्य राखेको जनाइएको छ।

गत वर्ष, स्वतन्त्र सुरक्षा विज्ञान कम्पनी युएलद्वारा वासिङ मेसिन र ड्रायरका लागि सम्मानित हुँदै एलजीले डिप लर्निङ एआई प्रमाणीकरण प्राप्त गर्ने पहिलो गृह उपकरण निर्माताका रूपमा आफूलाई अलग प्रमाणित गरेको उल्लेख गरेको छ। साथै, कोरिया इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइटिइसिएच)बाट एआईमा आधारित एलजी वासटावरका लागि एआई सेफ्टी सर्टिफिकेसन प्राप्त गरेको जनाएको छ।

एजी इलेक्ट्रोनिक्स होम एप्लायन्स र एयर सोलुसन कम्पनीका अध्यक्ष ल्यु जेचुलले भने, यस प्रमाणीकरणले हामीले एक व्यापक एआई व्यवस्थापन प्रणाली स्थापना गरेका छौँ र हाम्रा ग्राहकलाई राम्रो जीवनका लागि सुरक्षित, जिम्मेवार एआई आधारित समाधान प्रदान गर्न प्रतिबद्ध छौँ भनेर देखाउँछ।

हुस्सु र तुवाँलोले तुम्लिङटारमा तीन दिनदेखि उडान अवरुद्ध

संखुवासभा/ पूर्वी हिमाली तथा पहाडी जिल्ला संखुवासभाको एक मात्रै तुम्लिङटार विमानस्थलमा बाक्लो हुस्सु र तुवाँलोका कारण तीन दिनदेखि उडान अवरुद्ध भएको छ। शनिबारदेखि हुस्सु र तुवाँलो नखुलेका कारण जहाज अवतरण हुन नसकेको हो।

जहाज उडानका लागि पर्याप्त भिजिबिलिटी नभएपछि तीन दिनदेखि जहाज आउन नसकेको बुद्ध एयर तुम्लिङटारका कर्मचारी राजीव पोखरेलले बताए। उनले जहाज आउनका लागि कम्तीमा तीनदेखि पाँच हजार मिटर भिजिबिलिटी हुनुपर्ने बताउँदै बाक्लो हुस्सु र तुवाँलोले डाँडाकाँडा नै नदेखिने गरी ढाकिएको बताए।

हुस्सु र तुवाँलोले विमानस्थलनजिकैको डाडाँकाडा ढाकेको छ। तीन दिनदेखि जहाज नआउँदा यात्रु अलपत्रमा परेका छन्। खाँदबारीदेखि धरान-विराटनगरसमेत आधाभन्दा बढी भाग कच्ची सडकको यात्रा गर्नुपर्छ। जिल्लामा ठूला अस्पताल र शैक्षिक संघ-संस्था नहुँदा धरान, विराटनगर र काठमाडौं नै धाउनुपर्ने बाध्यता कायमै छ भने तुम्लिङटार विमानस्थल संखुवासभाका साथै छिमेकी जिल्ला भोजपुरका षडानन्द नगरपालिका र साल्पा शिलिछो गाउँपालिकालगायत आधाभन्दा बढी भागका मानिसलाई तुम्लिङटारबाट नै विराटनगर र काठमाडौं जान नजिक पर्छ।

तुम्लिङटार विमानस्थलमा निजी कम्पनीका बुद्ध एयरको एटिआर ७२ सिटे जहाजले दैनिक उडान गर्दै आएको छ। यसअघि गुण एयरलाइन्स सञ्चालनमा रहे पनि अहिले बन्द छ। नेपाल वायु सेवा निगमले तुम्लिङटार उडान गर्न बन्द गरेको लामो समय भइसकेको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/११/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

१. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तगगा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०४/१२ मा दर्ता नं.२१९७०८/०७६/०७७ कायम भई दर्ता रहेको आन्तरीक राजश्व कार्यालय हेटौंडा मकवानपुरबाट स्थायी लेखा नं. (पान नं.) ६०९५८०७५० प्राप्त मकवानपुर जिल्ला, हेटौंडा उप.म.न.पा. वडा नं.१९, सनान्टार स्थित र जिष्टर्ड कार्यालय रहेको **लक्की सेभेन इन्कर्पोरेशन प्रा.लि।** **सञ्चालक - प्रकाश लामा थोकर**	१. **शुक्र कुमारी लुईटेल**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेप्ता कायम रहेको मकवानपुर जिल्ला हाँडिखोला गाविस वडा नं. ६ स्थित कित्ता नं. १३५७ को क्षे.फ ०-४-११-० (बि.क.धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. **जयराम सुवेदी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.बि.स वडा नं. ०५ स्थित कित्ता नं. ३२३४ को क्षे.फ. ०-१-०-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ३. **सुस्मिता पराजुली सुवेदी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.बि.स वडा नं. ०५ स्थित कित्ता नं. ३२३५ को क्षे.फ. ०-१-०-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ४. ऋणी **लक्की सेभेन इन्कर्पोरेशन प्रा.लि** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

३. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **लक्की सेभेन इन्कर्पोरेशन प्रा.लि** कायम भएको तपसिलको सवारी साधन:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
बा ३ क २७००,	KMTPC244EJY724040	6D107-26694831	PC210-8	यातायात व्यवस्था कार्यलय एकान्तकुना ललितपुर
प्रदेश २–०३–००१ क ११४७,	HAR3DXSUK02722995	H00273418	3DX SUPER	यातायात व्यवस्था कार्यलय बिरगंज

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. **गणेश अधिकारी**
ना.प्र.नं.- ३११०२०/५४२३४
जारी मिति - २०६५/०८/१०, जि.प्र.का. मकवानपुर
बाबु - गोविन्द अधिकारी
बाजे - बलराम अधिकारी
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हडिखोला गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.पा, वडा नं. ३

२. **शुशिल कुमार लामा**
ना.प्र.नं.- ८६४४२४८०
जारी मिति - २०५७/२/३२, जि.प्र.का. महोत्तरी
बाबु - चन्द्र प्रसाद लामा
बाजे - मिन बहादुर लामा
स्थायी ठेगाना- महोत्तरी जिल्ला, गौशाला गा.वि.स वडा नं. ०७
हालको ठेगाना- महोत्तरी जिल्ला, गौशाला नपा वडा नं. ०७

३. **रविन ढकाल**
ना.प्र.नं.- ५२१०
जारी मिति - २०६०/०२/२९, जि.प्र.का. मकवानपुर
बाबु - बाल मुकुन्द ढकाल
बाजे - शिवभक्त ढकाल
स्थायी ठेगाना मकवानपुर जिल्ला, हाडिखोला गा.वि.स. वडा नं. ७
हालको ठेगाना- हेटौंडा उ.म.न.पा., वडा नं. १९ बस्तिपुर

४. **जमुना अधिकारी**
ना.प्र.नं.- ३१-०१-७०-०४११३
जारी मिति - २०७०/०४/०१, जि.प्र.का. मकवानपुर
बाबु - विष्णु प्रसाद अधिकारी
ससुरा - नरनाथ सुवेदी
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म. न.पा. वडा नं. १
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १९ बस्तिपुर

५. **शुक्र कुमारी लुईटेल**
ना.प्र.नं.- १२१
जारी मिति - २०४३/०९/०६, जि.प्र.का.मकवानपुर
बाबु - राम प्रसाद
बाजे - होम प्रसाद
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हाडिखोला गा.वि.स वडा नं. ६
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म. न.पा., वडा नं. १९ बस्तिपुर

६. **जय राम सुवेदी**
ना.प्र.नं.- १९/१४४७७
जारी मिति - २०६१/०२/१८, जि.प्र.का.मकवानपुर
बाबु - भोला प्रसाद सुवेदी
बाजे - कृष्ण प्रसाद सुवेदी
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बसामाडी गा.वि.स वडा नं. ०१
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म. न.पा., वडा नं. १९ बस्तिपुर

७. **बबिता लुईटेल**
ना.प्र.नं.- २९/२८१
जारी मिति - २०५३/०७/१५, जि.प्र.का. मकवानपुर
बाबु - प्रल्हाद केसी
ससुरा - मोहीनी बहादुर लुईटेल
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स वडा नं. ६
हालको ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.पा., वडा नं. ०३

८. **नरनाथ सुवेदी**
ना.प्र.नं.- ४९०/१४६१
जारी मिति - २०४४/१२/०२, जि.प्र.का. मकवानपुर
बाबु - केदारनाथ सुवेदी
बाजे - बद्रिनाथ सुवेदी
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. १)
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १९, बस्तिपुर

९. **प्रकाश लामा थोकर**
ना.प्र.नं.- ४८/३१६४०
जारी मिति - २०६२/१०/१२, जि.प्र.का. मकवानपुर
बाबु - नारायण बहादुर थोकर
बाजे - साना बहादुर थोकर
स्थायी ठेगाना मकवानपुर जिल्ला, बसामाडि गा.वि.स वडा नं. १
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म. न.पा., वडा नं. १९ बस्तिपुर

१०. **सुस्मिता पराजुली सुवेदी**
ना.प्र.नं.- १३१००२ /९११३४
जारी मिति - २०६८/०९/०६, जि.प्र.का. मकवानपुर
बाबु - सुदर्शन पराजुली
ससुरा - कृष्ण प्रसाद पराजुली
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बसामाडि गा.वि.स वडा नं. १
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १९ बस्तिपुर

११. **बसन्त कुमार सिटौला**
ना.प्र.नं.- २७५२५
जारी मिति - २०५०/११/१५ जि.प्र.का. मकवानपुर
बाबु - रामकृष्ण सिटौला
बाजे - छत्र बहादुर सिटौला
स्थायी ठेगाना- मकवानपुर जिल्ला, बसामाडि गा.वि.स वडा नं. २
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १९ बस्तिपुर

१२. **ज्योतिराज लुईटेल**
ना.प्र.नं.- ३१९
जारी मिति - २०५१/०५/०६ जि.प्र.का. मकवानपुर
बाबु - मोहीनी बहादुर लुईटेल
बाजे - होम प्रसाद लुईटेल
स्थायी ठेगाना - मकवानपुर जिल्ला, हाडिखोला गा.वि.स वडा नं. ६
हालको ठेगाना- मकवानपुर जिल्ला, मनहरी गा.पा., वडा नं. ०३

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

सिंगटी हाईड्रो इनर्जी लिमिटेड
Singati Hydro Energy Limited

वडा नं.५, काठमाण्डौं, नेपाल । टेलिफोन नं. ०१-४५४३२०३/०१-४५४३२०२
E-mail: shehydro@gmail.com, Website: www.singatihydro.com

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला भईरहेको बारेको सूचना

सिंगटी हाईड्रो इनर्जी लिमिटेडको मिति २०८०/०९/२१ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ कित्ता शेयर बराबर नयाँ १ कित्ता (१:१) शेयरको अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,४५,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला **मिति २०८०/११/०२ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला भईरहेको व्यहोरा सम्बन्धित सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गर्दछौं।

हकप्रद शेयरको लागि आवेदन दिने अन्तिम म्याद
मिति २०८० फागुन २२ गते (बैंकिङ्ग समय) सम्म मात्र

*अन्य विस्तृत जानकारीको लागि **मिति २०८०/१०/११ गतेको "नागरिक"** राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.kumaricapital.com वा निष्काशन कम्पनीको वेबसाइटः www.singatihydro.com मा हेर्नुहुन अनुरोध गर्दछौं।*

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your future

दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोनः ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

पायोनियर बचत तथा ऋण सहकारी संस्था लि. पाको, न्यूरोड-२२ काठमाण्डौका तपशिलका ऋणीहरुलाई ०७ (सात) दिन भित्र कर्जा चुक्ता गर्ने अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८०/११/०८ गते

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको कर्जाको साँवा, ब्याज, हर्जना लगाएतका रकम शर्त बमोजिम यस संस्थामा समय समयमा दाखिल गर्नुपर्ने रकम हाल सम्म पनि नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक लिखित एवं मौखिक तर-ताकेता गर्दा समेत सो रकम भुक्तानी नगर्नु भएकोले यो सूचना प्रकाशित भएको छ। यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र उल्लेखित रकम भुक्तानी गरी हिसाव फर फारक गर्न हुन सूचित गरिन्छ। सो भाखा भित्र उल्लेखित रकम बुझाउन नल्याएमा सहकारी ऐन २०७४ र संस्थाको नियमावली बमोजिम कानुनी कारवाही अघि बढाईने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको तिनपुस्ते	क्र.सं.	जमानीकर्ताको तिनपुस्ते
१	नाम :रसिला तामाङ्ग बाबु : गंगा बहादुर तामाङ्ग बाजे : धन बहादुर तामाङ्ग पति : सुब्बा दोर्जे तामाङ्ग ठेगाना : धुवाकोट १ धादिङ्ग हालको ठेगाना : का.जि. चन्द्रागिरी न.पा वडा नं १३	१	नाम : सुब्बा दोर्जे तामाङ्ग बाबु : फैसिंह तामाङ्ग बाजे : बाध सिंह तामाङ्ग ठेगाना : धुवाकोट १ धादिङ्ग हालको ठेगाना : का.जि. चन्द्रागिरी न.पा वडा नं १३
२	नाम : पुरुषोत्तम श्रेष्ठ बाबु : धिर्जलाल श्रेष्ठ बाजे : केदारलाल श्रेष्ठ हालको ठेगाना : का.जि. का.म. न.पा वडा नं १८ ,ईखापोखरी	२	नाम : सुवर्ण श्रेष्ठ बाबु : दामोदर लाल श्रेष्ठ ससुरा : धिर्ज लाल श्रेष्ठ पति : पुरुषोत्तम श्रेष्ठ हालको ठेगाना : का.जि. का.म. न.पा वडा नं १८, ईखापोखरी
३	नाम : सुवर्ण श्रेष्ठ बाबु : दामोदर लाल श्रेष्ठ ससुरा : धिर्ज लाल श्रेष्ठ पति : पुरुषोत्तम श्रेष्ठ हालको ठेगाना : का.जि. का.म. न.पा वडा नं १८, ईखापोखरी	३	नाम : पुरुषोत्तम श्रेष्ठ बाबु : धिर्जलाल श्रेष्ठ बाजे : केदारलाल श्रेष्ठ हालको ठेगाना : का.जि. का.म. न.पा वडा नं १८, ईखापोखरी

जमानीकर्ता (धितो दिने जमानीकर्ता समेतले उल्लेखित ऋण सावाँ व्याज एवं हर्जना रकम समेत उल्लेखित मिति भित्र ऋणीलाई बुझाउँन लगाई हिसाव फर फारक गराउनु होला। अन्यथा तपाईहरुको सम्पतीबाट समेत असूल उपर गर्ने कानुनी प्रक्रिया शुरु गरिने व्यहोरा समेत सूचित गरिन्छ।

PISCO
पायोनियर बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा. २२ न्युरोड, काठमाण्डौ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/११/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय पडसरी, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **२०८०/११/२२ गते/स्थान : शाखा कार्यालय पडसरी, रुपन्देही**
बोलपत्र खोलिने मिति/समय — **२०८०/११/२४ गते, बिहिबार दिनको ३ बजे**

क्र.सं.	ऋणीको नाम, ठेगाना	धितोको विवरण
१.	**नाम : गिता कडेल** ना.प्र.नं. ३७/२२३३०, जि.प्र.का. रुपन्देही जारी मिति : २०५९/१०/०१ पतिको नाम : प्रेम बहादुर नेपाली ससुराको नाम : कटक सार्की ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२	गिता कंडेलको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देही मा दर्ता श्रेष्ता कायम रहेका रुपन्देही, जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थित कित्ता नं. १०५ को क्षेत्रफल २३७.०२ व.मी. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत............।

जमानतकर्ताको विवरण

१. नाम : प्रेम बहादुर नेपाली	२. नाम : हरिलाल कंडेल
ना.प्र.नं. ५१३९९२४, जि.प्र.का. पर्वत	ना.प्र.न. २४७२/१४३७, जि.प्र.का. म्याग्दी
जारी मिति : २०६०/०३/०१, पर्वत	जारी मिति : २०४३/०९/२७
बाबुको नाम : कटक सार्की	बाबुको नाम : लक्ष्मीधर कंडेल
बाजेको नाम : जाने सार्की	बाजेको नाम : खडानन्द कंडेल
ठेगाना : पर्वत जिल्ला, तिलाहार गा.वि.स. वडा नं. २	ठेगाना : म्याग्दी जिल्ला, दरवाङ गा.वि.स. वडा नं. ९
हाल : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२	हाल : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : पडसरी, रुपन्देही, फोन नं. ०७१-४२९५०३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

आइसिसी विश्वकप लिग-२

नामिबियाको हारसँगै नेपाल शीर्ष स्थानमा

नेपाल, नामिबिया र नेदरल्यान्ड्सले दुई खेलमा समान एक जित र हार निकालेका छन्, रनरेटमा नेपाल शीर्ष स्थानमा उक्लेको हो

नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ मा नामिबिया सोमबार त्रिवि क्रिकेट मैदानमा नेदरल्यान्ड्ससँग सात विकेटले पराजित भएको छ। नामिबियाको हारसँगै नेपाल अंक तालिकाको शीर्ष स्थानमा उक्लेको छ। दोस्रो संस्करणको लिग-२ को पहिलो शृंखलामा नेपाल, नामिबिया र नेदरल्यान्ड्सले समान दुई खेल खेल्दै दुई नै अंक जोडेका छन्। सहभागी सबै टोलीले एक हार र जित निकालेका छन्। रनरेटमा नेपाल शीर्ष स्थानमा रहेको हो। नामिबिया दोस्रो स्थानमा छ। नेपालले नामिबियासँग पहिलो खेलमा पराजित भएको थियो। दोस्रो खेलमा सन् २०२३ को एकदिवसीय विश्वकप खेलेको राष्ट्र नेदरल्यान्ड्समाथि सानदार जित निकाल्यो। सानदार जितसँगै नेपालले रनरेटमा सुधार गरेको थियो। नेपालले बुधबार नेदरल्यान्ड्सको सामना गर्नेछ।

नामिबिया एक सय २३ रनमा समेटियो

नेदरल्यान्ड्सका बलर आर्यन दत्तले करिअरकै उत्कृष्ट बलिङ स्पेल गर्दा पहिलो ब्याटिङ गरेको नामिबियाको बलियो ब्याटिङ कमजोर भयो। नामिबियाले ३५.१ ओभरमा सबै विकेट गुमाएर एक सय २३ रनको न्यून योगफल खडा गऱ्यो। आर्यनले नौ ओभरमा ३४ रन खर्चेर ६ विकेट लिए। उनले ३.७७ रनरेटमा बलिङ गरेका थिए। सहज लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले २७.२ ओभरमा तीन विकेटको क्षतिमा एक सय २४ रन जोड्दै लिगमा पहिलो जित निकाल्यो। नेदरल्यान्ड्सको जितमा ओपनर माइकल लेभिटले सर्वाधिक ५७ रनको योगदान दिए।

उनले पहिलो विकेटका लागि म्याक्स ओ डवाडसँग १५.४ ओभरमा ७८ रनको साझेदारी गरेका थिए। दोस्रो ओपनर म्याक्सले इरास्मुसको ओभरमा विकेट गुमाए। म्याक्सले ४२ बलमा समान दुई चौका र छक्का प्रहार गरी २८ रन जोडे। तेस्रो क्रममा ब्याटिङ गरेको सब्रान्ड इन्गेब्रेचले १४ बलमा ६ रन जोडे। त्यसपछि माइकलले बास डे लिडसँग तेस्रो विकेटका लागि १७ रन जोड्दै टोलीलाई जिततर्फ अग्रसर गराए। इनिङ्सको २३.४ ओभरमा माइकल आउट भए। उनी फ्रेलिंकबाट क्याचआउट भएका थिए।

उनले ८१ बलमा आठ चौका र दुई छक्का प्रहार गरे। अन्तिमसम्म नटआउट रहेका बास डेले २० बलमा दुई छक्का र एक चौका प्रहार गरी २१ रन बनाए। बलिङमा नामिबियाका ग्रेहार्ड इरास्मुसले सात ओभरमा २३ रन खर्चेर तीन विकेट लिए। उनले नेपालविरुद्ध पनि घातक बलिङ गरेका थिए।

दत्तको घातक बलिङ

नेदरल्यान्ड्सका दायाँहाते बलर दत्तले नामिबियाविरुद्ध करिअरकै उत्कृष्ट बलिङ गर्न सफल रहे। उनको कसिलो बलिङसामु नामिबियाका कुनै पनि खेलाडीले गतिलो स्ट्रोक लगाउन सकेनन्। दत्तले ३६ एकदिवसीय खेलमा अहिलेसम्म ३६ विकेट लिएका छन्। करिअरमा उनले एकपटक मात्र पाँच विकेट प्रदर्शन नामिबियाविरुद्ध नै रह्यो। नेपालविरुद्धको खेलमा उनी विकेटविहीन रहे। उनले नेपालसँगको खेलमा ४४ रन खर्चेका थिए। नामिबियाको पहिलो विकेट नै उनले लिएका थिए।

दत्तले नामिबियाका ओपनर कोट्जेलाई पाँच रनमा बोल्ड गरे। कोट्जेले ३० बलको सामना गरेका थिए। दत्तले नामिबियाका माइकल भान लिंगेनलाई चार रनमा, जान फ्रेलिंकलाई शून्य रनमा, जान निकोललाई शून्य रनमा र जाने ग्रिनलाई १९ रनमा पेभेलियन फर्काए। सो इनिङ्समा नामिबियाका तीन खेलाडीले रन नै बनाएनन्। नामिबियाका लागि रुवेन ट्रम्पेल्मानले २० रनको योगदान दिए। उनले ३९ बलमा २० रन बनाए। मध्यक्रममा जे स्मिटले ४६ बलमा एक चौका र दुई छक्काको सहयोगमा सर्वाधिक २६ रन जोडे। जान, रुवेन र ब्रेनाल्ड स्कोल्टजबीचको साझेदारीकै कारण नामिबियाले नेदरल्यान्ड्सविरुद्ध सय रनको योगफल कटाउन सफल भएको हो।

ब्रेनार्डले २२ बलमा दुई चौकाको सहयोगमा १२ रन जोडे। नेदरल्यान्ड्सले ११ अतिरिक्त रन दिएको थियो। नामिबियाले शीर्ष पाँच विकेट गुमाउँदा १२.२ ओभरमा ४४ रन बनाएको थियो। बलिङमा केयल क्लिनले ५.१ ओभरमा २१ रन खर्चेर दुई विकेट लिए। भान डेर मेर्वे र म्याक्सले समान एक विकेट हात पारे।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
नेपाल	२	१	१	२	०.९२
नामिबिया	२	१	१	२	-०.२२
नेदरल्यान्ड्स	२	१	१	२	-०.६६



नामिबियाविरुद्ध ५० रन पूरा गरेपछि नेदरल्यान्ड्सका ओपनर माइकल लेभिट



फाइल तस्बिर

भारतमा नेपालले टी-२० सिरिज खेल्ने

नेपाली क्रिकेट टोलीले भारतको स्टेट टोलीविरुद्ध त्रिकोणात्मक टी-२० क्रिकेट प्रतियोगिता खेल्ने भएको छ। भारतको दुई घरेलु टोली गुजरात र बरोडासँग नेपालले त्रिकोणात्मक टी-२० सिरिज खेल्न लागेको नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ। गुजरात क्रिकेट एसोसिएसन र बरोडा क्रिकेट एसोसिएसनले फ्रेन्ड कप त्रिकोणात्मक टि-२० सिरिजमा नेपाललाई खेलाउने भएका हुन्।

१७ चैत्रदेखि सुरु हुने त्रिकोणात्मक सिरिज राउन्ड रोविनको आधारमा हुनेछ। क्यानले नेपालको सिनियर टोलीसँगै स्टेट लेभल (रणजी खेल्ने) गुजरात र बरोडाको पहिलो रोजाइको टोली हुने जनाएको छ। यो सिरिजलाई नेपालले जुनमा वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रुपमा आयोजना गर्ने आइसिसी टी-२० पुरुष विश्वकप अघिको तयारीको रूपमा रहेको क्यानले जनाएको छ।

नेपालले १८ चैतमा मा गुजरातसँग खेल्नेछ। नेपाल टी-२० विश्वकपको समूह 'डी' मा छ। नेपालको समूहमा दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्यान्ड्स रहेका छन्।

खेल संक्षेप

बौद्धको सहज जित

काठमाडौं/ बौद्ध चिल्ड्रेन हेभनले द चाँदवाग स्कुल दोस्रो कम्फेस्टअन्तर्गत यू-१२ पुरुष बास्केटबलमा सोमबार काष्ठमण्डपलाई १८-८ ले पराजित गऱ्यो। अर्को खेलमा जेभियर इन्टरनेसनलले निसर्ग वाटिकालाई ७-४ ले हरायो। गुह्येश्वरीले ज्ञानोदयमाथि ७-२ को जित निकाल्यो। प्यारागनले मनास्लुलाई २७-६ ले निराश पारेको छ। आयोजक चाँदवागले बुढानीलकण्ठलाई १०-३ ले हरायो। यसैगरी, यू-१२ महिला बास्केटबलमा बौद्धले चेल्सीलाई ११-८ ले हरायो। निसर्गले चाँदवाग 'बी'लाई ५-२ ले निराश पारेको छ। रिब्सले लिटिल वन्डरलाई १५-२ र चाँदवाग 'ए'ले ज्ञानोदयलाई ६-२ ले पाखा लगाए।

ग्रिनल्यान्ड फाइनलमा

काठमाडौं/ फेरिल्यान्ड र ग्रिनल्यान्ड प्रथम किडडम हिमालयन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा सोमबार फाइनलमा प्रवेश गरेका छन्। फेरिल्यान्डले आयोजक किडडम हिमालयनलाई २०-१८ ले पराजित गऱ्यो। ग्रिनल्यान्डले पिपुल्स एकेडेमीलाई २२-४ ले सहजै हरायो। सिनियर पुरुषमा इडेन ब्रिज एकेडेमी (इबिए)ले प्राज्ञलीलाई ३९-३३ तथा विल्सन एकेडेमीले जेनिथलाई ५५-३९ ले पाखा लगाउदै उपाधि भिडन्त पक्का गरे। जुनियर पुरुषमा भ्याली पब्लिकले सेबलाई २५-१६ ले हरायो। हिमरश्मिले स्काई लार्कलाई १९-१६ ले पन्छाउँदै फाइनल यात्रा तय गरेको छ।

मिलनले अर्किडलाई हरायो

काठमाडौं/ मिलन धर्मस्थली आठौं अर्किड कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। मिलन धर्मस्थलीले आयोजक अर्किड 'बी'लाई टाइब्रेकरमा ४-३ ले पराजित गऱ्यो। निर्धारित समयको खेल ३-३ को बराबरी भएको थियो। कौटिल्यले निर्मल ज्योतिलाई टाइब्रेकरमा ५-३ ले हराउँदै अन्तिम आठको पक्का गरेको छ। गेटवे एकेडेमीले अर्किड 'ए'लाई ३-० ले पाखा लगायो। एपेक्स लाइफले एम्सलाई २-१ ले पन्छायो।

सैनिक आवासीय विजयी

धनगढी/ धनगढी रंगशालामा कलेज अफ मेनेजमेन्ट धनगढी कप फुटबल प्रतियोगिताअन्तर्गत सोमबार सैनिक आवासीय महाविद्यालय अत्तरिया र सुदूरपश्चिमाञ्चल एकेडेमी (एसपिए) विजयी भएका छन्। सैनिकले क्रिसेन्ट सिटी स्कुललाई पेनाल्टीमा ५-४ ले हराएको छ। अर्को खेलमा पञ्चोदय माविमाथि एसपिएले १-० को जित निकाल्यो। एसपिएका सन्दीप सिंहले पहिलो हाफमा एक मात्र गोल गरेका थिए। लिटल फ्लावर स्पोर्ट क्लबले आयोजनामा भइरहेको प्रतियोगिताको विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ पाउनेछन्।

मनास्लुद्वारा एरिका सम्मानित

काठमाडौं/ मनास्लु वर्ल्ड कलेजले १९औं एसियाली खेलकुदको करौंतेमा रजत पदक दिलाएकी एरिका गुरुङलाई सम्मान गरेको छ। मनास्लुले एरिकासहित विभिन्न क्षेत्रका पाँच व्यक्तित्वलाई पनि सम्मान गरेको छ। एरिकाले चीनको हाङझावमा भएको एसियाली खेलकुदमा रजत पदक जितेकी थिइन्। यसअघि तेक्वान्दोकी सविता राजभण्डारीले १९९८ को बैंकक एसियाड तथा पाराग्लाइडिङको पुरुष टिम क्रसकन्ट्रीमा विमल गुरुङ, विजय गौतम, सुशील गुरुङ, युकेश गुरुङ र विशाल थापाले २०१८ को इन्डोनेसियामा भएको एसियाली खेलकुदमा रजत जितेका थिए।

गोपी लन्डन म्याराथनमा दौडने

काठमाडौं/ नवौं नेपालगन्ज म्याराथनका विजेता गोपीचन्द्र पार्की लन्डन म्याराथनमा दौडने भएका छन्। नेपालगन्ज म्याराथनले सोमबार गोपीको सहभागिताको सम्बन्धमा निश्चित भएको जानकारी दिएको छ। गोपीले आफ्ना लागि नेपालगन्ज म्याराथन सधैं लक्की रहँदै आएको बताएका छन्। 'पहिलोपटक विजेता बन्दा ओलम्पिकका लागि छनोट हुने भनिएको थियो। यसपटक लन्डन म्याराथन खेल्ने मौका मिलेको छ,' उनले भने, 'नेपालगन्ज म्याराथनको रुट नेपालकै सबैभन्दा राम्रोमा पर्दछ। लन्डन म्याराथनमा राम्रो नतिजाका लागि प्रयास गर्नेछु।'

९ मंसिरमा भएको नवौं नेपालगन्ज म्याराथन दुई घन्टा २१ मिनेट ३८ सेकेन्डका गोपीले उपाधि जितेका थिए। नेपालगन्ज म्याराथनका दुईपटकका विजेता गोपी १३औं दक्षिण एसियाली खेलकुद (साग)का स्वर्ण पदक विजेता हुन्। सन् २०१९ मा स्वदेशमा भएको १३ औं सागमा उनले पाँच हजार मिटर दौडमा स्वर्ण पदक जितेका थिए। लन्डन म्याराथन २१ अप्रिलमा हुनेछ। गोपीको लन्डन म्याराथनका लागि नेपाल युके रनले व्यवस्थापन गरेको छ।

युके रनका प्रतिनिधि सन्तोष राईले भविष्यमा पनि नेपालगन्ज म्याराथन र हाफ म्याराथनका विजेतालाई पनि लन्डन म्याराथनमा सहभागिता गराउन प्रयास गरिने बताएका छन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सचिव टंकलाल घिसिङले नेपालगन्ज, पोखरा र काठमाडौं म्याराथनलाई महत्त्वका साथ हेरेको बताएका छन्। 'सिटी म्याराथनमा खासमा स्थानीय निकायकै भूमिका हुन्छ,' उनले भने, 'त्यसमा राखेपको पनि साथ रहँदै आएको छ।'

राष्ट्रिय टिम तयारी निर्देशक दीपक विष्टले लामो तयारीपछि सफल प्राप्त गर्न सकिने र त्यसमा परिषद्को पनि भूमिका रहनुपर्नेमा जोड दिएका थिए। नेपालगन्ज म्याराथनका संस्थापक अध्यक्ष टिएस ठकुरीले नेपाली खेलाडीलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने योजनामा साथ दिएकोमा युके रनलाई धन्यवाद दिए।

मधेशले जित्यो यू-१६ क्रिकेट उपाधि



मनमोहन मेमोरियल कप यू-१६ क्रिकेटको उपाधिका साथमा मधेशका खेलाडी

कास्कीमा **रोहितराज पराजुली**

मधेशले मनमोहन मेमोरियल कप यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि हात पारेको छ। मनमोहन मेमोरियल क्रिकेट एकेडेमीको आयोजनामा सोमबार पोखरा रंगशालास्थित क्रिकेट मैदानमा सुदूरपश्चिमलाई पाँच विकेटले पराजित गर्दै मधेशले उपाधि जितेको हो। पहिलो ब्याटिङ रोजेको सुदूरपश्चिम २०.२ ओभरमा सबै विकेट गुमाएर ८६ रनको झिनो योगफल खडा गरेको थियो। मधेशले २०.१ ओभरमा पाँच विकेट गुमाउँदै ८८ रन जोड्दै लक्ष्य पूरा गरेको थियो। यसअघि लिग चरणमा मधेश समूह 'बी'को विजेता र सुदूरपश्चिम समूह 'बी'कै उपविजेता हुँदै सेमिफाइनलमा प्रवेश गरेका थिए।

सेमिफाइनलमा सुदूरपश्चिमले गण्डकीलाई हराएको थियो। र मधेशले बागमतीलाई निराश पारी अन्तिम दुईमा स्थान बनाएको थियो। लिग चरणमा मधेशले सुदूरपश्चिमलाई ११ रनले पराजित गरेको थियो। सुदूरपश्चिमको ब्याटिङमा ओपनर विशाल विष्टले ४३ बलमा दुई चौकाको सहयोगमा सर्वाधिक २४ रन जोडेका थिए।

निरञ्जन गौतमले २१ बलमा एक चौकासहित १८ रन बटुले। अर्का ओपनर सचिन साउदले १३ बलमा १४ रन बनाउन तीन चौका प्रहार गरे। सुदूरपश्चिमका अन्य खेलाडीले दाहोरो रन जोड्न सकेनन्।

मधेशका लागि परिमर्जन यादवले नटआउट रहँदै ३० रन जोडे। उनले ३२ बलमा पाँच चौका प्रहार गरेका थिए। एमडी अर्मानले ४७ बलमा एक चौकासहित २० रन र अर्का ओपनर प्रियान्सु कर्णले १३ बलमा तीन चौकासहित १३ रन जोडेका थिए। फाइनल खेलमा मधेशका धीरेन्द्र पासवानले पाँच ओभरमा १७ रन खर्चेर चार विकेट लिए। रोहन यादवले तीन विकेट हात पारे। सुदूरपश्चिमका डम्बर माझीले पाँच ओभरमा ३२ रन खर्चेर दुई विकेट हात पारेका थिए।

चन्दन उत्कृष्ट खेलाडी

प्रतियोगितामा मधेशका चन्दन राम उत्कृष्ट खेलाडी भए। उनले ब्याटिङमा ८३ रन रन बलिङमा १० विकेट हात पारे। मधेशका राहुल हग अन्सारी उत्कृष्ट ब्याट्समयान घोषित भएका छन्। उनले फाइनलसम्मको यात्रामा एक सय ५२ रन जोडेका थिए। सुदूरपश्चिमका डम्बर माझी उत्कृष्ट बलर भए। उनले समग्रमा १४ विकेट हात पारे। लिग कम नकआउटका आधारमा सञ्चालन गरिएको प्रतियोगितामा सात प्रदेश र आयोजक मनमोहनको एक गरी आठ टोली सहभागी थिए। प्रतियोगिताको विजेताले एक लाख र उपविजेता ५० हजार रुपैयाँ पाए। विद्यागत उत्कृष्ट हुने खेलाडीले खेल सामग्रीसँगै नगद पुरस्कार पाएको आयोजकले जनाएको छ।

पिस प्वाइन्ट क्वार्टरफाइनलमा



काठमाडौं/ पिस प्वाइन्ट १२औं लोयल्टी कप यू-१३ अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। पिस प्वाइन्टले दोहोरो जित निकाल्दै अन्तिम आठको स्थान पक्का गरेको हो। पिस प्वाइन्टले पहिलो खेलमा आयोजक लोयल्टी एकेडेमी 'ए'लाई ५-० ले हरायो। पिस प्वाइन्टका हिमाल थिङले सर्वाधिक चार गोल गरेका थिए। अर्को खेलमा पिस प्वाइन्टले इस्टपोललाई ६-१ ले हरायो। पिस प्वाइन्टका दिवस रोका र हिमाल थिङले ह्याट्रिक गरे।

अर्को खेलमा काष्ठमण्डपले नेक्ससलाई ३-० ले पाखा लगायो। काष्ठमण्डपका सुप्रिम बोहरा, सदिन प्रसाईं र ब्रह्म बस्यालले समान एक गोल गरे। इस्टपोलले लोयल्टी 'बी' माथि ७-० को सहज जित दर्ता गऱ्यो। इस्टपोलका रोनिश दाहालले चार गोल गरेका थिए। ब्रह्मकुञ्जले नेक्ससलाई २-० ले पन्छायो। ब्रह्मकुञ्जका एलेक्स कुँवर र सफल पन्तले समान एक गोल गरे। अर्को खेलमा ब्रह्मकुञ्जले काष्ठमण्डपसँग गोलरहित बराबरी खेल्यो।

Corporate Tower तु. बिक्रीमा

महालक्ष्मीस्थान, सातदोबाटो रिङरोडमा २२ आना जग्गामध्ये १५ आनामा बनेको ५० हजार स्क्वायरफिटको अत्याधुनिक Corporate भवन तुरुन्त बिक्रीमा छ।

भवनका विशेषताहरू :

- रिङरोड र भित्रीरोड टच भएको
- लिफ्ट भएको
- अन्डरग्राउण्ड पार्किङ
- होटल रुमहरू र रेस्टुरेन्ट बनेर अन्तिम चरणमा पुगेको (केही रकम खर्च गरेमा तुरुन्ते सञ्चालनमा ल्याउन सकिने)
- एक तल्ला भाडामा लागेको र अझै तीन तल्ला भाडामा लाग्न बाँकी
- मूल्य रु. ६० करोड (तुरुन्त किन्नेलाई विशेष छुट)

सम्पर्क : ५७०४८३३२७५

पुनश्चः सानो विजनेश प्रोपर्टीसँग साटफेर गर्न सकिने।

मच्छिन्द्र बागमती गोल्डकपको फाइनलमा

मकवानपुरमा **पोष्टराज अधिकारी**

मच्छिन्द्र फुटबल क्लबले सोमबार छैटौं बागमती गोल्डकप फुटबल प्रतियोगिताको फाइनल स्थान पक्का गरेको छ। मच्छिन्द्रले गत साता मकवानपुर गोल्डकपको उपविजेता टोली न्युरोड टिम (एनआरटी) माथि ५-१ को फराकिलो जित निकाली अन्तिम दुई स्थान पक्का गरेको हो। जनता माबि खेल मैदानमा एनआरटीका खेलाडीबीच तालमेल नमिल्दा मच्छिन्द्रले दुवै हाफमा फाइदा लिएको थियो। एनआरटीले प्राप्त मौका गोल गर्न सकेन। मच्छिन्द्रका हिसुब थपलिया र विदेशी खेलाडी स्टेफेन समिरले समान दुई गोल गरेका थिए। विमल घर्तीमगरले एक गोल गरे। उत्कृष्ट लयमा देखिएको मच्छिन्द्रले पहिलो हाफमा तीन र दोस्रो हाफमा दुई गोल गरेको थियो।

क्वार्टरफाइनलमा एनआरटीले सिमराको नव जनजागृति युवा क्लबलाई हराएको थियो। मच्छिन्द्रले जावलाखेल युथ क्बललाई निराश पारेको थियो। मच्छिन्द्रले एनआरटीमाथि दबाब राखेको थियो। खेलको नवौं मिनेटमा हिसुबले मच्छिन्द्रलाई १-० को अग्रता दिलाए। खेलको १३औं मिनेटमा स्टेफेनले मच्छिन्द्रलाई २-० को स्थितिमा राखे। चार मिनेटको अन्तरमा दुई गोल व्यहोरेपछि एनआरटी सम्हालिन सकेन। स्टेफेनले व्यक्तिगत दोस्रो गोल गर्दा मच्छिन्द्र ३-० को बलियो स्थितिमा पुग्यो।

एनआरटीको एक गोल

दोस्रो हाफमा मच्छिन्द्रले खेलमा थप सुधार गरेको थियो। एनआरटीले पनि बिस्तारै खेलमा सुधार गर्दै मच्छिन्द्रको पोस्टमा चार्ज गरेको थियो। तर, फिनिसिङ लाइन बलियो भएको मच्छिन्द्रले गोल अवसर चुकाएन। खेलको



५९औं मिनेटमा हिसुबले व्यक्तिगत दोस्रो गोल गर्दै मच्छिन्द्रलाई ४-० को अग्रता दिलाए। खेलको ६०औं मिनेटमा एनआरटीका विदेशी खेलाडी सेबेले एक गोल फर्काए। सेबेको गोलसँगै एनआरटी खेलमा फर्कने सम्भावना देखाएको थियो। तर, यसबाहेक अन्य समयमा एनआरटीका खेलाडीले मच्छिन्द्रको डिफेन्स तोड्न सकेन। खेलको ९१औं मिनेटमा विमलले मच्छिन्द्रको जित ५-१ ले पक्का पारे।

Goverment of Nepal

District Hospital Taplejung

Phungling, Taplejung

Invitation for Online Bids

First Date of publication: - 2080/11/08 (20th –Feb. 2024)

1. District Hospital Taplejung, Phungling, Taplejung invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelope procedure.

S. N.	Description of Works	Contract Identification No.	Estimate Amount NRs(With VAT, PS & Contingency	Bid Security (NRs)	Bid Document Fee	Bid Submission Date	Bid Opening Date	Bid Validity Period
1	Construction of walls around the hospital premises, Part II	NCB/Works/ Walls/DHT/02/ 2080/081	45,99,155.96	1,30,000.00	3,000.00	2080/11/23 06th Mar. 2024 Noon 12:00	2080/11/23 06th Mar. 2024 Noon 13:00	90 Days

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of District Hospital Taplejung, Phungling, Taplejung, Facsimile no: 9852660188, 9841710119 or may visit PPMO website www.bolpatra.gov.np/egp.

Act. Medical Superintendent

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com